# परिच्छेद-एक
# शोध परिचय

## १.१. पृष्ठभूमि

नेपाललाई भौगोलिक क्षेत्रफलको आधारमा भन्दापनि यहाँ वसोवास गर्ने विभिन्न जातजाति भाषा धर्म र सँस्कृतिसँग सम्वन्धित सम्प्रदाय अनुरूप यहाँका साँस्कृतिक गतिविधिहरूले विश्वसामु चिनाउन सफल भएको छन् । यहाँ हरेक जिल्लाभित्रका स्थानीय तहका वडाहरूमा पनि आ आफ्नो धार्मिक संस्था र स्थलहरू छन् । त्यसै क्रममा नेपालको राजधानी काठमाडौंलाई त झन मन्दिर मन्दिरको शहर भनेर चिनिन्छ । भनिन्छ यहाँ घरभन्दा धेरै मन्दिर र मानिसभन्दा धेरै देवीदेवता छन् "krikpatrick has rightly remarked that the valley consists of as many temples as there are houses and of as many idols as there are man"(रेग्मी,१९६०,पृ.४६) ।

नेपाललाई चार वर्ण छत्तीस जातको साझा फूलवारी भनेर चिनिन्छ । यहाँ वसोवास गर्ने विभिन्न जातजाति भाषा धर्म र धर्मालम्वीहरूको आ आफ्नो धार्मिक साँस्कृतिक सम्प्रदायहरू छन् । प्राचीनकालदेखि नै यहाँ रहेका धार्मिक सम्प्रदायको अध्ययन अनुसन्धान गर्ने मुख्य स्रोत भनेको इस्वीको पाँचौ शताव्दीदेखिका पाइएका विभिन्न अभिलेखीय प्रमाणहरूलाई आधारमानी अध्ययन अनुसन्धान गर्दा तत्कालीन समयमा पनि शैवर्धम, वैष्णव धर्मसँग सम्वन्धित अभिलेखहरू प्राप्त गरिएको छ । शैव सम्प्रदायसँग सम्वन्धित अभिलेखसहितका शिवलिङ्गहरू स्थापना गरिएका विवरण पाइएका छन् ।

कुनैपनि देश तथा जातजातिको जीवनमा त्यस ठाउँको लोकसाहित्य, इतिहास र संस्कृतिको स्थान अत्याधिक महत्वपूर्ण रहेको हुन्छ । तिनै इतिहास र संस्कृतिको महत्वलाई मध्यनजर राख्दै काठमाडौं उपत्यकाको उत्तरपूर्व भेकमा पर्ने कागेश्वरी मनोहरा नगरपालिकास्थित गागलफेदी एकमा अवस्थित कागेश्वरी मन्दिरलाई पनि एक महत्वपूर्ण धार्मिकस्थल मानिन्छ । जुन काठमाडौं उपत्यकाबाट सवैभन्दा नजिकको दुरीमा रहेको शिवपुरी नागार्जुन राष्टिय निकुञ्जभित्र पर्दछ । त्यसै क्षेत्रलाई अध्ययनको केन्द्र बनाई त्यहाँ भएको शिवलिङ्गको ऐतिहासिक तथा साँस्कृतिक पक्षको वारेमा विश्लेषण गरिएका हो । अनुसन्धानस्थलको पूर्व सर्वेक्षण (पाइलट सर्वे) गरी कागेश्वरी मन्दिरको उत्पत्तिका साथै अन्य विविध पक्षको उजागर गर्ने उद्देश्यले यो अध्ययन सम्पन्न गरिएको छ ।

## १.२. समस्याको कथन

नेपाल उपत्यकाभित्र वर्णन परेको ज्योर्तिलिङ्ग शिवलिङ्गहरूमा चौसठ्ठी शिवलिङ्गको वारेमा विभिन्न पुस्तक तथा लेखहरूमा वर्णन पाइन्छ । चौसठ्ठी शिवलिङ्गमध्ये कागेश्वरी शिवलिङ्ग पनि एक हो । यसै शिवलिङ्गसँग सम्वन्धित पौराणिक कथाहरूले कुनै समयमा उत्खननपछि कागेश्वरी शिवलिङ्ग प्राप्त भएको भन्ने चर्चा गरेका छन् (अन्तर्वार्ताः कुमार खड्का, २०७८, श्रावण, ३१)। आजसम्म काकेश्वरी

शिवलिङ्गको विषयमा अध्ययन अनुसन्धानतर्फ कुनै पनि निकायको ध्यानार्कषण हुन सकेको छैन । यो सन्दर्भले यस देवस्थलका विषयमा थप अध्ययन र खोजको पुष्टि गरेको छ । अतः प्रस्तुत अध्ययनमा कागेश्वरी देवस्थललाई छनोट गरिएको हो । नेपालमा आजभन्दा सात दशक अघिबाट अध्ययन अनुसन्धानको कार्यहरू हुदैआए तापनि यस कागेश्वरी मनोहरा नगरपालिकामा स्थित काकेश्वरी मन्दिरका वारेमा उतिधेरै खोज तथा अनुसन्धान भएको पाइदैन । यो यस क्षेत्रका अनुसन्धानका समस्या हुन् । समग्रमा प्रस्तुत अध्ययनका तपसिलका समस्या पहिचान गरिएको छ ।

क) काकेश्वरी मन्दिर क्षेत्रका मूर्त साँस्कृतिक सम्पदाकेके हुन् ?

ख) काकेश्वरी मन्दिर क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित पक्षहरू केके हुन् ?

ग) काकेश्वरी मन्दिर क्षेत्रकासाँस्कृतिक सम्पदा व्यवस्थापनको अवस्था कस्तो छ ?व्यवस्थापनका उपाय केके हुन् सक्दछन् ?

## १.३. अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धान काकेश्वरी शिवलिङ्ग मन्दिरको ऐतिहासिक तथा धार्मिक पक्षको विश्लेषण गर्ने उद्देश्यले सम्पन्न गरिएको हो । यस क्रममा कागेश्वरी मनोहरा नगरपालिकाको परिचय, शैवधर्मको उत्पत्ति र विकास जस्ता पक्षको पनि समीक्षा भएको छ । उक्त यस शोधका सामान्य उद्देश्यभित्र समेटिने विषय हुन् । यस अध्ययनका विशिष्ट उद्देश्य भने निम्न छन्:

क) काकेश्वरी मन्दिरक्षेत्रका मूर्त साँस्कृतिक सम्पदाका बारेमा खोज तथा अध्ययन गर्नु ।
ख) काकेश्वरी मन्दिर क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित विविध पक्षको अन्वेषण गर्नु ।
ग) काकेश्वरी मन्दिर क्षेत्रका साँस्कृतिक सम्पदाहरुको व्यवस्थापनको अवस्था पहिचान गरी त्यसका उपायहरू शोधखोज गर्नु ।

## १.४ अध्ययनको महत्व तथा औचित्य

नेपालको सन्दर्भमा मठ मन्दिर, गुम्वा विहार, स्तुप जस्ता मूर्त र अमूर्त संस्कृति, धर्म र धार्मिक साँस्कृतिक आस्थाका केन्द्रविन्दु हुन् । आआफ्नो जातजातीका पहिचान धार्मिक आस्था विश्वास स्थानीय देवीदेवताको पूजा उपाषना प्रचलित परम्परा आदि साँस्कृतिक आयामहरू हुन् । यस्ता धार्मिकस्थलहरूको उत्पति, ऐतिहासिकता र साँस्कृतिक पक्षहरूको विषयमा अध्ययन र अनुसन्धान गरिदा त्यस समुदायको सम्पूर्ण विषयमा जानकारी प्राप्त गर्न सकिने हुँदा ठूलो महत्व रहेको छ ।


यस अध्ययनले काकेश्वरी मन्दिरको उत्पत्ति र इतिहास, मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदा, धार्मिक अनुष्ठान तथा पूजाविधिसँग सम्बन्धित विविध पक्षको शोधखोज गरेको छ । त्यसैले कागेश्वरी

मन्दिरको अध्ययनवाट पनि त्यहाँ बसोवास गर्ने समुदायको र तिनको धार्मिक र साँस्कृतिक आस्था र विश्वासको जानकारी प्राप्त गरिएको हुँदा यसको महत्व रहेको छ ।

## १.५.अध्ययनको अवधारणागत कार्यस्वरूप

यस अध्ययनले काकेश्वरी मन्दिरको उत्पत्ति र इतिहास, मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदा, धार्मिक अनुष्ठान तथा पूजाविधिसँग सम्बन्धित विविध पक्ष एवम् संरक्षण तथा संवर्द्धनको अवस्था पहिचान गरी त्यसका उपायहरू शोधखोज गरेको छ । अतः उक्त पक्षको विश्लेषण गर्नु नै प्रस्तुत शोधको विशिष्ट उद्देश्य हो । माथि उल्लिखित विशिष्ट उद्देश्य प्राप्ति गर्न तलको अवधारणागत कार्यस्वरूप प्रयोग गरिएको छः

**अवधारणागत कार्यस्वरूप**



## १.६ पूर्वकार्य समीक्षा

नेपालमा २००७ सालको प्रजातन्त्र स्थापनाभन्दा अघि विदेशी विद्वान् एवम् अनुसन्धानकर्ताहरूका लागि सहज अवस्था थिएन । राणाशासन विरोधी गतिविधिहरू सञ्चालन हुनसक्ने त्रासले विदेशीहरूलाई आउन रोक लगाएको थियो । वि.सं २००७ मा प्रजातन्त्रको स्थापना भयो । त्यसपछि भने समाज र संस्कृतिसँग सम्बन्धित सामाजिक क्रियाकलाप कला, वास्तुकला, धर्म, संस्कृति, प्रथा परम्परासँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने कार्य निकै अघि वढेको पाइन्छ । तत् पश्चात विभिन्न विद्वान्हरूले आ-आफ्नो विधामा कलम चलाउनु प्रारभ्म गरेका छन् । उनै विद्वान्हरूका ग्रन्थ तथा पुस्तकहरू समीक्षा गरी काकेश्वर महादेवस्थलको साँस्कृतिकअध्ययनशीर्षकमा यो शोध सम्पन्न गरिएको हो ।

जगदीशचन्द्र रेग्मी (२०२६) ले लामो अध्ययन अनुसन्धानपछि प्रकाशनमा ल्याएको *लिच्छवि संस्कृति* शीर्षकको ग्रन्थ यस सन्दर्भमा निकै उपयोगी सामग्री मानिएको छ । ४९३ पृष्ठको तयार पारिएको यो ग्रन्थमा पूर्व अध्ययन इतिहास, परिशिष्ट, शीर्षकमा पाँचवटा खण्ड छन् । यस ग्रन्थमा नेपालको ऐतिहासिक भूगोल, नेपालको राजनितिक इतिहास, सांस्कृतिक इतिहास, नेपालको जातीय स्थिति, लिच्छवि साहित्य, लिच्छविकालका शिलालेखका पदावली, लिच्छविकालीन धार्मिक परिस्थिति, कला जस्ता विषयमा विश्लेषण परेको छ । अनुसन्धानकर्ताले प्रस्तुत पुस्तकमाशैवधर्म र यससँग जोडिएको शिवलिङ्कको चर्चा गरेका छन् । काकेश्वर महादेवको बारेमा भने छुट्टै विश्लेषण पाइदैन । तापनि यस ग्रन्थले शैवधर्मको ऐतिहासिक विकासक्रमको अध्ययनका लागि महत्वपूर्ण सहयोग पुऱ्याएको छ । यस ग्रन्थको पृष्ठ नं. २५३ देखि पृष्ठ नं. ३२२ सम्म परेको लिच्छविकालीन धार्मिक परिस्थितिको वर्णनका मद्दतबाट शैवधर्मको ऐतिहासिक विकासक्रमका बारेमा चर्चा गरिएको हो । त्यसैगरी लिच्छविकालीन अभिलेखबाट थाहा भएका अभिलेखहरूको सूची, शैव मन्दिरको सूची, शैव अभिलेखको सूचीलाई समेत स्पष्ट पार्न सकिन्छ ।

पुरातत्व विभाग (श्रावण २०२७) को *प्राचीन नेपाल* अनुसन्धानमा आधारित पत्रिका पुरातत्व विभागको मुखपत्र हो । यसको सङ्ख्या १२, मा नेपाल देशको इतिहास सङ्ग्रह शीर्षकको पृष्ठ नं. ५,६,७ मा चतुःषष्ठि लिङ्ग र तीर्थहरू उपशीर्षकमा श्री पशुपतिनाथका तीन प्रदक्षिणा पद्धतिका विषयमा चर्चा छ । उक्त लेखमा यी आवरण भइरहेका चतुःषष्ठि लिङ्ग र तिनका तीर्थहरूको नाम र स्थानहरू भनि चौसट्ठी शिवलिङ्गहरूको नाम तीर्थहरू कहाँ-कहाँ छन् भन्ने ठाँउसहित वर्णन गरिएको छ । जसमा तीसौं नम्बरमा काकेश्वरको नाम र आकाशगङ्गातीर्थ, गागल कागेश्वरी (जनबोली) भनि प्रष्ट्याएको छ । चतुःषष्ठि लिङ्गभित्र योगिश्वरका ठाउँमा ऋषीश्वर कुम्भेश्वरलाई पनि कोही गणना गर्दछन् । चतुःषष्ठि लिङ्गभित्र आवरण गराई पशुपतिनाथ विराजमान हुनुहुन्छ । यी बाहेक अरु ग्रहेश्वर लिङ्ग सप्तर्षिलिङ्ग आदि गरी २३२ उपलिङ्ग पनि छन् भनि वर्णन गरिएको छ । यस सृष्टिवर्णनमा पशुपतिको उत्पति, गुह्येश्वरीको

उत्पति, सात गण्डकीको नाम, वाग्मतीको उत्पति र तीर्थहरू, तन्त्रअनुसार गुह्येश्वरीका आवरण भइरहेका पीठहरू, धर्मदत्त राजाको आख्यान, सूर्यविनायकको उत्पति, वाल्मिकेश्वरको उत्पति र नेपालको वणर्न जस्ता धार्मिक स्थानको वारेमा वर्णन गरेको छ । यस मुखपत्रमा समावेश गरिएका सवै विषय तथा सन्दर्भहरू प्रस्तुत शोधकार्यका निमित्त उपयोगी छैनन् । चौसट्ठीशिवलिङ्गका बारेमा भने आधारभूत जानकारी प्राप्त गर्न सकिने भएकाले यो अध्ययनमा समीक्षा योग्य सामग्री मानिएको हो ।

धनबज्र बज्राचार्य (वि.सं.२०३०) को *लिच्छविकालका अभिलेख* नामक ग्रन्थ नेपाल र एशियाली अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालयले प्रकाशनमा ल्याएको हो । यो ग्रन्थमा ५९९ पृष्ठमा १९० वटा अभिलेखहरूको सङ्ग्रह छ । उक्त अभिलेखहरूको व्याख्या र विश्लेषण समेत गरी लिच्छविकालका शैवधर्मसँग सम्बन्धित शैव मन्दिरहरूको सूचीमा चौविस वटा, शिवलिङ्गहरूको सूचीमा १५ वटा शिवलिङ्गहरूको स्थापना गरेको र यिनका हेरचाहको लागि गुठी, सरसफाइको लागि कामदार राखेको चर्चा पर्नुका साथै शिवलिङ्गको स्थापना आफ्नो आफ्तहरूको सम्झनाकोलागि र पुण्यवृतिको लागि राखिएको सन्दर्भ पाइन्छ । अनुसन्धानकर्ता बज्राचार्यले शैवधर्मसँग सम्बन्धित ४९ वटा अभिलेखहरू त्यसबखत स्थापना भएको चर्चा गरेका छन् । यो ग्रन्थले चौसट्ठी शिवलिङ्गहरूमध्ये काकेश्वर लिङ्गको वारेमा चर्चा गरेको छैन । तापनि नेपालमा लिङ्गोपाषनाको ऐतिहासिक थालनीको विषयलाई भने पुष्टि र प्रमाणित गर्नका निम्ति महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अतः लिङ्गोपाषनाको सैद्धान्तिक पुष्टि गर्नका लागि यो ग्रन्थ निकै उपयोगी सामग्री हो ।

लैनसिंह वाङ्देल, (वि.सं.२०३९) को *प्राचीन नेपाली मूर्तिकलाको इतिहास* नामक पुस्तक नेपालको प्राचीन मूर्तिकलाका विषयमा विश्लेषण गर्ने उल्लेख्य ग्रन्थ हो । यस ग्रन्थले नेपालमा शैव मूर्तिहरूको स्थापनाकालको पुरातात्विक प्रमाणहरूका आधारमा अध्ययन गर्दा शक संवत् ३८८/ ईस्वीको ४६६मा नरवर्माद्वारा प्रतिष्ठा गरिएको लाजिम्पाटको शिवलिङ्गलाई लिनुपर्छ भन्ने विषयलाई जोड दिएको छ ( वाङ्देल, २०३९ पृ.८८) । यसमा भएको अभिलेखमा यो शिवलिङ्ग स्थापित भएको समयमा बनेको एउटा शिवमन्दिरको उल्लेख छ । त्यसपछि स्थापित भएका शिवलिङ्गहरू अभिलेख सहितका छन् । जसमा अनुसन्धानकर्ताले प्राचीन शिवको रूप शीर्षक दिएर सबैभन्दा पहिले सिन्धुघाटीको सभ्यतामा आजभन्दा पाँचहजार वर्ष अघि शिव पशुपति मतको अस्तित्व रहेको कुरा उल्लेख गरेको देखिन्छ । सिन्धुघाँटीमा प्राप्त कैयन शिवपशुपतिलाई त्यहाँका निवासी देवताका रूपमा मान्दथे भनेर व्याख्या गरेका छन् । आर्यहरूको प्रवेश हुनुभन्दा अघि नै सिन्धुघाटीका मानिसहरूले प्रजनन शक्तिका रूपमा लिङ्गको र संरक्षिकाको रूपमा मातृदेवीको पूजा गर्दथे भन्नेकुरा सिन्धुघाँटीको सभ्यताबाट थाहा पाइन्छ । वैदिक साहित्यमा आर्यहरू लिङ्गपूजा गर्दथे भन्नेकुरा पाइदैन । ऋग्वेदमा दुईवटा प्रसङ्ग आएका छन् । एउटामा वैदिक देवता इन्द्रसित शिश्न (लिङ्ग) को पूजा गर्ने जातिद्वारा गायकहरूको रीतिथितिमा वाधा नहोस् भन्ने अनुरोध गरिएको छ । अर्कोमा शिश्नलाई देवता भनी मान्ने जातिलाई मारेर इन्द्रले नगरका कोषहरूमाथि कब्जा गरेको बताइएकोछ । यसरी आर्यहरूले शिश्न (लिङ्ग) पूजा गर्नेहरूलाई आफ्नो

धार्मिक क्रियामा वाधा पार्ने दुश्मन नै सम्भने कुरा पाइन्छ । तर निषाद मुण्डा आदिवासी द्रविड तथा अन्य आदिम जाति जस्ता अनार्यहरूले लिङ्ग पूजा लोकधर्मको एउटा विशेष अंग भएको देखिन्छ । यसबाट लिङ्गपूजा वैदिक धर्मबाट प्रार्दभाव नभएपनि कालान्तरमा लिङ्ग तथा शिव पशुपतिको पूजा ब्राम्ह्ण धर्ममा मिसिन पूग्यो र पछि गएर कट्टर ब्राम्ह्णवादका तीन सवैभन्दा मुख्य देवताहरू एक भै वैदिक रुद्रको शिव पशुपति मतसँग सम्बन्ध जोडिएको देखिन्छ । पछि उनैलाई महेश्वर, ठूला ईश्वर, महादेव अर्थात् सवै देवतामा ठूला तथा उमापति पनि भने (वाङदेल ,२०३९ पृ. ८८-८९) । शिवलिङ्गको अध्ययन गर्नेक्रममा यस पुस्तक उपयोगी भएकोछ ।

मोहन प्रसाद खनाल (२०५२) को *नेपाली कला* शीर्षकको अनुसन्धानात्मक ग्रन्थ नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि.विमा प्रस्तुत भएको साभा प्रकाशनले प्रकाशन गरेको हो । दुईसय असी पृष्ठमा विस्तारित यो ग्रन्थमा मूलतः १६ वटा अध्याय छन् । पहिलो अध्यायमा संक्षिप्त पृष्ठभूमि र यसभित्र १. प्राग्ऐतिहासिक काल र २. ऐतिहासिक काल भनि छुट्याएको छ । त्यसै गरी यहाँको सास्ँकृतिक परम्परा ,कला र शैली परम्परालाई नेपाली मूर्तिकलाको विश्लेषण गर्ने शैलीलाई प्रष्ट पारेका छन् । दोस्रो अध्यायमा प्राग्ऐतिहासिककाल, तेस्रो अध्यायमा ऐतिहासिक काल गर्दै अध्याय चारमा वास्तुशिल्प परम्परा, विभिन्न शिल्पकार शिल्पविद्या वस्त्र निमार्णकला, वैदिक देवप्रतिमा, मतमतान्तर, भौगोलिक परिवेशमा कला, कलामा वैदिक प्रतिक, यज्ञीय स्तम्भ, चैत्य र कलामा चिन्तन पक्षलाई अंगालेका छन् । अध्याय ५ मा नेपालका मूल जाति, मूर्ति निमार्ण परम्परा मूर्तिकलाको विकासक्रम, अध्याय ६ मा विभिन्न वैष्णव अवतार र मातृदेवीहरूसँग सम्बन्धित कुराहरूको साथमा अध्याय दशमा शिव शिर्षकमा पृ. नं. १९१ मा चर्चा गरिएका विषय शोधकार्यका लागि निकै उपयोगी मानिएका छन् । प्राचीनतम धर्महरूमा शैव धर्मको प्रमुख स्थान रहेको छ । आज शैव धर्मको जुन स्वरूप छ , त्यो प्रारम्भिक कालको लिङ्गोपासनाको विकसित रूप हो । विश्वका धेरैजसो भू-भागहरूमा वासना र प्रजननको प्रेरणा स्वरूप लिङ्ग अत्यन्त महत्वपूर्ण मानिन्थ्यो त्यसैले तात्कालिन समाजमा लिङ्गोपासना सर्वप्रिय धर्मका रूपमा स्वीकार्य भयो । जसको शुरुवात मिस्रमा लिङ्गोपासनाको परम्परा ईसाको चौथो शताब्दीसमम ब्यापक रूपमा चलेको थियो । आइरिसहरू रोममा प्रतिष्ठित थिए । उनीहरूका मन्दिरमा सदैव अग्निलाई प्रज्वलित राखिन्थ्यो र पूजारीहरूले आजीवन ब्रम्हचर्यको पालना गर्नपर्ने र प्रज्वलित अग्निको पूजा अक्षवयोनी कुमारीहरूले मात्र गर्दथै । त्यस तथ्यले शिवका अग्निरूप , “शिखि नाम” कामदहन र शिवको “ऊर्ध्वमेढ ” स्थितिका साङ्केतिक प्रतिक कम मनोबैज्ञानिक छैनन् । लिङ्गका अतिरिक्त शिवपूजा दोस्रो हो प्रतिमा भनेर उँहाले वर्णन गर्नुभएको छ । जसमा ऋग्वेदका रुद्र अर्थववेदका समयसम्म अवैदिक लिङ्ग पूजकहरूका संसर्गबाट प्रभावित भएको सङ्केत पाइन्छ । वैदिककालका शिव सर्वब्यापी, परम बलशाली शत्रुहरूलाई रुवाउने पहाड पर्वतमा निवास गर्ने भनेर वर्णन गरिएको पाइन्छ । रुद्राध्यायमा पाइने वर्णनबाट प्राचीनकालका कलामा शिवका अनेक रूप पाइनुका साथै विश्वका कतिपय प्राचीन सभ्यताहरूमा शिवसँग सम्बद्व सम्प्रदायको सङ्केत पाइएको छ । यो समष्टिगत रूपमा आजका कयौ शैव सम्प्रदायमा प्रतिबिम्वित छ । प्रारम्भिक कालको शिवलिङ्ग मूलतः मानवलिङ्गको खरो रूप थियो

र पछि क्रमशः अनेक साजसज्जाद्वारा अलंकृत एवम् सुन्दर वनाउदै लैजानेक्रममा सानो स्तम्भ जस्तो रूपमा परिणत भईपछिल्ला समयमा लिङ्गका आकारप्रकारमा अनेक भेदहरू देखा पर्‍यो भनेर वर्णन गरेको पाइनाले यस ग्रन्थको अध्ययनले काकेश्वर महादेवको शोधकार्यमा मूर्त  तथा अर्मूत सम्पदाको अध्ययन गर्नको लागि निकै उपयोगी ठानिएको छ ।

जगदीशचन्द्र रेग्मी (वि.सं.२०५३) को *पशुपति गुह्येश्वरी महात्म्य* शीर्षकको अनुसन्धानात्मक ग्रन्थ नइ प्रकाशनले प्रकाशनमा ल्याएको हो । दुईसय सत्ताईस पृष्ठमा विस्तारित यो ग्रन्थमा मूलतः तीनवटा खण्ड छन् । पहिलो खण्डमा पशुपतिनाथ महात्म्यको विशेष समीक्षा साथै दोस्रो खण्डमा गुह्येश्वरीको ऐतिहासिक पौराणिक अध्ययनलाई समेटेको छ । त्यस्तैगरी तेस्रो खण्डमा विशेषतः पशुपति क्षेत्रको संस्थागत विकाससँग सम्बन्धित विविध पक्षहरू समेटिएका छन् । यस ग्रन्थको विशेषतः पहिलो खण्डमा चर्चा गरिएका विविध विषयहरू यस शोधकार्यका लागि निकै उपयोगी सामग्री मानिएका छन् । मूलतः नेपालमा शैवधर्मको उत्पति र विकास, नेपालमा पाइएका चौसट्ठी शिवलिङ्गको विवरणका साथै अन्य विविध पक्षको तुलनात्मक अध्ययनको निम्ति रेग्मीले लेख्नुभएको यो ग्रन्थ निकै उपयोगी सावित भएको छ । यस ग्रन्थमा चौसठ्ठी शिवलिङ्गको चर्चा गर्ने क्रममा तीसौं क्रमाङ्कमा काकेश्वर मणिचूड पूर्व काकेश्वरी भनि समीक्षा गरिएको छ (रेग्मी,२०५३.पृ.१५) । यद्यपि उक्त शिवलिङ्गको भौतिक स्वरूप एवम् त्यससँग सम्बन्धित अन्य मूर्त तथा अमूर्त पक्षको विश्लेषण भने यस ग्रन्थमा पाइदैन । त्यसो हुँदा यो अपुग र अभावलाई सम्बोधन गर्नपनि यो शोधकार्य सम्पन्न गरिएको हो ।

वीणा पौड्याल (वि.सं.२०५७) *नेपाली मूर्तिकला र चित्रकला* पुस्तकको पृष्ठ नं. १९३ मा नेपालमा प्रचलित विभिन्न धर्महरूमध्ये शैवधर्म सवभन्दा लोकप्रिय धर्म हो । शिवको एन्थ्रोपोमर्फिक (मानव आकृति, मानवीयनरीय), थेरीएन्थ्रोपिक (नर र पशुको मिश्रित रूप, फालस् (लिङ्ग), थेरियोमर्फिक-पशु) आदि विभिन्न रूपमा पूजा आरधना  गर्ने प्रचलन छ । वेदमा रुद्रको नामले आव्हन गरिएका , संहारकर्ताको रूपमा प्रसिद्वी पाएका देवता भए तापनि शिवलाई सृष्टिको प्रतीकको रूपमा  उनको लिङ्ग स्वरूपको पूजा आराधना गर्ने परम्परा ब्यापक छ । नेपाल र भारतका प्रसिद्व मन्दिर, तीर्थस्थल र धाममा शिवलिङ्ग स्वरूपकै पूजा गरिन्छ । प्राचीनतम सभ्यता सिन्धुमा पनि लिङ्गपूजा  गरिन्थ्यो । हरप्पाको उत्खननमा पनि साना - साना आकारमा र दुई फिट र त्यो भन्दा बढि उचाई भएका  ढुङ्गाका शिवलिङ्ग प्राप्त भएका छन् (पौड्याल, २०५४,पृ.१९४; उदृत ध्जभभभिच,ज्ञढटड,उा्ज्ञण्ढ) ।  मानव सभ्यताको प्रारम्भदेखि नै शुरु भएको लिङ्गपूजा विस्तारै विस्तारै ब्यापक भएको पाइन्छ । भारतको प्राचीन शिवलिङ्गको उदाहरण भने गुड्डीमलम र भिट्टामा पाइएको शिवलिङ्ग हुन् (पौड्याल, २०५४,पृ.१९४; उदृत च्बय,ज्ञढडछ,उा्ज्ञठठ० । गुड्डीमलममा प्राप्त शिवलिङ्ग ई.पू. प्रथम शताब्दिको मानिन्छ ( पौड्याल,२०५४,पृ.१९४;उदृत  श्रीवास्तब,१९६०,पृ.६१ ) । यस ग्रन्थले शिवलिङ्गलाई चल अचल गरी दुई प्रकारमा विभाजन गरेको छ । एकठाउँबाट सजिलै अन्त लैजान सकिन्छ भने त्यसलाई चल र सार्न सकिदैन भने अचल भनिन्छ (पौड्याल, २०५७, पृ.१९३) । नेपालमा आजसम्म प्राप्त विभिन्न लिङ्गहरूमध्ये

पशुपति आर्यघाट पारी श्लेष्मान्तकवनमा प्राप्त एकमुखे शिवलिङ्ग निकै महत्वपूर्ण छ । लिच्छविकालदेखि आफन्तको मृत्युपछिको सम्झना र पूण्य वृद्धिको लागि विभिन्न शिवलिङ्गहरू स्थापना गरेको पाइन्छ । यसरी शैवधर्म तथा शिवलिङ्गको अध्ययन गर्ने समयमा काकेश्वरको व्याख्या पाइदैन । तर पनि यो पुस्तक शैवधर्म र शिवलिङ्गको वणर्न परेकोले गर्दा यस शोधकार्यमा समीक्षा योग्य ठानिएको हो ।

डिल्लीराज शर्मा (जु. १९९९) ले सिनास जर्नल भोल्युम २६, नं. २ मा प्रकाशित भएको गोसाँइकुण्डः एक साँस्कृतिक अध्ययन शीर्षकको अनुसन्धानात्मक लेख यस सन्दर्भमा समीक्षा गर्न उपयुक्त सामग्री मानिएको छ । नेपालका तीर्थस्थलहरूका सामाजिक र साँस्कृतिक पक्षहरूको अध्ययन गर्ने कममा गोसाँइकुण्डको परिचय, अध्ययनको उद्देश्य अध्ययन विधि पुराणहरूमा वर्णित गोसाँइकुण्डको महात्मय, पर्व र मेलाहरू जस्ता विषयहरूलाई समेटेर हिन्दूपरम्परा मात्र नभई स्थानीय स्तरका जनविश्वासमा समेत यो स्थल अहिलेसम्म एक पवित्र स्थलको  रूपमा रहिरहनु ठूलो विशेषता हो । त्यसैले होला तीर्थयात्रीहरूको रूपमा हिन्दूर बौद्ध मान्नेहरू पनि उत्तिकै समान रूपमा सहभागी भएका छन् । यसरी गोसाइकुण्डको महत्व भगवान् शिवको र काकेश्वरको महत्व पनि भगवान् शिवको नामसँग मात्र नभई शिवको उत्पत्तिको कथामा र स्थानीय जनश्रुती र लोकोक्तिको आधारमा यी दुई तीर्थको सम्बन्ध भएको कुरालाई प्रष्ट पार्न सकिन्छ । यद्यपि आजसम्म पनि काकेश्वर महादेवस्थलका बारेमा भने अध्ययन अनुसन्धान हुन नसक्नुले यहाँको वारेमा अध्ययन हुनुपर्छ र यो अध्ययनले सहयोग गर्छ भन्ने शोधकर्ताले ठानेको छ ।

वीणा पौड्याल (२०६०) को *सर्वेश्वर महादेव* शीर्षकको ग्रन्थ सातौ अध्यायमा विभाजन गरी लेखिएको छ । जसमा प्रथम अध्यायमा परिचय खण्ड, दोस्रोमा शैवधर्म र यसका प्रमुख सम्प्रदायहरू पाशुपत, कापालिक/मुण्ड श्रृङ्खलिक कालामुख, काश्मिरी शैवमत (त्रिकदर्शन), वीर शैव दर्शन,(लिङ्गायत सम्प्रदाय ) र नाथ सम्प्रदाय-योगिनी कौल मार्ग) भनेर छवटा सम्प्रदायको वारेमा वर्णन परेको छ । तेस्रोमा शिव प्रियहरू, शिव भक्तहरू, पञ्चाक्षरी शिव मन्त्र नमः शिवाय रुद्रको शतरुद्रीय स्तोत्र, रुद्राक्ष,गङ्गा पार्वती, भष्म, त्रिशुल र डमरु भनेर वर्णन परेको छ । चौथो अध्यायमा शिवलिङ्गका प्रकार क्षणिक शिवलिङ्ग सादा शिवलिङ्ग मुखलिङ्ग, अष्टोत्तरसत लिङ्ग, सहस्त्रलिङ्ग, धरलिङ्ग भनेर चर्चा परेको छ ( पौड्याल, २०६०,पृ.१०७ ) । यस ग्रन्थले शोधकार्यमा निकै मद्वत गर्दछ । समीक्षा योग्य ठानिएको हो ।

घटराज भट्टराई (२०६७) को *नेपालका धार्मिक स्थलहरू* (साँस्कृतिक कोश) शीर्षकको ग्रन्थ यस सन्दर्भमा समीक्षा योग्य ग्रन्थ मानिएको छ । अनुसन्धानकर्ता भट्टराईले प्रस्तुत ग्रन्थमा नेपालमा रहेका महत्वपूर्ण धार्मिक साँस्कृतिक तथा ऐतिहासिक स्थलहरूको चर्चा गरेकाछन् । ३४२ शीर्षकअन्तर्गत झण्डै ८०० वटा धार्मिक तथा साँस्कृतिक स्थलहरूले यस ग्रन्थमा ठाँउ पाएका छन् । अध्येता भट्टराईले विभिन्न देवस्थलहरूको चर्चा गर्ने क्रममा देव, देवालय, पीठ, थान, तालपोखरी, गुफा, आश्रम, कोट, किल्ला, दरवार भवन, स्तम्भ, पाटीपौवा, ढुंङेधारा, जलद्रोणी, मष्टामाण्डौ, मेलापर्व जात्रा जस्ता विविध पक्षसँग सम्बन्धित स्थलहरूलाई समेटेका छन् । यसका साथै अनुसन्धानकर्ता भट्टराईको प्रस्तुत ग्रन्थमा

उल्लिखित स्थलहरूसँग सम्वन्धित पूरानो रोचक किम्वदन्ती, प्राचीन पौराणिक वैदिक सनातन धर्मसँग सम्वन्धित कथा, देवदेवालय आदि स्मारकहरूको वास्तुकला, मूर्तिहरूको कलापक्ष सम्बन्धित स्थलहरूको सामाजिक, साँस्कृतिक, ऐतिहासिक महत्वका वारेमा समेत चर्चा पाइन्छ (दुलाल, २०७७,पृ.९) । अध्ययनका क्रममा भट्टराईले काकेश्वर शिवलिङ्गका विषयमा पनि चर्चा गरेका छन् । उनले काकेश्वर शिवलिङ्ग (सुन्दरीजल) काठमाण्डौं-शीर्षकमा शतरूपेश्वरभन्दा दुईकोश पूर्व सुन्दरी तीर्थ ब्रह्मतीर्थ र सुन्दरीदेवी छन् । त्यस ठाँउबाट एक कोश पूर्व आकाशगङ्गा तीर्थ र काकेश्वर रहेको उल्लेख पाइन्छ ( भट्टराई २०६७,पृ. २५-२६) । यस ग्रन्थले शोधकार्यमा निकै मद्वत गर्दछ । समीक्षा योग्य ठानिएको हो ।

स्वामी प्रपन्नाचार्य (२०६८) को *चौसट्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान* ग्रन्थ यस काकेश्वरी महादेवस्थलको शोधकार्यको लागि निकै नै योग्य ठानिएको छ । अनुसन्धानकर्ताले प्रस्तुत ग्रन्थमा नेपालमा रहेका चौसट्ठी शिवलिङ्गहरूको चर्चा गरेका छन् । २९८ पृष्ठ भएको यस ग्रन्थमा पूरोवाक्, मुख्य भाग, परिशिष्टांश गरी पूरोवाकमा नेपालको नामकरणदेखि विश्वप्रसिद्व हिमालयहरूमा हिमवतखण्ड सर्वश्रेष्ठ, ढुङ्गा कसरी बन्यो त ? इतिहासको पत्ता कसरी लाग्छ ? शिवलिङ्ग दुई प्रकारका, जलहरी नभएको स्वयम्भू शिवलिङ्ग, अर्धस्वयम्भू शिवलिङ्ग, कृत्रिम शिवलिङ्ग, मृगस्थलीमा वायब्य सम्प्रदायको शिवलिङ्ग, शिवलिङ्गको दुर्दशा गरी पृष्ठ बहत्तरसम्म आउँदा चौसट्ठी शिवलिङ्ग यात्राको साङ्गे भगवान पशुपतिमा भन्ने विषयलाई वर्णन गर्नुभएको छ । मुख्य भागमा भने वेद र वेदशब्दको अर्थ, भग शब्दको अर्थ, लिङ्ग शब्दको अर्थ, लिङ्गपूजक सम्प्रदाय, शिवलिङ्गको प्रकार, इतिहास, प्राचीनकालकामा मूर्तिकला, शिवलिङ्ग शब्दको विश्लेषण, विदेशमा लिङ्गपूजा, एकादश रुद्र शिवको अष्टमूर्ति पशु शब्दको अर्थ मन्दिरको अस्तित्व र इतिहास कुन जिल्लामा कुन शिवलिङ्ग अवस्थित छ भनेर ब्याख्या गर्नेक्रममा यसरी लेखिएको छ ।

स्वामी प्रपन्नाचार्यले चौसट्ठी शिवलिङ्गहरूको चर्चा गर्ने क्रममा सिन्धुली जिल्लामा अबस्थित कुशेश्वर शिवलिङ्ग, दोलखा जिल्लाको भिमेश्वर, सिन्धुपाल्चोक जिल्लाको काफीश्वर र स्फटीकेश्वर शिवलिङ्ग, नुवाकोट जिल्लाको भैरवेश्वर, ब्रम्होश्वर र कार्तिकेश्वर शिवलिङ्ग, धादिङ्ग जिल्लाका सितेश्वर शिवलिङ्ग, काभ्रेपलाञ्चोक जिल्लाको चण्डेश्वर, विकटेश्वर, इन्द्रेश्वर, धनेश्वर, भालेश्वर, कश्यपेश्वर, मकवानपुर जिल्लाको चमपकेश्वर, उन्मततेश्वर, नन्दीकेश्वर, गोखुरेश्वर, पाण्डुकेश्वर, नटारम्भेश्वर र कुटेश्वर, ललितपुर जिल्लाको कालेश्वर, गुप्तेश्वर, तिलेश्वर, चम्पकेश्वर, रामेश्वर, गोभ्राटेश्वर, भृङ्गीश्वर, कुपितेश्वर, कुम्भेश्वर र त्रिलिङ्गेश्वर शिवलिङ्ग, भक्तपुर जिल्लाको रत्नचुडेश्वर, बागीश्वर, वालमिकेश्वर, मङलेश्वर, अनन्तलिङ्गेश्वर, विमलेश्वर, सोमेश्वर, किलेश्वर शिवलिङ्ग, काठमाडौं जिल्लाको उद्वालकेश्वर, गोपालेश्वर, चन्दनभ्राटेश्वर, गोलोकेश्वर, यक्षेश्वर, चण्डीश्वर, धर्मेश्वर, सतरुद्रेश्वर, काकेश्वर, मणिचूडेश्वर, योगेश्वर, नारायणेश्वर, ज्योर्तिलिङ्गेश्वर, गोकर्णेश्वर, कोटीश्वर, ज्ञानेश्वर, पर्वतेश्वर, जलेश्वर, गुह्यश्वर, किरातेश्वर, भष्मेश्वर, भुवनेश्वर, रुद्रगाडेश्वर जस्ता शिवलिङ्गहरूको उल्लेख गरेका छन् । यस क्रममा काकेश्वर शिवलिङ्ग छहराको आड एवम् भिरमा रहेका पनि उल्लेख पाइन्छ । स्थान

अभावका कारणले मन्दिर नभई गुफाभित्र रहेको छ । यहाँ शिवलिङ्ग वाहेक कुनै पुरातात्विक सामग्री देखिदैन । गुफामा भएको शिवलिङ्गको स्वरूप हेर्दा रामायणवक्त काकभुसुण्डीको रामकथा पनि हिमवतखण्डको नेपालमा नै भएको बुझिन्छ । तथापि यो अनुसन्धान भविष्यकै गर्भमा राखिन्छ भनेर ब्याख्या गरेका छन् ।

रेग्मी र धमला ( २०७१, चौथो परिर्वतित संस्करण) को *नेपालको धार्मिक इतिहास* (प्राचीन र मध्यकालीन) शीर्षकको पुस्तक विद्यार्थी पुस्तक भण्डारले प्रकाशन र वितरणमा ल्याएको छ । २३९ पृष्ठमा लिखित यस पुस्तकमा लेखकले अध्याय पाँच भागमा विभाजन गरी नेपालमा शैवधर्मको प्राचीनतालाई एकमा राखेका छन् । यस विषयमा नेपालमा शैवधर्मको इतिहास, शैवसम्प्रदायहरू शैव सम्प्रदायका आचार्यहरू, शैव मन्दिर, शैवहरूको धार्मिक कार्य, शैव जात्रा, नेपालका शैव तीर्थ, गोरखनाथ वा नाथ सम्प्रदाय शैव धर्मसम्बन्धी विविध पक्ष शंकराचार्य र नेपाल काठमाडौं उपत्यकाका शिव पार्वती मूर्तिहरू, वीर सम्प्रदाय, नेपालको शैव धर्मको अन्तर्राष्ट्रिय सम्पर्क भनेर उल्लेख पाइए तापनि चौसट्ठी शिवलिङ्गभित्र पर्ने काकेश्वरको बारेमा कुनैपनि प्रकारको वर्णन नपरेको हुँदा शोधकार्य गर्न आवश्यक ठानिन्छ । यस पुस्तकभित्र शैवतीर्थ, शैव मन्दिर शैवजात्राको वारेमा लेखिए तापनि काकेश्वरमा हुने जात्रा पर्व जस्ता धर्म संस्कृतिका पक्षमा खुलाइएको पाइदैन ।

सत्यमोहन जोशी (२०७३) को *नेपाली कलाको रूपरेखा* (प्राचीन र मध्यकालीन) शीर्षकको ग्रन्थमा २१ वटा शीर्षकहरू छन् र ४८० पृष्ठमा लेखिएको यस ग्रन्थमा प्रस्तरमूर्तिकलाको विकास, किँरातकालीन, लिच्छविकालीन प्रस्तरमूर्ति क र ख, नेपाली प्रस्तरमूर्तिमा नँया लहर, मल्लकालीन, शाहकालिन प्रस्तरमूर्ति, माटाका मूर्ति, हाड र हस्तिहाडका मूर्ति, काठका मूर्ति धातुका मूर्ति, चित्रकला जस्ता विषयलाई ब्याख्या विश्लेषण गरिएको छ प्रस्तुत पुस्तकमा मूर्तिकलामा पनि विशेष गरेर प्रस्तर ( पाषाण, पत्थर, ढुंगा, शीला) को ऐतिहासिक क्रम र अध्ययन अन्वेषण जुन आजसम्म अधुरो नै भइरहेका छन् । त्यसलाई रूपरेखा कै रूपमा भएपनि जनसमक्ष ल्याउने प्रयास गरिएको छ । विषय ज्यादै गहन र विशाल भएतापनि नेपाली प्रस्तरमूर्तिको विकासक्रम, परम्परा र शैलीलाई पनि सक्दो मात्रामा सश्लेषण एवम्विश्लेषण गरिएको छ। नेपाली मूर्तिकलामा प्रस्तरमूर्तिलाई सबैभन्दा प्रमाणिक मूर्तिकला मान्न कर लाग्दछ । नेपाली मूर्तिकला नेपालको अद्वितीय श्रीसम्पति, महत्ता र गौरवप्रति नेपालीहरूको ध्यान अधिक रूपले आर्कषित गर्न तथा नेपाली सभ्यता र संस्कृतिको परिचय राष्ट्रको सामु प्रस्तर गर्नमा यो पुस्तक सहायकसिद्व हुन सक्छ । यो ग्रन्थ काकेश्वरी महादेवस्थलको साँस्कृतिक अध्ययन विषयको अनुसन्धान कार्यमा योग्य हुनेछ जसबाट त्यसस्थलको मूर्त सम्पदाहरूको अध्ययन गर्न सजिलो हुन्छ ।

खतिवडा (२०७४) को नेपाली संस्कृति विश्वकोश शीर्षकको ग्रन्थ जनता प्रसारण तथा प्रकाशक लिमिटेडले प्रकाशनमा ल्याएको छ । १४०८ पृष्ठमा सङ्गठित यस ग्रन्थमा अनुसन्धानकर्ता खतिवडाले नेपाली संस्कृतिसँग सम्बन्धित विविध पक्षलाई वर्णानुक्रमका आधारमा समेट्ने प्रयास गरेका छन् । यसमध्ये १८३ पृष्ठमा काकेश्वर महादेवको विषयमा चर्चा गरिएको छ । काकेश्वर महादेव नेपालका

चौसट्ठी शिवलिङ्गमध्ये एक महत्वपूर्ण लिङ्गका हो । यहाँ भाद्रशुक्ल अष्टमीका (कागे अष्टमी) दिन ठूलो मेला लाग्दछ । यद्यपि यस देवस्थलसँग सम्बन्धित अन्य विविध पक्षहरू विशेषतः ऐतिहासिक, मूर्त तथा अमूर्त सम्पदाका विषयमा भने यस ग्रन्थमा उति धेरै व्याख्या विश्लेषण पाइदैन ।

लोकनाथ दुलाल (२०७४) को भाकल तथा पशुबलि प्रथा इतिहास र अभ्यास शीर्षकको लेख हिस्टोरिकल रिभ्यू अङ्क, सङ्ख्या १ पत्रिकामा छापिएको छ । पद्मकन्या बहुमुखी क्याम्पस, इतिहासविभागले प्रकाशनमा ल्याएको उक्त पत्रिकाको पृष्ठ ६९देखि ८३ सम्म लेख समावेश छ । लेखमा पृष्ठभूमि, भाकल तथा पशुवलीकोअर्थ, बलिका भेद, बलि अर्पण विधान एवम्वस्तु, उत्पति इतिहास र अभ्यास संसारका विभिन्न संस्कृति र सभ्यतामा बलि प्रथा, भारतीय उपमहाद्विपमा बलि प्रथा, नेपालम बलि प्रथाा बलिप्रथाको महत्व र उपयोगिता जस्ता विविध सर्न्दभको विश्लेषणका आधारमा निर्ष्कष प्रस्तुत गरिएको छ । यस लेखमा नेपालमा बलि प्रथाको सम्बन्ध ग्रामथान पूजा परम्परासँग अत्यन्त धेरै रहेको सर्न्दभ उल्लेख भएको छ (दुलाल, २०७४, पृ.७८–७९) ।

लोकनाथ दुलाल (२०७४,पृ.९३–९६) को ग्रामथान पूजाका अमूर्त साँस्कृतिक पक्ष शीर्षकको लेख मधपर्क अमूर्त संस्कृति विशेषाङ्क (वर्ष-५०, अङ्क-१, पूर्णाङ्क–५७६) मा प्रकाशित छ । प्रस्तुत लेख ग्रामथान पूजा तथा त्यस भित्र पाइने अमूर्त साँस्कृतिक पक्षका विषयमा सूक्ष्मरूपमा विश्लेषण गरिएको स्रोत तथा सामग्री हो । यस लेखमा मूलतः संस्कृतिको अर्थ, मूर्त तथा अमूर्त परिभाषा जस्ता सैद्धान्तिक पक्षको समीक्षा गर्दै ग्रामथान पूजाभित्र पाइने अमूर्त साँस्कृतिक पक्षको विश्लेषण गरिएको गरिएको छ । विश्लेषणका क्रममा अमूर्त संस्कृतिका पाँच विधा मूलतः मौखिक परमपरा एवम् अभिव्यक्ति, प्रदर्शनकारीकला, सामाजिक व्यवहार, अनष्ठान तथा चाडपर्व, ब्रम्हाण्ड तथा प्रकृतिसँग सम्बन्धित परम्परागतज्ञान विज्ञान र परम्परागत कला, शिल्प प्रविधीलाई आधार बनाई ग्रामथान पूजाभित्र पाइने अमूर्त साँस्कृतिक पक्षको विवेचना गरेकाछन् (दुलाल, २०७४, पृ.९३-९६) । यस लेखको अध्ययनलाई आधार बनाइ काकेश्वर महादेवस्थलको मूर्त तथा अमूर्त सम्पदाको वारेमा अध्ययन गर्न सहज हुने ठानिएको छ ।

वेणीमाधव ढकाल (२०७५) द्वारा सम्पादन र अनुवादन गरिएको *हिमवतखण्डअन्तर्गत नेपालमहात्म्य, पशुपतिपुराण, गण्डकीमहात्म्य योगीनरहरिनाथ* नामक नेपाली भाषामा अनुवादसहितको हिमवतखण्ड ग्रन्थ विद्यार्थी पुस्तक भण्डारले प्रकाशन र वितरण कार्य २०७५ ल्याएको छ । योगी नरहरिनाथप्रति सर्मपण गरिएको यस ग्रन्थमा मन्तब्य खण्ड, प्रस्तावना खण्ड, प्रकरण खण्ड-१ देखि प्रकरण ६ सम्म नेपाल अधिराज्य भरिका सम्पूर्ण चौसट्ठी शिवलिङ्ग र धार्मिक तीर्थस्थलहरूको वारेमा तिनको महिमा सहित स-प्रसंङ्ग विस्तार गरिएको छ । जसमा भगवान्/देवताहरूको उत्पतिको कथा, वरदान, तीर्थयात्रा, जात्रा, यात्रा, दैत्यदानव, देवगण ऋषिमुनिहरूको तपस्या शिवलिङ्ग माहात्म्य जस्ता विविध विषयहरूलाई वर्णन गरी पृष्ठ नं. १२५९सम्म र परिशिष्ट क र ख गरी १२६७ देखि १६०२ पृष्ठमा वर्णन गरिएको छ । यस हिमवतखण्डपुराण प्रकरण एकको अध्याय एकमा मधु र कैटभनामका

राक्षसहरूको संहार भगवान् वराहद्वारा पृथ्वीको उद्धार, हिमालय आदि पर्वतहरूको रचनादेखि सम्पूर्ण हिन्दू सनातन धर्मका आधारशिलाहरूलाई स-प्रसंङ्ग विस्तारित भएकोले यो ग्रन्थ/पुराण यस काकेश्वर महादेवस्थलको साँस्कृतिक अध्ययनको लागि समीक्षा गर्न योग्य सामग्री मानिएको छ । ग्रन्थको सम्पादक र अनुवादनकर्ताले प्रकरण-५ अन्तर्गतको पृष्ठ नं.८६१ को अध्याय ११९ मा आकाशगङ्गातीर्थ र काकेश्वर शिवलिङ्गको महिमाको विस्तृत रूपमा गरेका छन् । प्रस्तुत वर्णन सम्बन्धित विषयको आधारभूत जानकारी दिने उल्लेख्य स्रोत सामग्री मानिएको छ । अतः उक्त ग्रन्थको समीक्षा यो शोधमा गरिएको हो ।

यस काकेश्वरी मन्दिरको अध्ययनका क्रममा मूलतः काकेश्वरी शिवलिङ्गको इतिहास र साँस्कृतिक पक्षलाई विशेष विश्लेषण गरिएको छ । अध्ययनका क्रममा यस देवस्थल वरिपरि छरिएर रहेका मूर्तिहरू पनि समेटिएका छन् । कुन कुन मूर्ति कस्ता कस्ता छन् र के के का मूर्ति हुन भन्ने विषयलाई अनुक्रमका आधारमा यथास्थानमा विश्लेषण भएको छ । यस मन्दिरको पूजाविधिसँग सम्बन्धित विविध पक्ष पनि विवेचनाका विषय बनेका छन् । समग्रमा यस देवस्थलसँग सम्बन्धित ऐतिहासिक, धार्मिक, सांस्कृतिक, कलावास्तुकला जस्ता पक्षको विश्लेषणको प्रमुख आधार र स्रोत माथि समीक्षा गरिएका सामग्री हुन् । उक्त सामग्रीको समीक्षाले नै यो शोधको अनुसन्धानको सैद्धान्तिक ढाँचा तयार भएको हो ।

## १.७.अनुसन्धान विधि

अनुसन्धान विधिकुनै पनि अनुसन्धानलाई वैज्ञानिक ढङ्गले तार्किक निष्कर्षमा पुऱ्याउने एउटा महत्वपूर्ण पद्वति हो । वैज्ञानिक सिद्वान्तमा आधारित अनुसन्धान पद्वतिले सम्वन्धित विषयका समस्या पहिचान, उद्देश्य निर्धारण, अनुसन्धानको ढाँचा निर्माण, अध्ययन क्षेत्र छनोट, तथ्याङ्क सङ्कलन, वर्गीकरण र विश्लेषण गरी तोकिएको समयभित्र प्रतिवेदन उत्पादन गर्न मद्वत गर्दछ । साँस्कृतिक एवम् धार्मिक र सामाजशास्त्रीय मानवशास्त्रीय  विषयको अध्ययन अनुसन्धानको मेरुदण्ड भनेकै अनुसन्धान पद्वति हो । यस काकेश्वरी मन्दिरको अध्ययनपत्र  तयारर्पानको लागी प्राथमिक र द्वितीयक स्रोतहरू प्रयोग गरिएको छ । तथ्याङ्क  सङ्कलन गर्ने कार्य गर्दा निम्न  विधिअपनाएर गरिन्छ ।


### १.७.१. अनुसन्धानको  क्षेत्र  छनोट

विषयवस्तुका दृष्टिकोणले यस अध्ययनको मुख्य क्षेत्र काकेश्वरी मन्दिरको प्राचीनता, उत्पत्ति, इतिहास, मूर्त तथा अमूर्त सम्पदा, धार्मिक अनुष्ठान तथा पूजा विधि जस्ता विविध पक्षसँग सम्बन्धित देवस्थलभित्र तथा परिसरका मूर्ति, मन्दिरको संरचना, मन्दिर परिसरमा रहेको अभिलेख, ढुङ्गेधारा, पूजा विधि, मेलापर्व, जात्रा जस्ता मूर्त तथा अमूर्त वस्तुहरूको क्रमवद्ध रूपमा विश्लेषण गर्नु हो । भूगोलका आधारमा भने यो अध्ययनलाई प्रदेश नं. ३ को काठमाडौं जिल्लामा अवस्थित काकेश्वरी मनोहरा नगरपालिका वडा नं. १ मा केन्दित गरिएको छ ।

## १.७. २.अनुसन्धानको चरण एवम् प्रक्रिया

यो अनुसन्धानमा मूलतः काकेश्वरी मन्दिरको प्राचीनता, उत्पत्ति, इतिहास, मूर्त तथा अमूर्त सम्पदा, धार्मिक अनुष्ठान तथा पूजा विधि जस्ता विविध पक्षसँग सम्बन्धित देवस्थलभित्र तथा परिसरका मूर्ति, मन्दिरको संरचना, मन्दिर परिसरमा रहेको अभिलेख, ढुङ्गेधारा, पूजा विधि, मेलापर्व, जात्रा जस्ता मूर्त तथा अमूर्त वस्तुहरूको क्रमवद्ध रूपमा विश्लेषण गरिएको छ । विशेषतः अध्ययनका विषयगत समस्याको सम्बोधन गर्न निर्धारण गरिएका उद्देश्यको सीमाभित्र रहेर यो शोधकार्य पुरा गरिएको हो । अध्ययनका लागि विषय छनोटदेखि प्रतिवेदन उत्पादनसम्म तपसिलका विभिन्न चरण एवम् प्रक्रिया पुरा गरिएका छन् ।

**चित्र नं. २: अनुसन्धानको चरण एवम् प्रक्रिया**




## १.७.३. अनुसन्धानको ढाँचा

यो अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएका छन् । दुवै स्रोत र सामग्रीहरूको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । कागेश्वरी मन्दिरको प्राचीनता, उत्पत्ति, इतिहास, मूर्त तथा अमूर्त सम्पदा, धार्मिक अनुष्ठान तथा पूजा विधि जस्ता विविध

पक्षसँग सम्बन्धित देवस्थलभित्र तथा परिसरका मूर्ति, मन्दिरको संरचना, मन्दिर परिसरमा रहेको अभिलेख, ढुङ्गेधारा, पूजा विधि, मेलापर्व, जात्रा जस्ता मूर्त तथा अमूर्त कतिपय विषयलाई विस्तृत वर्णन गरी सिद्धान्तका रूपमा स्थापित गरिएको हो । अनुसन्धानका क्रममा कतिपय नयाँ परम्परा एवम् विषयहरू अन्वेषण गरिएका छन् । त्यसोहुँदा विश्लेषणात्मक, वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैद्धान्तिक ढाँचामा यो शोधपत्र अनुबन्धित गरिएको हो ।

### १.७.४. अध्ययनको प्रकृति

यस शोधमा काकेश्वरी महादेव स्थलको ऐतिहासिक, साँस्कृतिक एवम् धार्मिक पक्षको अध्ययन गरिएको छ । उक्त पक्ष सम्बन्धित देवस्थलका गुणवोधक विशेषताहुन् । अतः प्रस्तुत अध्ययनमा सङ्ख्यात्मकभन्दा गुणात्मक सूचना एवम् तथ्याङ्क प्रयोग गरिएका छन् । त्यसैले यो गुणात्मक प्रकृतिको अध्ययन हो ।

### १.७.५. अध्ययनको दृष्टिकोण

यस शोधमाकाकेश्वरी मन्दिरको प्राचीनता, उत्पत्ति, इतिहास, मूर्त तथा अमूर्त सम्पदा, धार्मिक अनुष्ठान तथा पूजा विधि जस्ता पक्षसँग सम्बन्धित विभिन्न सन्दर्भहरूको सवश्लेषण गरिएको छ । त्यसैले यो अध्ययन ऐतिहासिक एवम् साँस्कृतिक दृष्टिकोणमा आधारित अध्ययन हो ।

### १.७.६. तथ्याङ्क एवम् सूचनाका प्रकृति तथा स्रोत

कुनैपनि अध्ययन अनुसन्धानका लागि तथ्याङ्क एवम् सूचना अति महत्वपूर्ण तथ्य मानिन्छन् । सूचना एवम् तथ्याङ्कको अभावमा कुनैपनि अनुसन्धान पूरा हुन सक्दैन । प्रस्तुत अध्ययन काठमाडौ जिल्लाको काकेश्वरी मनोहरा नगरपालिका वडा नं. १ गागलफेदीमा रहेको काकेश्वरी मन्दिरको ऐतिहासिक तथा साँस्कृतिक अध्ययन गर्ने र विश्लेषण गर्ने उद्देश्यको साथ सम्पन्न भएको हो । यस अध्ययनको लागि निम्न स्रोतहरूको प्रयोग गरिएको छ ।

**प्राथमिक स्रोत**

काकेश्वरी मन्दिरको अध्ययनपत्र तयार पार्नको लागि मन्दिरको कार्यसँग सम्वन्धित विभिन्न व्यक्ति, पूजारी, गुठियार र स्थानीय व्यक्तिका साथै त्यसै ठाउँका अग्रजहरूसँग अन्तर्वार्ता लिइएको हो ।

**द्वितीयक स्रोत**

यसअन्तर्गत काकेश्वरी मनोहरा नगरपालिका, शिवलिङ्ग र शैवधर्मसँग सम्वन्धित पुस्तकहरूको अध्ययन, प्रकाशित  एवम् अप्रकाशित लेखरचनाहरू, पुराण तथा ग्रन्थहरूको अध्ययन गरिएको छ । यस

क्रममा गुठि र गुठियारबाट सङ्कलन गरिएका ढड्डा पनि अध्ययन भएका छन् । यिनै स्रोत सामग्रीमा उपलब्ध द्वितीयक तथ्याङ्क र सूचना विश्लेषण गरिएको छ ।

### १.७.७. तथ्याङ्कसङ्कलन विधि तथा औजार

वास्तवमा यो शोधका निम्ति प्राथमिक, द्वितीयक एवम् गुणात्मक विभिन्न किसिमका तथ्याङ्कहरू आवश्यक मानिएका छन् । यसमा पनि मूलतः यो अध्ययन प्राथमिक एवम् द्वितीयक तथ्याङ्कमा नै आधारित छ । द्वितीयक तथ्याङ्क एवम् सूचना विशेषगरी विभिन्न ग्रन्थ, प्रतिवेदन, लेखरचनाजस्ता सामग्रीहरूबाट सङ्कलन गरिएका छन् । उक्त सामग्रीको चर्चा पूर्वकार्य समीक्षा खण्डमा भएको छ । प्राथमिक तथ्याङ्क एवम् सूचना भने अध्ययन क्षेत्रबाटै अवलोकन, प्रश्नावली, अन्तर्वार्ता, सामूहिक जस्ता विधि प्रयोग गरी सङ्कलनमा ल्याइएका हुन् ।

#### १.७.७.१. पूर्वकार्य समीक्षा

अनुसन्धानका लागि आवश्यक पर्ने द्वितीयक स्रोत तथा सामग्रीहरूको सङ्कलन पूर्वकार्य समीक्षाबाट गरिएको छ । खासगरी काकेश्वरी मनोहरा नगरपालिका, महादेव र शिवलिङ्गका विषयमा लेखिएका प्रकाशित एवम् अप्रकाशित ग्रन्थ, लेखरचना, प्रतिवेदन जस्ता सामग्रीहरूको विश्लेषण पूर्वकार्य समीक्षामा भएको छ ।

#### १.७.७.२. स्थलगत सर्वेक्षण

प्रस्तुत अध्ययनमापनि  स्थलगत सर्वेक्षणलाई विशेषत प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको हो । यो विधिबाट अध्ययन क्षेत्रबाट अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, सामूहिक छलफल, अभिलेख सङ्कलन र अध्ययन, मूर्त तथा अमूर्त सम्पदा सङ्कलन र विश्लेषण, ऐतिहासिक कागज तथा दस्तावेज सङ्कलन र विश्लेषण एवम् तस्वीर सङ्कलन तथा विश्लेषण जस्ता विधिहरूको आवश्यकताअनुसार प्रयोग गरी अनुसन्धानका लागि उपयुक्त तथ्याङ्क एवम् सूचना सङ्कलनमा ल्याइएका छन् ।

**अवलोकन**

यस अध्ययनमा प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलन गर्ने उद्देश्यले अवलोकन विधिको प्रयोग गरिएको थियो । अवलोकन विधिबाट विशेषतः काकेश्वरी देवस्थल तथा त्यस क्षेत्रको अवस्था, त्यस क्षेत्रमा रहेका स्मारक, दैनिक रूपमा सम्पादन गरिने पूजा उपासना, वार्षिक रूपमा चल्ने मेला पर्वलगायतका क्रियाकलापहरूको अवस्था जानकारी लिएको हो । अवलोकनका क्रममा प्रयोग गरिएको अवलोकन निर्देशिका अनुसूची चारमा समावेश गरिएको छ ।

### अन्तर्वार्ता

प्रस्तुत अध्ययनमाविशेषतः प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलनका निमित्त अन्तर्वार्ता विधिको प्रयोग गरिएको थियो । स्थलगत अध्ययनका क्रममा मिति २०७८ श्रावण ३१, भाद्र १ गते ५ पुरुष र २ महिलाको गरी जम्मा ७ जनासँग अन्तर्वार्ता लिइएको हो । अन्तर्वार्ताका निमित्त व्यक्ति छनोट गर्दा प्रतिनिधित्वमूलक बनाउने विषयलाई प्रमुख आधार बनाइएको छ । अन्तर्वार्ता विधिबाट विशेषतः काकेश्वरी देवस्थलको उत्पत्ति तथा इतिहास, त्यस देवस्थलसँग सम्बन्धित मूर्त तथा अमूर्त सम्पदालगायतका विषयहरूको तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको थियो ।अन्तर्वार्ताका क्रममा सोधिएको प्रश्न अनुसूची दुई रसहभागी भएका व्यक्तिहरूको विवरण अनुसूची छमा समावेश गरिएको छ ।

### प्रश्नावली

यस अध्ययनमा प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलन गर्ने उद्देश्यले प्रश्नावली फारमको प्रयोग गरिएको थियो । स्थलगत अध्ययनमा पटकपटक गरी जम्मा १८ जनालाई प्रश्नावली फारम भराइएको हो । त्यसमा ११ पुरुष र ७ महिलाको सहभागिता थियो । त्यस्तै जातीय दृष्टिले ६ जना क्षेत्री, ५ जना ब्राह्मण, ५ जना तामाङ, १ नेवार र १ दलित समुदायका सहभागी भए । वडागत आधारमा हेर्दा सहभागीहरूले वडा नं. २ बाट २ जना र बाँकी १६ जना वडा नं. १ बाट देखिन्छन् । प्रश्नावलीका निमित्त व्यक्ति छनोट गर्दा प्रतिनिधित्वमूलक बनाउने विषयलाई प्रमुख आधार बनाइएको हो । प्रश्नावलीबाट विशेषतः काकेश्वरी देवस्थल तथा त्यस क्षेत्रको अवस्था, त्यस क्षेत्रमा रहेका स्मारक, दैनिक रूपमा सम्पादन गरिने पूजा उपासना, वार्षिक रूपमा चल्ने मेला पर्वलगायतका समग्रमा मूर्त तथा अमूर्त सम्पदाहरूको तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको हो । अनुसन्धानको क्रममा सोधिएको प्रश्नावली अनुसूची एक र प्रश्नावली भराइएका व्यक्तिहरूको विवरण अनुसूची पाँचमा समावेश गरिएको छ ।

### सामूहिक छलफल

प्रस्तुत अध्ययनमाविशेषतः प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलनका निमित्त सामूहिक छलफल विधिको प्रयोग गरिएको थियो । मिति २०७८, ५, १३ गतेका दिन दुईवटा सामूहिक छलफल आयोजना गरियो । प्रत्येक समूहमा ६ जना गरी जम्मा १२ जना सामूहिक छलफलमा सहभागी गराइए । उक्त १२ जनामा ८ पुरुष र ४ महिलाको सहभागिता थियो । सामूहिक छलफलका निमित्त व्यक्ति छनोट गर्दा सम्बन्धित विषयको ज्ञानको स्तरलाई प्रमुख आधार बनाइएको हो । सामूहिक छलफलमा विधिबाट विशेषतः काकेश्वरी देवस्थलको उत्पत्ति तथा इतिहास, त्यस देवस्थलसँग सम्बन्धित मूर्त तथा अमूर्त सम्पदा, देवस्थलको संरक्षण तथा संवर्द्धनको अवस्था, संरक्षण तथा संवर्द्धनको चुनौती, संरक्षण तथा संवर्द्धनका उपाय र संरक्षण तथा संवर्द्धनमा स्थानीय समुदाय, स्थानीय तह, स्थानीय क्षेत्रमा क्रियाशील सङ्घसंस्था, प्रदेश सरकार, सरकारको सम्बन्धित निकायले निर्वाह गर्नुपर्ने भूमिकाका लगायतका विषयमा

जानकारी सङ्कलन गरिएको थियो । सामूहिक छलफलमा सोधिएका प्रश्न अनुसूची तीन र सहभागीहरूको विवरण अनुसूची सातमा समावेश गरिएको छ ।

### अभिलेख सङ्कलन र अध्ययन

अभिलेख सङ्कलन र अध्ययनबाट समेत यस अध्ययनका निमित्त केही तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको थियो । यस देवस्थलमा रहेको शिवलिङ्गमा अभिलेख छैन । यद्दपि यस देवस्थलमा रहेका अन्य केही मूर्तिहरूको पादपीठमा भने अभिलेख पाइन्छन् । मन्दिर परिसरमा भएको गणेशको मूर्तिको पादपीठको अभिलेख, काकेश्वरी महादेवस्थल भन्दा पारीपट्टी भीरमा रहेको अभिलेख, जस्ता अभिलेखबाट यो देवस्थलको इतिहास, देवस्थलसँग सम्बन्धित मूर्त तथा अमूर्त सम्पदाका विषयमा जानकारी सङ्कलन गरिएको थियो ।

### मूर्त तथा अमूर्त सम्पदा सङ्कलन र विश्लेषण

यस अध्ययनमा मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको सङ्कलन र विश्लेषण गरिएको छ । मूर्त सांस्कृतिक सम्पदा सङ्कलन र विश्लेषणका क्रममा मूलतः काकेश्वरी देवस्थल, पार्वतीको मन्दिर, पाटी तथा सत्तल, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिँढी कागको मूर्ति, ॐ लेखिएको प्रस्तर शिला, गणेशको मूर्ति, शिवलिङ्ग, बसाहको मूर्ति, मन्दिरभित्र भएको शिवपार्वती आलिङ्गन मूर्ति, कुमारको मूर्ति, शिलालेख, भक्तजनले राखेका शिवलिङ्गहरू मन्दिर परिसरका पाइने अन्य भौतिक स्वरूपका सम्पदा समावेश गरिएका छन् । अमूर्त सम्पदाको हकमा युनेस्को अभिसन्धि २००३ ले वर्गीकरण गरेको मौखिक परम्परा एवम् अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँचवटा विधासँग सम्बन्धित सङ्कलन, वर्गीकरण एवम् विश्लेषण गरिएको हो ।

### ऐतिहासिक कागज तथा दस्तावेज सङ्कलन र विश्लेषण

ऐतिहासिक कागज तथा दस्तावेज सङ्कलन र विश्लेषणबाट पनि यस अध्ययनसँग सम्बन्धित कतिपय सन्दर्भका विषयमा तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको छ । यस क्रममा गुठीको लगत, देवस्थलसँग सम्बन्धित स्थानीय तहमा उपलब्ध कागजपत्र र मन्दिरमा पूजागर्दा चढाइने .सामग्रीहरू बारेमा लेखिएका दस्तावेजहरू सङ्कलन र विश्लेषण गरिएको हो । यसबाट काकेश्वर महादेवस्थलका नाममा राजगुठीअन्तर्गत रहेको जग्गा, यहाँ भएका विशेषतः भौतिक सम्पदाको निर्माण तथा जीर्णोद्धार, मन्दिरमा पूजागर्दा चढाइने सामग्री, पुजारी परम्परा, वार्षिक रूपमा चल्ने मेलापर्व तथा पूजा प्रचलन जस्ता पक्षका बारेमा तथ्याङ्क एवम् सूचना सङ्कलन गरिएको थियो ।

**तस्वीर सङ्कलन तथा विश्लेषण**

प्राथमिक तथ्याङ्ग एवम् सूचना सङ्कलनका निमित्त प्रस्तुत अध्ययनमाविशेषतः तस्वीर सङ्कलन तथा विश्लेषण विधिको प्रयोग गरिएको थियो । यस अध्ययनका क्रममा ... वटा तस्वीर सङ्कलन तथा विश्लेषण गरिएको हो । तस्वीर सङ्कलन तथा विश्लेषण विधिबाट विशेषतः काकेश्वरी देवस्थलसँग सम्बन्धित मूर्त तथा अमूर्त सम्पदालगायतका विषयमा जानकारी सङ्कलन गरिएको थियो । सङ्कलन तथा विश्लेषण गरिएका तस्बिरहरू अनुसूची आठमा प्रस्तुती गरिएको छन् ।

### १.७.७.३. औजार तथा उपकरण

स्थलगत अध्ययनका क्रममा आवश्यक पर्ने प्रश्नावली, अवलोकन निर्देशिका, कलम, कापी, क्यामेरा, रेर्कडको लागि मोवाइल फोन जस्ता स्रोत र साधन प्रयोग भएका छन् । त्यस्तै गरी शोधप्रवन्ध तयार पार्ने क्रममा कम्प्युटर, ल्यावटप, फोटोकपि, स्केनर जस्ता अन्य आवश्यक औजार तथा उपकरणहरूको प्रयोग पनि भएको छ ।

### १.७.८. नमुना छनोट प्रक्रिया

काकेश्वरी मन्दिरको अध्ययन गर्ने क्रममा नमुना छनोट पक्रियामा संभावनारहित नमुना छनोट विधिअन्तर्गतको उद्देश्यपूर्ण नमुना छनोट र स्वेच्छापूर्ण नमुना छनोट विधिलाई प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमाअन्तर्वार्ताका निमित्त ५ पुरुष र २ महिलाको गरी जम्मा ७ जना, प्रश्नावलीका लागि ११ पुरुष र ७ महिला गरी जम्मा १८ जनामा ६ जना क्षेत्री, ५ जना ब्राह्मण, ५ जना तामाङ, १ नेवार र १ दलित र वडागत आधारमा वडा नं. २ बाट २ जना र १६ जना वडा नं. १ बाट, सामूहिक छलफलमा निमित्त ८ पुरुष र ४ महिला गरी जम्मा १२ जनालाई यस अध्ययनमा सूचना स्रोत व्यक्तिका रूपमा सहभागी गराइएको हो । यसरी प्रतिनिधित्व गराउँदा अन्तर्वार्ता र प्रश्नावलीका निमित्त व्यक्ति छनोट गर्दा प्रतिनिधित्वमूलक बनाउने विषय र सामूहिक छलफलका निमित्त व्यक्ति छनोट गर्दा सम्बन्धित विषयको ज्ञानको स्तरलाई प्रमुख आधार बनाइएको हो । वौद्ध र हिन्दूधर्म मान्ने मानिसहरूको सामूहिक आस्थाको केन्द्रविन्दु भएकोले विशेषत हिन्दू पुजारी, बौद्ध लामा पुजारी र संस्कृतविद्बाट आएको कुराहरूलाई एक समूहमा र अर्को समूहमा स्थानीयहरूबाट आएको सूचनाहरूलाई सङ्क्लन गरिएको हो ।

### १.७.९. शोधकार्यको समयावधि

यस अनुसन्धानमा अध्ययन सामग्री तयारी, पूर्वकार्य समीक्षा, स्थलगत अध्ययन, तथ्याङ्क सङ्कलन र प्रशोधन, वर्गीकरण, विश्लेषण, प्रारम्भिक शोधपत्र तयारी र अन्तिम शोधपत्र उत्पादन जस्ता विभिन्न कार्यहरू गरिएका छन् । ती कार्य पूरा गर्नको लागि तीन महिनाको समय लागेको छ ।

**तालिका १: अध्ययनको समयअवधि विवरण**

| क.स. | सम्पादन गरिने कार्यविवरण | समय दिनमा |
|---|---|---|
| १. | अध्ययन सामग्री तयारी | ७ |
| २. | पूर्वकार्यको समीक्षा | १५ |
| ३. | स्थलगत अध्ययन | १० |
| ४. | तथ्याङ्क प्रशोधन | १० |
| ५. | तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | १० |
| ६. | प्रारम्भिक शोधपत्र तयार | १५ |
| ७. | अन्तिम शोधपत्र तयार | २० |
| ८. | मार्गदर्शकसँग सोधपुछ समय | ३ |
| | जम्मा | ९० |

**स्रोतः शोधार्थीको शोधकार्ययोजना**

## १.७.१०. अध्ययनकोसीमा

यो अनुसन्धान वा खोज कार्यलाई कागेश्वरी मनोहरा नगरपालिकाको कागेश्वरी मन्दिर परिसरभित्र मात्र केन्द्रित गरिएको छ । त्यसो भएकाले अध्ययन क्षेत्रका रूपमा यसको सीमा क्षेत्र कागेश्वरी मनोहरा नगरपालिकाको वडा नं.१ हो । विषयका आधारमा काकेश्वरीमा गरिने पूजा मेला जात्रा परम्परागत साँस्कृतिक पक्ष र कागेश्वरी मन्दिरको वास्तुकलालाई केन्द्रित गरिएको छ । यस शोध कार्यमा समेटिएको र नसमेटिएका पक्ष निम्न छन्:

**समेटिएको पक्ष**

- काकेश्वरी महादेवस्थलमा भएका मूर्त तथा अमूर्त संस्कृतिलाई यस अध्ययनमा समेटिएको छ ।
- यस अध्ययनमा इतिहासका पक्षलाई हेरी साहित्यिक र पुरातात्विक संरक्षण सर्म्वधनको अवस्थाको बारेमा जानकारी लिन अन्तर्वार्ता लिने र स्थानीय निकायको सरोकारको भूमिका के कस्तो छ भनेर खोजिएको छ ।
- अध्ययनका आधारमा देवस्थललाई कसरी संरक्षण र सम्वर्धन गर्न सकिन्छ भन्ने कुरालाई समेटिएको छ ।

**नसमेटिएका पक्ष**

- यहाँको  मन्दिर परिसरमा भएको लिपीको बारेमा यस शोधकार्यमा सुक्ष्म रूपले अध्ययन गरिएको छैन । यसको थप अनुसन्धान गर्न बाकी राखिएको छ ।
- पुरातात्विक अन्वेषण र उत्खननका कार्यहरू हेरिदैन ।
- इतिहास र संस्कृति बाहेकका अन्य पर्यावरण, पर्यटन जस्ता विषयलाई पनि यस शोधकार्यमा समेटिएको छैन ।

## १.७.११. तथ्याङ्कको विश्लेषण  एवम् प्रस्तुतिकरण

यस अध्ययनमा सङ्कलन गरिएका तथ्याङ्कहरू विभिन्न किसिमका विधिहरू प्रयोग गरी प्रशोधन गरिएका छन् । सङ्कलित सूचना एवम् तथ्याङ्कलाई प्रशोधनपछि गुण र विशेषताको आधारमा आवश्यकताअनुसार विभिन्न वर्गमा वर्गीकरण गरिएको हो । वर्गीकरणपछि अनुक्रम मिलाई विभिन्न परिच्छ्द, शीर्षक तथा उपशीर्षकमा विभाजन गरी शोधपत्र तयार पारिएको छ । गुणात्मक तथ्याङ्क एवम् सूचनालाई तुलनात्मक रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको हो ।

## १.७.१२. शोधकार्यको  रूपरेखा

रूपरेखा अनुसन्धान कार्यको एक स्वरूप हो । अध्ययन अनुसन्धान कार्य एवम् प्रतिवेदन कस्तो बन्दछ भन्ने  विषयको अग्रिम जानकारी  रूपरेखाले दिन्छ । वास्तवमा  कुनैपनि अध्ययन अनुसन्धानको महत्व आर्कषण, प्रभाव एवम् नियन्त्रण त्यसको रूपरेखाले नियन्त्रण गर्ने भएकोले यस कागेश्वरीको महादेवको अध्ययन अनुसन्धानलाई मुख्यतया सातवटा परिच्छेदमा वर्गीकरण गरिएको छ । जसअनुसार पहिलो परिच्छेदमा शोध परिचय, परिच्छेद दुईमा कागेश्वरी मनोहरा नगरपालिकाको परिचय, परिच्छेद तीनमा शैवधर्मको परिचय, परिच्छेद चारमा कागेश्वरी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा,परिच्छेद पाँचमाकागेश्वरी मन्दिर क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा, परिच्छेद छ माकागेश्वरी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदा व्यवस्थापनको अवस्था र  परिच्छेद सातमा सारसंक्षेप, उपलब्धि एवम् निष्कर्ष समावेश गरिएका छन् । यो शोधप्रबन्धमा एघारवटा अनुसूचीहरू छन् ।  उक्त अनुसूचीमध्ये पहिलोमा अनुसन्धानको क्रममा सोधिएको प्रश्नावली, दोस्रोमा अन्तर्वार्तामा सोधिएका  प्रश्न, तेस्रोमा सामूहिक छलफलमा सोधिएका प्रश्न, चौथोमा अवलोकन निर्देशिका, पाँचौमा प्रश्नावली भराइएका व्यक्तिहरूको विवरण, छैठौमा अन्तर्वार्तामा सहभागी गराइएका व्यक्तिहरूको विवरण, सातौमा  सामूहिक छलफलमा सहभागीहरूको विवरण, आठौमा गुठीको लगत, नवौमा संवत् १७४० लेखिएको अभिलेख तथा गणेशको पादपीठको लिच्छवि अभिलेख, अनुसूची दशौमा काकेश्वरी मनहरा नगरपालिकाको नक्सा र एघारौमा तस्बिर प्रस्तुत  गरिएको छ ।

# परिच्छेद–दुई

## काकेश्वरी मनोहरा नगरपालिकाको परिचय

नेपाल एक सानो भुपरिवेष्ठित मुलुक भए तापनि प्राकृतिक र साँस्कृतिक समपदाले सम्पन्न राष्टको रूपमा संसारभर प्रसिद्व छ । यहाँको भूगोललाई हेर्ने हो भने सामद्रिक सतहभन्दा ११२७ कि.मि. ९७०० माईल टाढादेखि विश्वको सर्वोच्च शिखर सगरमाथा सम्म विस्तारित छ । ८ हजार मिटरभन्दा अग्ला विश्वका १४ ओटा हिमालहरूमध्ये ८ ओटा नेपालमा अवस्थित छन् (खतिवडा र दाहाल,२०७२, पृ.४१५)। नेपाललाई भौगोलिक रूपमा हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ । त्यस्तै नेपाल जलस्रोतमा विश्वको दोस्रो धनी मुलुक हो । यहाँ रहेका प्रशस्त नदी तथा खोलानालाहरूले प्रदेश, अञ्चल, जिल्ला तथा स्थानीय तहको साँधसिमा विभाजन गरिदिएका छन् । यसरी विभाजन गरिएका स्थानीय तहमध्ये यो अध्ययन काठमाडौं जिल्लाअन्तर्गत पर्ने काकेश्वरी मनोहरा नगरपालिकामा केन्द्रित छ । अध्ययनको यस परिच्छेदमा सम्बन्धित स्थानीय तहको संक्षिप्त परिचय दिने प्रयास गरिएको हो ।

### २.१. भौगालिक परिचय

सात प्रदेशमा विभाजित गणतन्त्र नेपालको प्रदेश नं ३ मा पर्ने काकेश्वरी मनोहरा काठमाडौ जिल्लाअन्तर्गत रहेको महत्वपूर्ण नगरपालिका हो । काकेश्वरी मनोहरा नगरपालिका काठमाडौ जिल्लाको उत्तरपूर्वमा अवस्थित छ । काकेश्वरी देवस्थल वडा नं १ अवस्थित भएकाले यस अध्ययनलाई वडा नं १ मा केन्द्रित गरिएको हो । काकेश्वरी देवस्थल रहेको क्षेत्र राज्य पुर्नसंरचनाभन्दा अघि साविकको गागलफेदी गाविस वडा नं ७ मा पर्दथ्यो ।

काकेश्वरी मनोहरा नगरपालिका मिति २०७१ साल मंसिर १६ गते नेपाल सरकारको मन्त्री परिषद्को निणर्यबाट गठन भएको हो । यसअन्तर्गत साविकको गोठाटार, मूलपानी, डाँछी, भद्रबास, आलापोट र गागलफेदी गाविसहरू समायोजन गरिएका छन् । ९ वटा वडाहरूमा विभाजित यो नगरपालिका धार्मिक, साँस्कृतिक र प्राकृतिक स्रोत सम्पदाका दृष्टिले सम्पन्न छ । २७˙ ४१ं २०" देखि २७ ४६' ३३ उत्तरी अक्षांस र ८५ं २१' ४५ देखि ८५ं २८' १९" पूर्वी देशान्तरमा अवस्थित यो नगरपालिका समुद्रि सतहबाट १२९७ मिटरदेखि २२५८ मिटर उचाइमा रहेको https://kageshworimanoharamun.gov.np, shrawan 22, 2078। यो नगरपालिका २८.८० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । यस नगरपालिकाको हावापानी सम-सितोष्ण प्रकारको छ । भौगोलिकहिसाबले समथर जमिनदेखि शिवपुरी लेकसम्म अवस्थित छ । https://kageshworimanoharamun.gov.np/shrawan, 22,2078 .

## २.२. नामकरण

यो नगरपालिकाको नामाङ्कन ऐतिहासिक धार्मिकस्थल काकेश्वर महादेवस्थल र मनोहरा खोलाको नामबाट गरिएको हो । साविकको गागलफेदी गाविसमा अवस्थित काकेश्वर महादे**व** रहेको स्थल गागल शब्द तामाङ्ग भाषासँग सम्बन्धित छ । तामाङ्ग भाषामा 'गागल' भनेको अड्कनु हो (अन्तर्वार्ताः दलबहादुर तामाङ्ग) । यसको अर्थ पनि एक कथासँग जोडिएको छ । यस भेकमा तामाङ्ग जाति पनि बसोवास गर्दछन् । तामाङ्गहरू यहाँ कहिलेदेखि बसोवास गरे भन्ने कुरा प्रमाणित गर्ने कुनैपनि स्रोत सामग्री हिजोआजसम्म पनि पाइएका छैनन् । यद्दपि यिनीहरू प्राचीन समयदेखि नै बसोवास गर्दैआएको विश्वास गरिन्छ ।

प्रचलित एक जनश्रुतिअनुसार तामाङ्ग आमा र वुवा घुम्दै आउनेक्रममा यस भेकमा आइ यहाँ बसोवास कायम गरे । यिनीहरू गाई पालन गर्दथे । यो स्थानमा कुनैपनि रूखविरूवा हुँदैन थिए । उजाड थियो । गाई पालेर उनीहरूको गुजारा नचल्ने भयो । तामाङ्ग बाले अन्यत्र कतै जानुपर्ने कुरा भने । तर आमा जान मानिनन् । गौरी गाईलाई चराउन सधैजसो तामाङ्ग बा जाने गर्दथे । आमाले घरमा नै बसेर घाँस, गोबर, सोत्तर गर्ने र गौरी गाईको दूध तताएर राख्ने गर्दथिन् । तताएर राखेको दूध जहिले पनि आफै सकिन्थ्यो । यसको कारण र रहस्या कहिल्यै फेला परेन । एक दिन घरमा कुरेरबस्दा काग आएर लैजाने गरेको रहस्य थाहा भयो । कागले सधै उक्त दूध नजिकै रहेको एउटा ओडारमा लगेर चढाएको देखे । पछि यहाँ के छ भनि हेर्दा काकेश्वरीको उत्पत्ति भए । यो घटना वि.सं. १६४७ मा भएको चर्चा तामाङ्ग समुदायमा पाइन्छ (सामूहिक छलफल) ।

हिजोआज पनि यस देवस्थलमा तामाङ्ग बाले ढ्याङ्गो बजाएर पूजा गर्दछन् । उनीबाटै विधिवत् रूपमा गोँसाइथानबाट ल्याएको जल मणिचुडमा चढाई काकेश्वरीमा चढाउने चलन छ । जल चढाउँदा दाँया पाउ गोँसाइकुण्डमा र वायाँ पाउले काकेश्वरीमा टेक्ने गर्दछन् । यसपछि इन्द्रदहमा गएर चढाउँदछन् । गागलबासी तामाङ्ग समुदायले काकेश्वरी महादेवलाई आफ्नो गुरू मान्ने गरेको पाइन्छ । स्थनीय क्षेत्रमा उत्पादन हुने फलफूल पहिले काकेश्वरी महादेवलाई चढाएर मात्र खाने गर्दछन् । यो यहाँको उल्लेख्य चलन हो । त्यसैले यस देवस्थलमा पहिले लामा पुजारी थिए । अहिले ब्राह्मण पुजारीले पूजा तथा सम्पूर्ण धार्मिक अनुष्ठान सम्पन्न गर्दछन् (सामूहिक छलफल) ।हाल गागलफेदीसमेत नौवटा गाविस समायोजन गरी काकेश्वरी मनोहरा नगरपालिकाको निर्माण भएको छ ।

मनोहरा कागेश्वरी नगरपालिकासँग जोडिएको नाम हो । यहाँ प्रवाहित नदीलाई हिजोआज मनहरा भनिन्छ । प्राचीन तथा मध्यकालमा उक्त नदीलाई मणिमति, मनमति, मनमत्ता र मदरा जस्ता नामले चिनिन्थ्यो । हिजोआज वोलिने मनोहरा शब्द प्राचीन तथा मध्यकालमा प्रयोग गरिएका मणिमति, मनमति, मनमत्ता र मदरा शब्दकै रूपान्तरित पदावली हो (ढकाल, २०७५,पृ. ७२०)। त्यसो हुँदा मनोहरा नाम मनमति, मनमत्ता र मदरा शब्दबाट अपभ्रंश हुदै रहेको हुनसक्ने सम्भावना देखिन्छ ।

काकेश्वरको पूर्व र बज्रयोगिनीको उत्तरमा मणिचूड कुण्ड पर्दछ । काकेश्वरमा तपस्या गरिरहनु भएका भगवान् शिवलाई काकको रूपमा आउनु भएकी भगवतीले देखाए पछि शिवजी आफ्नो लिङ्ग शरीरलाई त्यही छाडेर मणिचूड पर्वतमा आए । दोलाचल पर्वतको उत्तरपट्टी रहेको शिवपुरीको काखमा जहाँ मणिमय पर्वतहरू छन् । त्यसैको शिखरमा अघि ब्रम्हाजीले एउटा तलाउ बनाउनु भएको थियो । मणि र धातुले बनेको त्यस पहाडमा मणिको ढुङ्गाका बीचमा एउटा तीर्थ छ । त्यसै ठाँउमा सम्पूर्ण प्राणीको हितका निमित्त ब्रम्हाजीले जप गर्नुभएको थियो । उक्त तलाउको वीचमा भगवान् महेश्वरको आह्वान गर्नुभयो । त्यसै बीचमा महाप्रभु मणि शिरमा लगाउने भगवान् शङ्कर उत्पन्न हुनुभयो (ढकाल, २०७५, पृ. ७२० श्लोक २०-२२) ।

मणिको लिङ्ग भएका महेश्वरको चूडामणिको मणिबाट पवित्र जल झर्ने भएको हुँदा यस नदिलाई मणिमती भनिएको हो । जहाँ श्रावण पूर्णिमाको दिन एकपटक भएपनि स्नान गर्नुपर्ने शास्त्र वचन छ । कोही व्यक्ति मणिमती वा मनोहरामा भक्तिपूर्वक स्नान गरेर दोलाचल पर्वतमा उक्लिएर भगवान् विष्णुको दर्शन गर्छ त्यो व्यक्ति सम्पूर्ण पापबाट मुक्त भएर स-परिवार विष्णुलोकमा जान्छ भनि नेपालमहात्म्य हिमवत्खण्डः अध्याय ८८ को पृ. नं. ७२० देखि ७२२ सम्म वर्णन गरिएको छ ।

मणिमती श्रेष्ठ नदि हुन् । मणिमतीमा जुन नारीले स्नान गर्दछिन् पापबााट मुक्त भएर राम्री र पतिकी प्यारी हुने, पतिलाई आफ्नो वशमा राख्न सक्ने र बन्ध्या (बाँझी) नारीले पनि रूप र गुणलेयुक्त भएको सन्तान प्राप्त गर्दछिन भनेर पनि वर्णन गरिएको छ । नेपालमहात्म्य हिमवत्खण्ड  अध्याय १ मा बुद्धले मणिमय पर्वतमा बसेर तपस्या गर्दा उनको पसिनाबाट मणिमती नदि निस्किइन् । यिनै मणिमती मनमत्ता हुँदै मनोहरा नामले प्रसिद्ध भयो भनि लेखिएको छ (लेभी, २०३६, पृ. ५८ र ५९) ।

समग्रमा यो स्थानीय तहको नाम काकेश्वरी देवस्थल तथा मनहरा नदीको नामबाट रहेको देखिन्छ । काकेश्वरीको पूर्वोत्तर हुदै मणिमती⁄ मनोहरा बग्दछिन् । उत्तर पश्चिम हुदै वाग्मती बग्दछिन् । प्राचीनकालदेखि नै वाग्मती र मनोहरा बीचको भू-भागलाई पुण्य भूमि र धर्म भूमि मानिएको छ ।यस क्षेत्रको ऐतिहासिक मन्दिर काकेश्वरी र पूर्वको मनमति, मनमत्ता मदरा नाम हुदै मनोहरा नामबाट नगरपालिकाको नामकरण गरिएको सन्दर्भ निकै सान्दर्भिक एवम् प्रशंसनीय देखिन्छ । पुण्य, पवित्र र धर्म भूमिलाई महत्व दिएर त्यसको पहिचान स्थापित गर्ने प्रयास निकै अनुकरणीय हो । यसतर्फ सबैको ध्यान केन्द्रित हुन जरुरी छ ।

## २.३. जनसाङ्ख्क संरचना

काकेश्वरी मनोहरा नगरपालिकाले यस क्षेत्रको जनसाङ्ख्क संरचनाका विषयमा तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले वि.सं. २०६८ मा घरधुरी जनगणना सर्भेक्षण गरेको थियो । राष्ट्रिय जनगणनाअनुसार काकेश्वरी मनोहराको जनसंख्या ६०,२३७ थियो जसमा ब्राम्हण- १९७०६, क्षेत्री-

१९२५०, नेवार-६४५५, तामाङ- ५८६३, मगर- १४७३, राई- १२८१, सार्की- १००८, कामी- ९२७, अरु ४२७४ जना गरी छुट्याइएको छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा छः

**तालिका : २**

**वि.सं २०६८ को राष्ट्रिय जनगणना सर्वेक्षण अनुसार कागेश्वरी मनोहराको जनसाङ्ख्कि संरचना**

| क स. | जातीय सम्प्रदाय | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | १९७०६ | ३२.७१% |
| २ | क्षेत्री | १९२५० | ३१.९६% |
| ३ | नेवार | ६४५५ | १०.७२% |
| ४ | तामाङ | ५८६३ | ९.७३% |
| ५ | मगर | १४७३ | २.४५% |
| ६ | राइ | १२८१ | २.१३% |
| ७ | सार्की | १००८ | १.६७% |
| ८ | कामी | ९२७ | १.५४% |
| ९ | अन्य | ४२७४ | ७.१०% |
| | जम्मा | ६०२३७ | १००% |

स्रोतः वि.सं २०६८ को राष्ट्रिय जनगणना सर्वेक्षण

त्यसै गरी कागेश्वरी मनोहरा नगरपालिकाले २०७५ मा गरेको घरधुरी जनगणना सर्भेक्षणअनुसार यहाँ २६,१,६६ घरधुरी छन् । महिला ४९,६,३९ (४८.६० प्रतिशत) जना, पुरुष ५२,४,१२ (५१.३२ प्रतिशत) र तेस्रोलिङ्गी ५ गरी यस नगरपालिकामा जम्मा १,०२,१,३१ जनसङ्ख्या रहेको देखिन्छ । यहाँ विशेषतः नेवार, तामाङ्ग, ब्राम्हण, क्षेत्री र मगरहरूबसोवास गर्दछन्। https://kageshworimanoharamun.gov.np. । तर २०७५को जनगणनामा भने जातजातिको सङ्ख्या छुट्याइएको पाइएन ।

## २.४. शैक्षिक अवस्था

यस नगरपालिकामा बसोवास गर्ने ५ वर्ष माथि उमेर समूहको जनसङ्ख्यामध्ये ८५.२१% साक्षरता रहेको छ । यहाँ सामुदायिक विद्यालय १६, संस्थागत विद्यालय ४७, गुम्बा विद्यालय १ र महिला गृहिणी विद्यालय १ गरी जम्मा ६५ वटा रहेका छन् https://kageshworimanoharamun.gov.np/2078/4/22 .

## २.५. प्राकृतिक सम्पदा

प्राकृतिक सम्पदाहरूमा यहाँ शिवपूरी राष्टिय निकुञ्ज सबैभन्दा नजिक पर्दछ । त्यसैगरी यस नगरपालिकाअर्न्तगत पर्ने मुख्य नदिहरू वाग्मती र मनोहरा रहेका छन् । भने सोको अलावा साना खोलाहरू वासुकी, भ्ररूवा, ढकाल, काकेश्वर महादेव लगायत नियमित पानीको वहाव रहने अन्य साना खोल्सा खोल्सीहरू समेत रहेका छन् । काठमाडौं उपत्यकाबाट नजिक रहेको पूर्वमा चिसापानीदेखि पशिचममा ककनीसम्म फैलिएको शिवपुरी राष्ट्रिय निकुञ्ज यहाँ पनि पर्दछ । शिवपुरी जलाधार क्षेत्रको रूपमा सन् १९८९ मा स्थापित यसको क्षेत्रफल १४४ वर्ग कि.मी थियो । सन् २००२ मा यसलाई शिवपुरी राष्ट्रिय निकुञ्ज नाम दिइयो ।  वि. सं २०६५ मा नागार्जुन क्षेत्रको १५ वर्ग कि.मी. क्षेत्रफल समेटेर १५९ वर्ग कि.मी क्षेत्रफलको शिवपुरी राष्ट्रिय निकुञ्ज बनाइएको हो । यस निकुञ्जको उत्तर दक्षिण चौडाई सरदर ९ कि.मी.र पूर्व पश्चिम लम्बाईसरदर २० कि.मी. रहेको छ । शिवपूरी शिखरको उचाई २,७३२ मिटर छ उत्तरी ढलानको सिमाना समुद्र सतहबाट १,००० मिटर र दक्षिणी ढलानको सिमाना १,५०० मिटर उचाईमा छ । यस क्षेत्रबाट प्रतिदिन करिब १० लाख घनमिटर पानी उपलब्ध हुन्छ । शिवपुरीको सम्पूर्ण डाँडा उपोष्ण तथा शीतोष्ण क्षेत्रमा पर्दछ । यहाँको हावापानी, भू-बनोट , माटो तथा जैविक तत्वहरूले गर्दा प्राकृतिक वनको संरचनामा विभिन्नता ल्याएको देखिन्छ । १८०० मिटरभन्दा तलका दक्षिण मोहडा  भएका  डाँडाहरूमा खोटेसल्ला, चिलाउने, कटुसको वन खोल्साको किनारामा मुख्य रूपमा उतिस पाइन्छ । माथिल्लो भेकमा खस्रु, बाँभ्र, भ्रिगाने,लिसा, गुँरास, ढालेकटुस, काफल, महुवा, टुनी, शिरषि, मयल, रानीसल्लो, मुसुरेकटुस, पांगर, ओखर, लाकुरी, जस्ता १२५० प्रजातीका वनस्पति पाइन्छ,  मिश्रित वन छन्  (htt://www.mofe.gov.np/shrawan,22,2078) ।

निकुञ्जको वनजङ्गल पूर्णरूपमा संरक्षण गरिएकोले यहाँ ३११ प्रजातिका चराचुरुङ्गी तथा पक्षी पाइए तापनि १७७ प्रजातिका बसाइसराइ गर्ने पक्षी छन् । किसिमका चरा, १०२ किसिमका पुतली र १२९ किसिमका च्याउ पाइन्छन् । यस जङ्गलमा दुर्लभ जन्तु ध्वाँसे चितुवा, भालु, चितुवा, रतुवा, बदैंल, जङ्गली बिराला, चरीबाघ, आसामी बाँदर, सालक, लंगुर लगायत विभिन्न जङ्गली जनावरको आश्रयस्थल हुनपुगेको छ(http://www.mofe.gov.np/shrawan,22,2078) ।यही निकुञ्जभित्र नै काकेश्वर महादेवस्थल भएकोले गर्दा निकुञ्जको भ्रमण गर्न आउनेका लागि धार्मिक स्थल पनि दर्शन गर्न पाएका छन् ।

## २.६. धार्मिक तथा ऐतिहासिक स्थल

काकेश्वर महादेवस्थल, नवतनधाम कृष्णप्रणामी मन्दिर, चम्पक विनायक मन्दिर, काष्ठभैरव मन्दिर, सिमतीर्थ गीता मन्दिर, तेज विनायक गणेश मन्दिर, सिद्धकाली मन्दिर, महांकाल भैरव मन्दिर, कोल्मतेश्वर, पुवारगाउँ कृष्ण मन्दिर, सेतीदेवी मन्दिर, कालीदेवी मन्दिर साथै अन्य देवीदेवता, गुम्बाहरू काकेश्वरी-मनोहरा नगरपालिकाको क्षेत्रभित्र रहेका मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरू हुन् ।

तिनीहरू क्रमशः काकेश्वर महादेवस्थल- वडा नं १, नवतनधाम कृष्णप्रणामी मन्दिर गोठाटार वडा नं ९, चम्पक विनायक मन्दिर डाँछी वडा नं ५, काष्ठभैरव मन्दिर डाँछी-५, सिमतीर्थ गीता मन्दिर मुलपानी वडा नं ७, तेज विनायक गणेश मन्दिर, सिद्धकाली मन्दिर डाछीँ वडा नं ४, महांकाल भैरव मन्दिर डाँछी वडा नं ५, कोल्मतेश्वर वडा नं ५ सिंखडागाँउ थली वाग्मतीको किनार, थली वालकुमारी मुलपानी वडा नं ७, र पुवारगाउँ कृष्ण मन्दिर वडा नं १, सेतीदेवी मन्दिर गागल १, कालीदेवी मन्दिर गागल १ साथै अन्य देवीदेवता, गुम्बाहरू जस्ता स्थलहरूरहेका छन् ।

## २.७. राजनीतिक सीमाङ्कन र विभाजन

काठमाडौ जिल्लाको उत्तर पूर्वी क्षेत्रमा काकेश्वरी मनोहरा नगरपालिका पर्दछ । यस नगरपालिकालाई पूर्वमा प्राचीन शहर साँखु/हालको शङ्खरापुर नगरपालिका, दक्षिण पूर्वमा भक्तपुर जिल्लाको मध्यपुर थिमी नगरपालिका र चागुँनारायण नगरपालिका, दक्षिण पश्चिममा काठमाडौं महानगरपालिका केहि वडा र उत्तर पश्चिममा गोर्कर्णेश्वर नगरपालिकाले साँधसीमा निर्धारण गरिदिएका छन् । गोठाटार, मूलपानी, डाँक्षी, भद्रबास, आलापोट र साविक गागलफेदी मिलाएर काकेश्वरी मनोहरा नगरपालिका बनेको हो । प्रशासनिक विभाजनअनुसार यस नगरपालिकामा ९ वटा वडाहरू छन् ।

## २.८. भौतिक पूर्वाधारको विकास

यस नगरपालिकाको सबै वडाहरूमा मोटर बाटोहरूको सुबिधा रहेको छ । काठमाण्डौको रत्नपार्कदेखि आवतजावत गर्ने सार्वजनिक यातायात गर्ने मुख्य बाटो कालोपत्रे गरिएको छ । भने अरु शाखा बाटोहरू कालोपत्रे विस्तारका क्रममा छन् । यहाँ सूचना र संचारका माध्यमहरू विकास भएको छ । स्वास्थ्यको लागि सुविधा सम्पन्न ठूला अस्पतालको लागि र शिक्षा उच्च तहको लागि भने काठमाण्डौ महानगरपालिका र अरू नगरपालिकामा नै पुग्नुपर्ने अवस्था रहेको छ । गान्धी तुलसी मनोहरा सामुदायिक अस्पताल यस नगरपालिकामा रहेको छ ।

## परिच्छेद–तीन

## शैवधर्मको परिचय

यो शोधपत्रकाकेश्वरी-मनोहरा नगरपालिका वडा नं. १ स्थित काकेश्वर महादेवस्थलको सांस्कृति अध्ययनसँग सम्बन्धित छ । त्यसो हुँदा शोधप्रवन्धमा काकेश्वर महादेवस्थलको विश्लेषण गर्नुभन्दा अघि धर्म, भगवान् शिव, शैव सम्प्रदायलगायतका विषयहरूको आधारभूत जानकारी उपलब्ध गराउन सान्दर्भिक देखिन्छ । अतः यस परिच्छेदमा धर्मको अर्थ, उत्पति र विकास, भगवान्शिवको अर्थ, शैवधर्मको उत्पत्ति र विकास एवम् नेपालमा शैवधर्मजस्ता पक्षको विश्लेषणबाट सम्बन्धित विषयकोआधारभूत जानकारी उपलब्ध गराउने प्रयास गरिएको हो ।

### ३.१. धर्मको अर्थ, उत्पति र विकास

धर्म भन्नाले कुनैपनि वस्तुको कहिल्यै नफेरिने विशेषता बुझिन्छ । यो धर्मको आफ्नो स्वभाव हो । आगोको धर्म तातो हुनु, पृथ्वीको धर्म गन्ध आउनु, बीउ उम्रनु अनि हावाको धर्म सुकाउनु भनेजस्तै मानिसको धर्म मानवता हो । धर्म धारणा हो, धर्म पालन गर्ने कुरा हो, धर्म कर्तब्य, अनुशासन, पहिचान,अस्तित्व र जीवनको आधार हो । धर्म भनेको जीव वा मानवको स्वभाविक गुण हो । मानवीय धर्म भनेको धैर्य रहनु ,सहनशील हुनु, आफ्नो मनलाई नियन्त्रण गर्नू, चोरी नगर्नु, शुद्वपवित्र रहनु, इन्द्रियलाई वशमा राख्नु सत्य बोल्नु नरिसाउनु कसैको हिंसा नगर्नु सात्विक आहार विहार गर्नु हो । वैदिक सनातन धर्मलाई आजकाल हिन्दू भनिन्छ । वेदमा सिन्धु भनिन्थ्यो भने कालिका पुराण, मेरुतन्त्र, शार्ङ्गधर पद्धति आदि ग्रन्थमा हिन्दुशब्दको प्रयोग भएको छ । धर्म शब्द धृ धातुबाट आएको हो जसको अर्थ धारण गर्नु भन्ने हुन्छ । *धारणात् धर्ममित्याहु* भन्ने अर्थमा धर्मले जगत्को रक्षागर्ने कुरा ल्याइएको छ (व्यास,२०१२,पृ.६९) ।

ऋग्वेदमा सर्वप्रथम धर्म शब्दको प्रयोग भएको छ । विष्णुले वामन अवतारमा तीन पदले विक्रम प्रदर्शित गरेर धर्मको रक्षा गरे भन्ने मन्त्र पाइन्छ । धर्मणा मित्रपरुणा विपश्चिता भन्ने मन्त्रमा धर्मको उल्लेख पाइन्छ । अथर्ववेदमा *धर्म धृतो (धर्म पालक) धर्मकृते धर्मात्मा* भनी उल्लेख गरिएको छ । केनोपनिषद्मा धर्ममा सदा वर्तमान रहन भनिएको छ । तैतरीयोपनिषदमा भने *धर्मचर'* को उपदेश पाइन्छ । नारदपरिव्राजकोपनिषद र मनुस्मृति धृति, क्षमा, दया, अस्तेय, शौच, इन्द्रिय निगह, बद्धि, विद्या, सत्य, अक्रोध जस्ता सन्दर्भलाई धर्मका दश लक्षणहरू मानेका छन (सापकोटा,२०७२,पृ.१४) ।

ऋषि कणादले भनेका छन् लोकको उन्नति र परलोकको सुख धर्म हो - *यतोऽभ्दयो निश्रेयसः स धर्मः* । ऐतरेयब्राह्मणमा धार्मिक कर्मको सर्वाङ्ग स्वरूप धर्म हो भनिएको छ । परमहंस योगानन्दले भनेका छन् धर्म शब्दको अर्थ हुन्छ कानुन । विद्वान्हरूले धर्मको विभिन्न परिभाषा गरेका छन् । दुर्खिमले भनेका छन्-विश्वास र अभ्यासको त्यो एकत्व विधि जुन पवित्र वस्तुहरूसँग सम्बद्ध हुन्छ र एउटा विशेष नैतिक समुदाय जसलाई मन्दिर/ चर्च पनि भनिन्छ (सापकोटा, २०७२,पृ.१३-१५) । मनुस्मृतिअनुसार *धारणद् धर्म*

*इत्याहुर्धर्मो धारयते प्रजाः* जसको अर्थ धर्मद्वारा नै प्रजाको रक्षा हुन्छ । मनुस्मृतिका व्याख्याकार मेधातिथिअनुसार स्मृतिकारहरूले धर्मका पाँच स्वरूप मानेका छन् - (१) वर्ण धर्म, (२) आश्रम धर्म, (३) वर्णाश्रम धर्म, (४) नैमित्तिक धर्म (जस्तो प्रायश्चित) तथा (५) गुण धर्म (अभिषिकत राजाका संरक्षण सम्बन्धी कर्तव्य) (सापकोटा, २०७२,पृ.१७,र२०) ।

संस्कृत नेपाली शब्दकोशमा धर्मको अर्थ - धर्मः (पुरुष) १. धर्मराज, २. युधिष्ठिर, ३. उपनिषद्, ४. तरिका, ५. भक्ति, ६. सत्सङ्ग, ७. यज्ञ, .समानता, ९. नियम, १०. इमान, ११.न्याय/इन्साफ, १२. कानुन, १३. धर्मशास्त्र, १४. अलङ्कार शास्त्रमा उपमेय र उपमानमा समान रूपले रहने धर्म, १५. उचित अनुचितको विचार गर्ने चित्तवृत्ति, १६. माता, पिता, गुरु आदिको त्यस्तो वचन वा मत जुन पालना गर्दा इहलोक, परलोकमा सुख र ईश्वर प्राप्ति हुन्छ । १७. त्यस्तो कर्म जुन गर्नाले यो लोकमा सुख, शान्ति र जनकल्याण हुन्छ, १८.कुनै वस्तुको गुण जस्तै पानीको धर्म चिसो र आगाको धर्म तातो हुनु, १९. ब्रम्हाजीको दाहिने स्तनबाट उत्पन्न सम्पूर्ण लोकलाई सुख दिने एक देवता, २०. धरति विश्वम् यस्तो विग्रहमा धृञ् धारणे, भ्वादि उभयपदीबाट अर्तिस्तुजस्ता कुराहरू चर्चा परेका छन् (सापकोटा, २०७२,पृ.२०) ।

इ.बी टाइलरअनुसार धर्म आध्यात्मिक शक्ति माथिको विश्वास हो । त्यसैगरी जेम्स फ्रेजरले धर्म भन्नाले मानवभन्दा उच्च त्यो शक्तिको सन्तुष्टि/आराधनालाई बुझ्छु भनेका छन् । त्यसै गरी मेलिनोस्कीअनुसार धर्म क्रियाको एक विधि र साथमा विश्वासको एक व्यवस्था हो । धर्मलाई आश्रम धर्म, वर्णश्रम धर्म, गुण धर्म, निमित्त धर्म, साधारण धर्म र विशिष्ट धर्मका विविध स्वरूपको वर्णन गरिएको छ (सापकोटा, २०७२,पृ.१६) । अङ्ग्रेजीमा धर्मलाई च्भष्निष्यल भनिन्छ । च्भष्निष्यल शब्द च्भष्निबचभ बाट आएको हो । जसको अर्थ बाध्नु हुन्छ । काँणेले धर्मको अर्थ खोजेर भनेकाछन् - धर्म शब्द ती संस्कृत शब्दहरूमध्येमा पर्दछ जसको प्रयोग अनेक अर्थमा हुँद आएको छ । वेदको भाषामा यस शब्दको त्यसबेला वास्तविक अर्थ के थियो भन्न गाह्रो छ स्पष्टतः यो शब्द 'धृ' धातुले बनेको छ जसको तात्पर्य हो धारण गर्नु, अबलम्बन गर्नु (सापकोटा, २०७२,पृ.१६)।

हिन्दू धर्मको उत्पति र विकास कहाँबाट भयो भन्ने सर्न्दभमा हिन्दू धर्म मानव सभ्यताको सबैभन्दा पुरानो धर्म मानिन्छ । हुन त अत्यन्तै प्राचीन समयदेखि नै मानिसहरूले अनेक ढङ्गले पूजाआजा गर्दथे । तापनि त्यस्तो खाले पूजाआजा व्यवस्थित नभई प्रकृतिसँगको डरत्रासको कारणले गर्ने गरिन्थ्यो । नियमवद्ध भई जीवनशैलीलाई नै धार्मिक नीति नियममा वाधेर पूजाआजा गर्ने देवदेवीहरू स्थापना गने जस्ता कार्यहरू भने पहिलो सनातनी परम्पराबाट प्रारम्भ भयो । अतः हिन्दूधर्मलाई सबैभन्दा पूरानो धर्म भनिएको हो (खत्री,२०३६,पृ.१८) ।

प्रारम्भमा यो धर्मको नाम हिन्दू धर्म थिएन । यस धर्मलाई सनातन धर्म भनिन्थ्यो । हिन्दू शब्दको उत्पति भने सिन्धु नदिको आधारमा भएको मानिन्छ । आजभन्दा पाँचहजार वर्षअघि सिन्ध

नदिको छेउछाउमा एक सभ्यता विकास भएको थियो । पर्सियनहरू वाहिरबाट बसाइ सराइ आएपछि उनीहरूले सिन्धु नदिलाई हिन्दू नामाकरण गरे । त्यसले गर्दा सो क्षेत्रमा बसोवास गर्ने मानिसहरूलाई हिन्दू र त्यस क्षेत्रलाई हिन्दूस्थान भन्न थालियो । हिन्दू धर्मका खास संस्थापक कोहि नभए तापनि सिन्धु क्षेत्रमा बसोवास गर्दैआएका मानिसहरूको धर्म, संस्कृति र सभ्यताको विकास हुदै गयो भन्ने विश्वास रहेको छ । म्याक्समुलर जस्ता ब्रम्ह ज्ञानीले हिन्दूत्वको प्रारम्भ इसापूर्व ३ हजार वर्ष मान्दछन् । यो भनाईअनुसार यूरोपियन मूलका कुनै खास जाति भारतमा आएर सिन्धु, गङ्गा, ब्रम्हपुत्र आदि नदिको किनारमा बसोवास गर्न थालेपछि तिनीहरूलाई आर्य वा कुलिन भन्न थालियो (सापकोटा, २०७२,पृ.४३) ।

भारतमा स्थापित भइसकेपछि उनीहरूले जुन विचार धारणा प्रतिपादन गरे यसैलाई हिन्दू धर्म भनियो । अनेकौ विद्वान्  मानिसहरूको खोजको परिणामबाट नै यो धर्मको निमार्ण भएको हो ।  यसरी इस्वीको प्रारम्भिक चरणमा आइपुग्दा हिन्दू धर्म अनेक स्वरूपमा देखापर्न थालिसकेको थियो । हिन्दू धर्ममुख्य रूपले निम्न विशेषताहरूका साथ विकसित हुदै गयो । धेरै देवीदेवतामा विश्वास राख्नु, देवताको प्रतिमा निर्माण गरी त्यसमा पूजा उपाषना गर्नु, विभिन्न शाखा तथा उपशाखाहरूमा रहनु, अनेकतामा एकता कायम हुनु, वर्ण र जातिलाई महत्व दिनु, त्रि-ऋण र पञ्चमहायज्ञको व्यवस्था हुनु, पुर्नःजन्ममा विश्वास राख्नु, विभिन्न प्रकारका संस्कारहरूलाई मान्यता दिनु, उच्चस्तरीय नैतिक मान्यतालाई आधार मान्नु , धर्मलाई मानव र्कतव्यको रूपमा अंगिकार गर्नु र कर्ममा विशेष जोड दिनु जस्ता कुराहरूले गर्दा हिन्दू धर्मलाई ज्यादै उन्नत धर्मको रूपमा विकास गरायो । यसले व्यक्ति, समाज र राज्य सञ्चालन पद्धतिलाई समटेर धर्म ज्ञान गुण र चिन्तनलाई समेत विश्लेषण गरेको छ । यसमा भएका राम्रा पक्षहरूको कारणले गर्दा नै कतितपय प्राचिन धर्महरू लोप भएर जादा पनि यो धर्म फस्टाएर गएको छ ( सापकोटा, २०७२,पृ.५६) ।

धीरेन्द्रनाथ मजुमदार तथा गोपालशरणका अनुसार पृथ्वीको आफ्नो पृथक अस्तित्व लगभग दुईसय करोड वर्षपूर्व भएको हुनुपर्छ । त्यसयताको अवधिलाई पाँच विभिन्न कल्पमा विभाजन गर्न सकिन्छ । १५० करोड वर्षदेखि ५० करोड वर्ष पूर्वको अवधि आदिकल्प हो । १०० करोड वर्षदेखि ५० करोड वर्षपूर्वको अवधिलाई प्रादीकल्प मानिन्छ । ५० करोड देखि ३० करोड वर्ष पूर्वको अवधिलाई पूराकल्प भनिन्छ । २० करोड वर्षदेखि  १२ करोड वर्षपूर्वको अवधिमध्यकाल हो । ८ करोड वर्षदेखि वर्तमान अवधिसम्मलाईनुतनकल्प भनिन्छ  । मानिसको अभ्युदय नै यस युगमा भएको हो (सापकोटा, २०७२,पृ.२२; उदृत मजुम्दार,१९६४,पृ.७)  ।

जिन्स र जेफ्रअनुसार प्राचीनकालमा एउटा ठूलो तारा घुम्दै सूयैको नजिक पुग्दा सूर्यले ज्वार उत्पन्न गरायो र त्यो ज्वार ठण्डा भएर टुक्रिन जाँदा सौर्य परिवार बन्यो ( सापकोटा, २०७२,पृ.२३) । विगब्याङ थ्यौरीका अनुसार, सिद्वान्तकारहरू यो ब्रम्हाण्ड महाविस्फोटबाट बनेको मान्दछन् । यस सिद्वान्तले भनेको छ अरबौ वर्ष पहिले विश्वको पदार्थ अत्यन्त सघन थियो र दबाबको स्थितिमा आयोर दबाबका कारणले त्यसमा ग्याँस मेघमा बढ्योर महा विस्फोट भयो ग्याँस मेघ कयौ टुक्रामा टुक्रिएर

उछिट्टिए । ती टुक्रिएर उछिट्टिएका पदार्थ अहिले पनि उडिरहेका, भागिरहेका  छन् । ती पदार्थ टुक्राबाट निहारिकाबनेका हुन् । यसरी महा विस्फोटबाट बनेको हो (सापकोटा, २०७२,पृ.२३) । समाजशास्त्रका विद्वान सोरोकिनले मानिसको सामाजिक व्यवस्थालाई ३ श्रेणीमा बाँडेका छन् । चेतनात्मकबाट भावनात्मक र आर्दशनात्मक , मानिस चेतनात्मकबाट भावनात्मकमा आँउदा अन्य कुराका अतिरिक्त धार्मिक भावनाको विकास भएको अनुमान गरिन्छ (सापकोटा, २०७२,पृ.२३) ।

नेपालका पुराना जातिहरूमधये एक तामाङको धर्मग्रन्थ तम्बा कइतेनमा सन्तवीर लामाले सृष्टि सम्बन्धि धारणा यसरी लेखेकाछन् । निराकार आकाश, पृथ्वी केहि नदेखिने युगमा हावाको बज्र साकार रूप भयो, त्यो बज्र ब्रम्हाण्ड भरिको थियो ब्रम्ह्मण्डमाथि आगो, आगो माथि पानीकोतलाउ बन्यो । तलाउमा सेतो फिंज जम्दै माटो बन्यो त्यसपछि सुमेरु पर्वत खडा भयो । तिनै पर्वतदेखि पूर्व , पश्चिम, उत्तर,दक्षिण दिशार चारकोठा भएका दिशाहरू छुट्टिए । चारैदिशामा मनुष्यको जन्म हुन थाल्यो (सापकोटा, २०७२,पृ.; उदृत.लामा, २०४२,पृ.४११) ।

बैज्ञानिकहरू  ब्रम्हाण्डको उत्पत्तिको विषयमा निरन्तर खोजीमा छन् । पाँच तत्व - आकाश, वायु, अग्नि, जल र पृथ्वीबाट अघि बढेर पदार्थहरूको तत्वहरूमा फरक संख्यामा रहेका जम्मा १०८ वटा तत्वहरू रहने र प्रत्येक तत्वमा  परमाणु मूल तत्व हुने र परमाणुलाईलाई बैज्ञानिकहरूले टुक्र्याएपछि प्रोटोन, न्युटन इलेक्ट्रोन हुन्छन् भन्ने पत्ता लाग्यो र प्रोटोन र इलेक्ट्रोनभित्र क्वार्क र लेकोप कणहरू हुने कुरा पत्ता लाग्यो । त्यसपछि परमाणुलाई बाध्ँने र खियाएर बुढो पार्ने शक्ति पत्ता लाग्यो र हिग्सको कुरा प्रकाशमा आयो र यसैलाई गड पार्टिकल नाम दिइयो । गड पार्टिकलबाट गडसम्म पुग्ने प्रयास बैज्ञानिकहरूको जारी छ ।

## ३.२. भगवान्शिवको अर्थ

*वन्दे महानन्द मनन्तलीलं महेश्वरं सर्वविभुं महान्तम् ।*

*गौरीप्रियं कार्तिकविघ्नराजसमुद्भवम शंकरमादिदेवम् ॥* (शिवपुराण)

अर्थात् जगत्को उत्पत्ति स्थिति एवम् संहारका कारणभूत ब्रम्हा, विष्णु शिवस्वरूप प्रधान पुरुषधीश परमात्मा सदाशिवको नमस्कार गर्दछु (बन्जरा, २०७५,पृ.२) ।

*नमो रुद्राय हरय ब्रह्मने परमात्मने ।*

*प्रधान पुरुर्षशाय सर्गस्थित्यन्तकारिणे ॥* -लिङ्गपुराण)

अर्थात् जगत्को उत्पत्ति स्थिति एवम् संहारका ब्रह्मा, विष्णु शिवरूप प्रधान पुरुषाधीश सदा शिवको नमस्कार गर्दछु  (बन्जरा, २०७५,पृ.२) ।

सनातन वैदिक हिन्दूधर्ममा शिव र शिवलिङ्गको पूजा परम्परा सृष्टिको आदि कालदेखि नै चलिआएको प्राचीन परम्परा हो । यसको आदि र अन्त दुवै पत्ता लगाउन मानव त के चर्तमुख ब्रह्माले पनि सकेनन् । 'शिव' शब्दको अर्थ आठौं शताब्दीका प्रसिद्ध विद्वान् वाणभट्टले आफ्नो संस्कृत भाषाको अमर उपन्यास कादम्वरीको मङ्गल श्लोकमा *"शेते प्रलयकाले चराचरञ्जगत् अस्मिन् इति शिव"* भनेर स्पष्ट लेखेका छन् । जसको अर्थ सृष्टिको प्रलयकालमा कीटपतङ्ग मानव, देव, दानव आदि तथा अचर अर्थात् स्थावर आदि जगत् जसमा लय हुन्छ, त्यो लयको आधार नै शिव हो (स्वामी, २०६८, पृ.११७) ।

शिवको अर्थ 'शि' को अर्थ सम्पूर्ण दुष्कर्म क्षय र पाप नाश गर्ने हो भने 'व' को अर्थ मुक्ति दिनु हो । त्यसैले सम्पूर्ण पाप नाश गरेर जसले मुक्ति दिन्छ त्यसको नाम शिव हो र शिव नै पशुपति हो (स्वामी, २०६८, पृ.१३१) । शिवको साथ जोडिएको लिङ्ग शब्दको अर्थ स्कन्दपुराणको अवन्तिखण्डमा वेदव्यासले सृष्टि प्रलयकालमा ब्रम्हादेखि लिएर समस्त चराचर जगत् जसमा एकरूप भएर लय हुन्छ, त्यसलाई लिङ्ग भनिन्छ, भनेका छन् । *"लीनं अर्थ गमयति लिङ्गम्"* अर्थात् सक्ष्मरूपमा लुकेको अर्थलाई वोध गराउने साधनलाई लिङ्ग भनिन्छ । स्कन्दपुराणमा सबै-सम्पूर्णलाई आफैमा लीन गर्नुहुने भगवान्को स्वरूपलाई नै लिङ्ग भनिएको हो । शिवले सृष्टि, पालन तथा संहार लिनाका लागि लिङ्गरूप धारण गर्ने महेश्वर शिव हुनुहुन्छ (बन्जरा,२०७५,पृ.१२) ।

जसले त्रिगुणात्मक सृष्टि गर्दा रजोगुण स्वरूप सृष्टि गर्नु हुन्छ । प्रजापालन गर्दा विष्णुस्वरूप भएर पालन गर्नुहुन्छ । चराचर जगत्को प्रलय गर्दा संहाररूप शिव बनेर गर्नुहुन्छ । यस्तो त्रिगुणात्मकस्वरूप शिवलाई नमस्कार छ । यसै अनुरूप शिवलिङ्ग स्वरूपमा अर्थात् लिङ्ग चिन्ह प्रमाणस्वरूपमा शिव, विष्णु, ब्रम्हास्वरूपमा व्यापक हुनुहुन्छ ।

## ३.३. शैवधर्मको उत्पत्ति र विकास

हिन्दु जगत्मा प्रचलित धार्मिक मतहरूमा शैवधर्म वेदको रुद्ररूपी शिवको उपाषनाबाट शुरू भएको मानिन्छ । हिन्दुहरूका ३३ कोटी देवताहरूमा शिव विनाशकारी देवता हुन् । यहि शिवसँग सम्बंधित धर्मलाई शैवधर्म भनिन्छ । शैवधर्मालम्बीहरूको इष्टदेवता शिव हुन् । शैवधर्म पनि वेदको रुद्ररूपी शिवको उपाषनाबाट शूरू भएको मानिन्छ । रुद्र शिवको अर्को नाम हो । वैदिक साहित्यमा शिवलाई रुद्र, पशुपति, महादेव, महेश, ईशान, शंकर र हर आदि पनि भनिएको छ (खत्री, २०३६,पृ.१८) ।

शैवधर्मको इतिहास हेर्दा वैदिककाल भन्दा अघि अर्थात् प्रागऐतिहासिक कालसम्म पुग्न सकिन्छ । नवपाषाण युगमा नै खेतीपातीको उर्वरताको निम्ति लिङ्ग पूजा गर्ने चलन थियो । इशापूर्व तीनहजार वर्षको मानिने सिन्धुघाँटीको सभ्यताको अवशेषहरूमा साना ठूलो अनेक लिङ्गहरू पाउनुका साथै माटाको शिलमा जट्टाधारी मानव ध्यानमुद्रामा बसेको जसको वरिपरी विभिन्न जनावर, त्रिशुल, जङ्गल आदि अङ्कित गरिएका छन् (खत्री, २०३६,पृ.१९) ।

साहित्यिक स्रोतहरूको अध्ययन गर्दा वेदमा नै सबैभन्दा पहिले रुद्रको वणर्न गरिएको छ । ऋग्वेदमा शिवलाई सामान्य देवताको रूपमा लिइएको छ । ऋग्वेदमा रुद्रलाई जट्टाधारी, वायुमा विचरण गर्ने र अग्निसँग सम्बन्ध गरेर एक भयङ्कर एवम् विनासक शक्तिबाट मानिस र पशु दुबैको विनास गरिदिन्छन् र उनको क्रोधले रोगव्याध र महामारी आउँछ भनेर विध्वंशकारी शक्तिबाट बच्नको लागि ऋग्वैदिक आर्यहरूले उनको आराधना गर्न शुरु गरे ।(क्षेत्री र खतिवडा,२०५४,पृ.६१) ।

त्यतिवेलाका मानिसहरू रुद्रसँग एकदमै डराउथे र आफ्नो छोराछोरी र पशुधनको रक्षाको लागि रुद्रका स्तुति गर्दथे । ऋग्वेदमा शिवलाई आफ्नो प्रतापले रोगहरू निको पार्न सक्ने हजारौं औषधि र जडिबुटीहरू जान्ने कविराज  पनि भनिएको छ । रुद्रको रौद्र र सौम्य रूपको उल्लेख ऋग्वेदमा गरिएको छ । ऋग्वेद्को ३ वटा सूक्तहरूमा रुद्रको चर्चा परेको र चानचुन ७५ पटक उनको नाम ऋग्वेदमा आउँछ (क्षेत्री र खतिवडा, २०५४,पृ.६२) ।

यर्जुवेदमा आएर उनलाई *भिषक्* औषधि मुलो गर्ने देवताको रूपमा र यर्जुवेदसम्म आईपुग्दा पशुपति नाम निकै चर्चित हुदै अथर्ववेदमा रुद्रलाई कल्याणकारी देवता भनेर पहिलोपटक महादेव नामले सम्बोधन गरिएको छ । अर्थववेदमा भगवान् शिवका भव, सर्प, पशुपति, रुद्र, उग्र, महादेव र ईशान जस्ता सातवटा नामहरू पाइन्छन्  । अर्थववेदमा उनलाई अन्तरिक्षको स्वामी मान्दै उनको उपस्थिती आकाश, पृथ्वी, अन्तरिक्ष र विभिन्न दिशाहरूमा सवर्त्र भएको मान्छे , गाई, घोडा, बाखा र भडा गरी ५ प्रकारका पशुहरूको स्वामी पशुपति भनिएको छ (खतिवडा,२०३६,पृ.२०) ।

उपनिषद्कालमा कर्मकाण्डहरूले रुद्रलाई महादेव अर्थात देवताहरूमा ठूला देवताको रूपमा मानिएको छ । उपनिषद्हरूले शैवधर्मवारेमा मोक्षको मार्ग नै शिवको ध्यान गर्नु हो । अथर्वशिरस नामक उपनिषद्ले पनि शिवको महानताको गुण गाँउछ । यस उपनिषद्मा शिवले 'म एक्लै थिए, म एक्लै छु र म एक्लै हुनेछु, म सबैठाँउ र वस्तीमा उपस्थित छु' (क्षेत्री र खतिवडा, २०५४,पृ.६३) ।

श्वैताश्वर उपनिषद्मा शिवलाई पुरुष मानी उनका साथमा एक शक्ति स्वरूपको परिकल्पना गरिएको छ भने केन उपनिषद्मा उमाको उल्लेख पाइन्छ । यसले शिवका साथै *उमाहेमावती* नामको शक्तिको नामबाट उल्लेख गरी वणर्न परेको छ । उपनिषददेखि गुह्यकालसम्म आउँदा शैव सम्प्रदायले झण्डै वैदिक जस्तै कर्म काण्डमा आधारित सम्प्रदायको रूप लिइसकेको थियो । केन उपनिषदमा सतरुद्रको प्रार्थनाका लागि २ वटा मन्त्रहरू पनि वर्णित छन् । यी मन्त्रहरूअनुसार रूद्र स्वयम् समस्त प्राणी या भूतहरू अवस्थित छन् । यस्ता रुद्रले परमशान्त मूर्त भएर हामीतिर हेरुन । यस उपनिषद्ले भागवत् गीता भन्दा धेरै अघि नै भक्तिमार्गको बाटो खुलेकोर भक्तिको केन्द्रको रूपमा शिवलाई स्थापित गरेको कुरा भण्डारकरले उल्लेख गरेका छन् (क्षेत्री र खतिवडा, २०५४,पृ. ६३; उदृत भण्डारकर, १९४०, पृ १०५) ।

अथर्वशिरस नामक उपनिषले पनि शिवको महानताको गुण गाउँछ । यस उपनिषद्मा शिवले 'म एक्लै थिएँ, म एक्लै छु र म एक्लै हुनेछु, म सबैठाँउ र वस्तीमा उपस्थितछु' आदि वाक्य बोलेको प्रसंङ्ग परेको छ (क्षेत्री र खतिवडा, २०५४,पृ.६३) ।

महाकाव्यकालमा आएर शैवधर्म झन विकसित भएको पाइन्छ । महाभारतमा शिवलाई सर्वोच्च र शक्तिशाली देवताको रूपमा उल्लेख पाईन्छ । महाभारतमा तपस्या र योगबाट शिवत्व पाउन सकिने भएकोले उनलाई महायोगी पनि भनिएको छ । रामायण र महाभारत जस्ता महाकाव्य कालमा पनि शैवधर्म झन विकसित भएको पाइन्छ । महाभारतमा पाशुपत अस्त्रका निम्ति अजुर्न हिमालय गएको र किराँतरूपी शिवबाट युद्दमा परास्त भएपछि माटाको वेदी बनाएर शिव आराधना गरेको तर वेदी माथि उनले चढाएको फूल किँरातरूपी शिवको शरण परेको कुरा उल्लेख छ । महाभारतमा वनपर्व र द्रोणपर्वमा रूद्र शिवको महिमा उल्लेखित छ । द्रोण पर्वमा अर्जुन र कृष्ण दुबै हिमालय पवर्तमा गएर रुद्र शिवको स्तुति 'अजन्मा' 'जगतसृष्टा' 'अविकारी' भनेर गरेको उल्लेख परेको छ (खतिवडा, ई.२०१९ पृ.८२९-८३०) ।

महाभारतको सौप्तिक पर्वमा अश्वस्थामाले शिव आराधना गरेर खड्ग प्राप्त गरी एकैरातमा पाण्डव शिविरमा सुतेका पाँच पाण्डवपुत्रहरू र धृष्टद्युम्न लगायत पाण्डवका सेनाहरूलाई सखाप पारेको चर्चा परेको छ (खतिवडा, ई.२०१९,पृ.९६७-९७६) । युधिष्ठरले यस्तो कसरी हुनगयो भनेर कृष्णलाई प्रश्न गर्दा यो सबै घटना शंकरको शक्तिले भएको हो भन्ने जवाफ दिएको पाइन्छ । महाभारतको अनुशासन पर्वमा कालेश्वर लिङ्गोपासनाको चर्चा परेको छ (खतिवडा, ई.२०१९,पृ.१११४, श्लोक-१०)।

यस ग्रन्थमा शिवको वासस्थान कैलाश पवर्त रहेको चर्चा परेको छ । रामायण महाकाव्यमा पनि अनेकौ सन्दर्भहरूको वणर्न गरेर शिवको सर्वोच्चतालाई पुष्टि गर्ने प्रयास गरिएको छ । रामायणको युद्दकाण्डमा लङ्का विजयको लागि रामद्वारा रामेश्वरमा निमित्त पूजा र रामेश्वर शिवलिङ्गको स्थापना, शिवद्वारा कामदेव भष्म भएको र शिव विवाहको कथा, भागिरथ ऋषिद्वारा शिवको सहयोगले गङ्गालाई पृथ्वीमा अवतरण गराएको कथा, गणेश र कार्तीकेय जन्मको कथा, हलाहल विषपान, दष र सतीको कथा आदि अनेकौ प्रसङ्गहरू वणर्न गरिएका छन् (मोतीराम भट्ट रामायण, १९४४ ।पौराणिक कालमा रुद्र, शिव र शिव सम्प्रदायहरूको वृहत वणर्न पाइन्छ । भागवत पुराण, लिङ्गपुराण, वामन पुराण, शिवपुराण, वायु पुराण आदिमा शि र शैव सम्प्रदायको व्यापक चर्चा पाइन्छ ।

त्यसपछि इ.पू.छैटौ शताब्दीतिरका प्रसिद्ध वैयाकरण पाणिनीले आफ्नो प्रख्यात व्याकरण 'अष्टाध्यायीमा' रुद्रको भव र शर्वको नाम उल्लेख गरेका छन् । यसै समय मा बौद्धधर्मको पनि प्रादुर्भाव भयो र बौद्धधर्मग्रन्थहरूमा पनि शिवको, विष्णु तथा अन्य देवताका साथमा दिइएको छ । यस समयमा विद्वानहरूले ग्रन्थको रचना गर्न विशेष सुत्रको प्रतिपादन र प्रचलन गर्ने समयमा 'माहेश्वर सूत्र' जुन चाहि शिवबाट प्राप्त सूत्र मानिन्छ (खत्री, २०३६,पृ.२१) ।

ई.पू. तेस्रो शताब्दीका भारतीय शासक चन्द्रगुप्त मौर्यको दरवारमा युनानी राजदुतको रूपमा आएका मेघास्थनिजले शिवलाई पहाडी क्षेत्रमा प्रमुख रूपमा उपाषना गरिने देवताको रूपमा उल्लेख गरेका छन् । ई.पू. चौथो शताब्दीको कौटिल्यको अर्थशास्त्रमा त्यस समयका देवताको साथमा शिवको मन्दिर बनाएको चर्चा पाइन्छ । ई.पू. दोस्रो शताब्दीतिरका पतञ्जलीले आफ्नो महाभाष्यमा मौर्यहरूले शिव र स्कन्दका मूर्तिहरू विक्री गरेको चर्चा परेको छ । कल्हणको 'राजतरंगिणीमा' सम्राट अशोकका उत्तराधिकारीहरू मध्ये 'जलाउक' शैवमार्गी भएको चर्चा परेको छ (क्षेत्री र खतिवडा, २०५४,पृ.६४) ।

ईसाको प्रथम शताब्दीमा कुषाण राजाहरू पनि शिव भक्त थिए र उनीहरूको सिक्कामा साँढे र त्रिशुल चिन्ह अङ्कित गरिएका थिए । गुप्तकालमा आएर शैवधर्मको उन्नत्ति तीव्रगतिले भएको पाइन्छ । यस बखत अनेकौ शिवमूर्ति, शिवलिङ्ग र शिवालयहरू स्थापना भएको थिए । एकमुखे र पञ्चमुखे शिवलिङ्गहरू गुप्तकालमा नै बन्न थाले (क्षेत्री र खतिवडा, २०५४,पृ.६४-६५) । यसै समयमा कालिदास जस्ता कविले कुमारसम्भव जस्ता महाकाव्यको रचना गरे । यसै समयम अर्धनारिश्वर शिवको कल्पना शिव र पार्वतीको संयुक्त मूर्तिहरू निमार्ण गरिए । यसरी इस्वीको तेस्रो शताब्दीदेखि छैठौ शताब्दीसम्म शैवधर्मको बढि विकास भएको पाइन्छ ।

इस्वीको सातौ शताब्दीतिर भारत यात्रा गर्ने चिनियाँ यात्री ह्वेनसाङ्गले वनारसमा मात्र सयवटा शैव मन्दिर रहेको र दशहजार भन्दाबढि पाशुपत योगीहरू रहेको उल्लेख गरेकाछन (क्षेत्री र खतिवडा,२०५४,पृ.६५) ।

शैवधर्मको उत्पत्ति र विकास सँगसँगै शिवलाई वेग्लावेग्लै पूजाउपाषना गर्ने वर्गहरूको पनि विकास भयो । जसले आफ्नो विचार र सिद्धान्तअनुसार नै शिवको पूजा गर्दथे । पछि गएर विस्तारै विस्तारै यस्तो उपाषकहरूको वेग्ला वेग्लै शैव सम्प्रदायहरूको विकास भयो । यसमा मुख्यता पााशुपत सम्प्रदाय, शैव सम्प्रदाय, कापालिक सम्प्रदाय, कालामुख सम्प्रदाय र लिङ्गायत सम्प्रदाय जस्ता पाँच सम्प्रदायहरू देखिएका छन् । सबै सम्प्रदायमा साझा रूपमा 'लकुलिन' लकुलिश या लाकुल आदि शैव सम्प्रदायको संस्थापकको रूपमा र शिवको प्रथम अवतारको रूपमा मानिन्छन् । शिवको १८ अवतारहरूमध्ये लकुलिन आद्य अवतार मानिन्छ (क्षेत्री र खतिवडा,२०५४,पृ.६६) ।

## ३.४. लिङ्ग शब्दको अर्थ

लिङ्गको वास्तविक अर्थ "*लीनं प्रच्छन्नं, गमयति, बोधयतीति लिङ्गम्*" । जो अव्यक्त छ त्यसलाई प्रकटरूपमा देखाइदिने साधन विशेषलाइ लिङ्ग भनिन्छ (प्रपन्नाचार्य, २०६८,पृ.१२०)स्रोत) । लिङ्ग चतुर्दशकोटी ब्रह्माण्डको प्रतीक हो । चर्तेमुख ब्रह्मादेखि लिएर यो चराचर जगत् जसमा लय हुन्छ । समग्र जड, चेतन, जगत् जसमा एकाकार हुन्छ त्यसैलाई तत्ववेदी विद्वान्हरूले लिङ्ग भन्दछन् । आकाश अर्थात् पैकाशस्वरूप लिङ्गको पीठिका जलहरी पृथ्वी हो । त्यो लिङ्गमा चतुर्दशकोटी ब्रम्हाण्डका

तेत्तीसकोटी देवीदेवताहरूको पुजन एउटै लिङ्गमा हुन्छ जसले गर्दा सम्पूर्ण ब्रम्हाण्डको भौगोलिक आकार नै शिवलिङ्ग हो (स्वामी,२०६८,पृ.१२०) ।

*आकाशं लिङ्गमित्याहुः पृथिवी तस्य पीठिकाः ।*

*आलयः सर्वदेवानां लयनाल्लिघमुच्यते ॥* (स्कन्द पुराण, शैवसधाकरः)

*सर्वलिङ्गमयी भूमिः सर्व लिङ्गमयञ्जगत् ।*

*लिङ्गमयानि तीर्थानि सर्व लिङ्गे प्रतिष्ठितम् ॥*

*लीनार्थगमकं चिन्हं लिङ्गमित्यभिधीयते ।*

*लिङ्गमर्थ हि पुरूषं शिवं गमयतीत्यदः ।* (शिव पुराण, वि.सं.२०१६,पृ.१०७)

जसको अर्थ सम्पूर्ण विश्व नै लिङ्गमय भूमि हो भने सम्पूर्ण विश्व नै लिङ्गमय छ । यस विश्वमा हुने जति तीर्थहरू छन्, ती सवै लिङ्गमय छन् । किनभने ती सबै लिङ्गमा प्रतिष्ठित छन् । लिङ्ग चतुर्दशकोटी ब्रह्माण्डको प्रतीक हो । जसमा सम्पूर्ण जगतलीन हुन्छ । त्यस ब्रह्मलाई बोध गराउने चिन्हलाइ शास्त्रहरूमा लिङ्ग अर्थात् प्रमाणस्वरूप चिन्ह भनिन्छ । त्यसैले लिङ्गको अर्थ परात्पर परब्रह्मा परमात्मा शिव नै हो भन्ने बुझिन्छ (प्रपन्नाचार्य,२०६८, पृ.१२०) ।

शिव मात्रै यस्ता देवता हुन् जसको मूर्ति र लिङ्ग दुवैको पूजा हुन्छ । शिवको निराकार रूप नै शिवलिङ्ग हो । त्यसै गरी शिवको सकल (साकार) स्वरूपको प्रतीक विविध रूपका मूर्ति हुन् । यसैले निराकार (निष्कल) र रूपवान (सकल) दुवै रूपमा शिवको पूजा गरिन्छ । शिवपुराणमा विभिन्न प्रकारका लिङ्गपूजा गर्ने विधान बताइएको छ । सादा, मुख, अष्टोत्तरशत, सहस्र, धर र वाणलिङ्गको चर्चा पनि गरिएको छ । स्कन्दपुराणमा '*लयनालिङ्गमुच्यते*' भनेर लिङ्गलाई लय प्रलयसँग सामञ्जस्य गरिएको छ । सृष्टिको आदिमा लिङ्गबाटै सबै नै प्रकट हुन्छ (पौड्याल, २०६०,पृ.७८) ।

पृथ्वी जलमग्न भएको अवस्थामा विष्णु र ब्रम्हा मात्र थिए । एकदिन उनीहरू बिच पृथ्वीको उत्पत्ति र सृष्टि मैले गरेको र म नै ठूलो हुँ भन्ने विषयमा विवाद भयो । ती दुईका घमण्ड हटाउनर ज्ञान दिनको लागि त्यहाँ जलमा तेजोमय सानो लिङ्ग उत्पन्न भयो । विस्तारै ठूलो आकारमा बढ्दै गयो । अन्तरिक्षबाट ज्योर्तिलिङ्गको आकाशवाणी भयो हे ! ब्रम्हा यस संसारको सृष्टि मैले गरेको हुँ भनेर तिमीले झुट बोल्यौ यसरी घमण्ड गरेर बोल्नु हुदैन । हे ! विष्णु विश्वको पालना मैले गरेको छु भनेतापनि मेरै वरदानका कारणले तिमीले पालना गर्न सकेका छौ । यदि तिमीहरूले भनेका कुरा सत्य हो भने अगाडी रहेको तेजपुञ्जको त्यो केहो बुझ । त्यसको खम्बाको आदि रअन्त्य तुरुन्त पत्ता लगाई आउ भन्ने आदेश दिए । यसपछि ब्रम्हाले ज्योतिको टुप्पो पत्ता लगाउन सातलोकसम्म पुगे । कामधेनु गाई मार्फत शिवलिङ्ग हो भन्ने थाहा पाए । विष्णु पनि महातल लोकको पुछारमा पुगेको तेजोमय स्तम्भको/लिङ्गको

मूल खोज्दै आएको भन्ने प्रसङ्गमा नागले विष्णुलाई आफूलाई थाहा हुँदाहुँदै पनि तेजोमय लिङ्गको मूल किन खोजीरहनु भएको हो । यो त तेजोलिङ्ग महेश्वर हुन् । यसको आदि र अन्त्य कसैले पत्ता लगाउन सक्दैन । यसपछि ब्रम्हाले कामधेनु गाई ककेतकीफूल, बन्धुकफूल र जत्रापुष्पलाई झुट बोल्न लगाए । उनीहरूले ब्रम्हाको कुरामा साक्षी बसे । झुट बोल्दा विष्णुले शीर झुकाएको कुरा, अनि तेजःस्तम्भबाट आएको आवाज सुनेर ब्रम्हा र विष्णुले रुद्रलाई सम्झदै स्तुति गरेको र स्तुतिबाट खुशी भएर ज्योर्तिलिङ्गले तेजः स्तम्भको बीचबाट लिङ्गको दर्शन दिएको चर्चा परेको छ । त्यस दिनलाई वालाचतुर्दशीको दिन र शिवलिङ्गको उत्पत्ति भएको दिन मानिन्छ (रेग्मी,२०५३,पृ.५४-५६) ।

लिङ्गको उत्पति कसरी भयो भन्ने सन्दर्भमा एउटा कथा-एकदिन शुक्राचार्य शिवको दशर्न गर्न कैलासमा गए । शिवको दशर्नका लागि धेरै समय कुरे । तापनि शिवको दर्शन पाउनुभएन । किन कि शिव र पार्वती एकान्तमा समय विताइरहनु भएको थियो । धेरै समय कुर्दा पनि शिवको दशर्न नपाएपछि शुक्राचार्यले रिसाई शिवलाई "तपाई योनिस्थ-लिङ्गको रूपमा पुजितहुन परोस" भनि सराप दिए । त्यसपछि शिव-पार्वती लिङ्गरूपमा पुजित हुन शुरू भए । यो कुरा पुराणहरूमा पाइन्छ (बन्जरा, २०७५,पृ. १०) ।

शिवलिङ्ग भनेका चर्तुदशकोटि ब्रम्ह्यण्डको भौगोलिक प्रतीक मात्र हो । चर्तुदशकोटि ब्रम्हाण्डमा रहेका तेत्तीसकोटि देवी-देवताहरूको पूजा एउटै शिवलिङ्गमा हुने गर्दछ । शिवलिङ्गभित्र कपाली, पिङ्गल, भीम, विरूपाक्ष, विलोहित, शास्ता, अजैकपाद, अहिर्वुद्न्य, शम्भु, चण्ड र भव यी एकादश रूद्र तथा भूमि, जल, अगिन, मरूत, व्योम, क्षेत्रज्ञ, अर्क र निशाकर यी अष्ट मूर्तिहरूको पनि समावेश गरेर पूजा गर्ने गरिन्छ । आकाश नै लिङ्ग हो र पृथ्वी पिठीका अर्थात् जलहरी हो । लिङ्गमा चतुर्दशकोटि ब्रम्ह्यण्ड रे तेत्तीसकोटि देवी-देवताहरूको बास हुन्छ त्यसलाई *"आलयः सर्वदेवानाम्"* भनेर निर्देश गरेको छ । *"लयनाल्लिङ्ग मुच्यते"* लय हुन्छ ( प्रपन्नाचार्य,२०६८,पृ.१३२) ।

शिवलिङ्गको अर्थ मात्र होइन शास्त्रहरूले पञ्चमुखी शिवलिङ्गको दार्शनिक तथा तान्त्रिक अर्थसमेत प्रतिपादन गरेका छन् । तत्पुरुषमुख, अघोर, सद्योजात, वामदेव र ईशान पञ्चमुखी शिवलिङ्ग पाँच मुख हुन् । उक्त पञ्चमुखमा सद्योजात पशिचममुख पृथ्वीतत्व, वामदेव उत्तरमुख जलतत्व, दक्षिणमुख अघोर अग्नितत्व, तत्पुरुषमुख पूर्वदिशा वायुतत्व र ईशानमुखलाई उर्ध्वमुख आकाशतत्वको प्रतीक मानिन्छ । पञ्चतत्व शिवलिङ्ग पूजाको वैज्ञानिक दृष्टिकोण हो । यसरी वैज्ञानिक रहस्य सिद्व भएपछि कहिलेदेखि शिवलिङ्ग पुज्ने प्रथा चल्यो ? कसले सर्वप्रथम शिवलिङ्गको पूजा गरे ? कति प्रकारका शिवलिङ्ग हुन्छन् ? कुन वस्तुबाट शिवलिङ्ग बन्दथे ? भन्ने जानकारी प्राप्त गर्न सकिन्छ (प्रपन्नाचार्य, २०६८,पृ.१२२) ।

यस सन्दर्भमा स्कन्दपुराण केदारखण्ड तेह्रौ अध्यायमा प्रथम पटक शिवलिङ्ग पूजक ब्रह्मा थिए । उनले नीलमणिमय शिवलिङ्ग पूज्न गर्थे, देवराज इन्द्रले रत्नमय शिवलिङ्गको अर्चना गर्दथे । चन्द्रमाले

मुक्तामय, सूर्यले ताम्रमयमणि, त्यसबेलाका धनपति कुबेरले रौक्ममणिले बनेको, जलको अधिष्ठात्रा वरूणले रक्तमणिले बनेको शिवलिङ्गमा शिवको आरधना गर्ने, पितृहरूको शासक यमराजले नीलमणि शिवलिङ्ग, पवनदेवले काश्मीरी शिवलिङ्ग र रावणले स्वर्णमय शिवलिङ्गको नित्य आरधना गर्ने कुरा चर्चा परेको छ (प्रपन्नाचार्य, २०६८,पृ.१३३) ।

प्रन्नाचार्यले पौराणिक आधारमा (स्कन्दपुराण र नेपालमहात्म्य) विभिन्न किसिमका शिवलिङ्ग छन् भनेपनि मुल रूपमा भारतवर्ष र नेपालमा शिवलिङ्गका जलहरी नागर, द्रविड र वेशर गरी ३ शैलीका छन् । नागरशैलीको जलहरी चतुष्कोणाकारको हुने र उत्तर भारतमा यसको प्रचलन रहेको , द्रविडशैलीको जलहरी अष्टकोणाकारको हुने र दक्षिण भारतमा यसको प्रचलन छ । नागर र द्रविडको मिश्रण वेसरशैली हो र वेसर शैलीको जलहरी गोलाकार हुने र उत्तर भारतमा यसको एवं दक्षिण भारतको विच भागमा यस शैलीको प्रचलन छ नेपालमा प्राचीनकालदेखि नै नागर र बेसरशैलीका जलहरीहरू पाईएका छन् ( गुरुङ, २०७६,पृ.८) ।

शिवलिङ्गको प्रकार लिङ्गहरू चल र अचल गरी  दुई प्रकारका हुन्छन् । चल भन्नाले एकठाँउबाट अर्को ठाँउमा लैजान सकिने चल हो जुनचाही वालुवा, फूल भात, ढुङ्गा, श्रीखण्ड चन्दन जस्ता चीजहरूबाट बनाउने र आफ्नो अभिलाषा अनुसार प्रयोग भएपछि सेलाउने र यदि ढुङ्गाको हो भने आफूसँगै लिएर पनि हिड्न सकिन्छ । अचल भन्नाले स्थावर लिङ्ग भनिने एक ठाँउबाट अर्को ठाँउमा सार्न सकिदैन यो स्थायी रूपमा मन्दिर वा अन्य कुनै ठाँउमा स्थापना गरिएको हुन्छ । लिङ्गहरू धेरै प्रकारका छन् । गोपीनाथ रावका अनुसार, स्वयम्भुलिङ्ग - आफै/प्राकृतिक रूपमा निर्मित लिङ्गलाई स्वयम्भूलिङ्ग, दैविकलिङ्ग, अग्निज्वाला वा हत्केला आकारको लिङ्ग, गणपलिङ्ग- काक्रो, कागती वा विमिरो आकारको गणद्वारा स्थापित लिङ्ग, वाणलिङ्ग- प्राकृतिक रूपमा नदिमा पाइने लिङ्ग वाराणसी, सरस्वती, नवर्दा नदि र गण्डकीमा पाईने शालिक नै शिवलिङ्ग हुन् । मानुष लिङ्गः- मानवद्वारा सादा वा मुखाकृति सहित ब्रम्हसुत्र राखेर निर्माण गरी बनाइएको  लिङ्ग, अष्टोत्तरसय लिङ्ग- एकसय आठ वटा मुख कुदिएका लिङ्ग, सहस्त्रलिङ्गः- हजार मुख कुँदिएको लिङ्ग जुन नेपालको दुल्लु दैलेखमा रहेको छ । धरलिङ्गः- पाँचदेखि चौसट्ठी सम्म मुख कुँदिएको लिङ्ग हुन्छन् (राव,१९९७,भाग २.२,पृ.७९ देखि ११०) ।

स्वयम्भूलिङ्ग भन्नाले आफै प्राकृतिक रूपमा निर्मित लिङ्ग हुन् । स्वयम्भू लिङ्ग आफै उद्भव भई अनादिकालदेखि अस्तित्वमा रहेका हुन्छन् । जुनकालक्रमले जीर्ण भएमा तिनमा अग्नि, पशु,आदिका कारण क्षती पुगेमा खिइएमा शत्रु वा धर्मविरु मानवका कारण क्षति पुग्न गएमा तिनको जीर्णेद्धार गर्न आवश्यक नरहि केवल सामान्य संस्कार गरेपछि पूजायोग्य हुने कुरा आगमशास्त्रहरूमा बताइएका छन् । यदि यस्ता लिङ्ग भाँचिएमा संभव भएसम्म मूल सो भागलाई मूल भागसँग चाँदी वा सुनको पाताले जोड्नुपर्छ । स्वयम्भूलिङ्गमा ब्रम्हसुत्र रहदैन लिङ्गका विविध प्रकारहरू मध्ये लिङ्गको स्तर वर्गीकरण गर्दा स्वयम्भूलिङ्गलाई उत्तमोमाउत्तम अथार्त लिङ्गहरू मध्ये सबैभन्दा उत्तम रहेको कुरा सुप्रभेदागममा बताईएको छ । नेपालमा चौसट्ठी स्वयम्भूलिङ्ग रहेको छन् जसको वणर्न हिमवत्खण्ड पुराणमा गरिएको छ ।

भारतमा स्व्यम्भूलिङ्ग अठसट्ठी स्थानमा रहेकोकुरा रावले बताएका छन् राव, १९९७, भो.२.भाग १,पृ.८१-८५) ।

यस प्रकार ब्रम्हादेखि ब्राम्ह, ऐन्द्र, सौर्य, चान्द्र, कौबेर, बरूण, याम, नैऋत्, पावन, रावणादि सम्प्रदाय चलेको इतिहास ग्रन्थहरूमा पाइन्छ । जुनकुरा पुरातत्वविद्हरूले पनि अनुसन्धान गरी पत्ता लगाइसकेकाछन् । शिवलिङ्ग पूजन प्राचीन सम्प्रदाय हो भन्ने कुरा प्राचीनतम सभ्यता सिन्धुमा प्राप्त लिङ्गरूपले प्रमाणित गरेको छ । हरप्पाको उत्खननमा पनि सानासाना आकार, दुई फिट र त्योभन्दा बढी उचाई भएका ढुङ्गाका शिवलिङ्ग प्राप्त भएका छन् ( पौड्याल,२०५७,पृ.१९४; उदृत. ह्वीलर, १९६८, पृ. १०९) । मानवसभ्यताको प्रारम्भदेखि नै सुरु भएको लिङ्ग पूजा बिस्तारै व्यापक भएको देखिन्छ । भारतको प्राचीन शिवलिङ्गको उदाहरण भने गुडिमल्लममा र भिट्टामा प्राप्त शिवलिङ्गलाई औल्याउन सकिन्छ (राव, १९८५, पृ. ६७-६८) । के.एन. शास्त्रीले पुरुष देवताको पूजा सिन्धुघाँटीमा प्रचलित रहेको र शिवको लिङ्ग र प्राचीन स्वरूपको पूजा गरिने तथ्यबारे प्रकाश पारेकाछन् (पौड्याल,२०६०,पृ.७९) ।

नेपालमा सबैभन्दा धेरै शिवलिङ्गका पूजा गर्ने भक्तहरू छन् । नेपाल मन्दिरै मन्दिर भएको देश हो । त्यसमा पनि विशेषतः शिवालय र देवस्थलहरू काठमाडौं उपत्यकामा नै पाइन्छन् । अनेक जातजाति, भाषाभाषी, धर्मसंस्कृति नेपालको विशेषता हो । नेपाल सबैभन्दा पूरानो हिन्दूधर्म संस्कृति आदिको उद्गमस्थल मानिन्छ । यहाँ सबैभन्दा पहिले भग्वान् पशुपतिनाथको पूजा ब्रम्हाले गरेका थिए । कुबेरले स्थापना गरेको धनेश्वर शिवलिङ्ग नेपालमा नै छ । यस हिसाबले हेर्ने हो भने त्रेतायुगदेखि नै विभिन्न सम्प्रदायले शिवलिङ्ग पूजन र उपाषना गर्ने गर्दथे भन्न सकिन्छ (प्रपन्नाचार्य, २०६८,पृ.१२१) ।

वर्तमान समयमा नेपालमा नौ प्रकारका शिवलिङ्ग नभेटिए तापनि कौबेर सम्प्रदाय, ब्राम्हण सम्प्रदाय, वायव्य सम्प्रदायका शिवलिङ्गहरू पाइन्छन् । शिवलिङ्ग विशेषतः प्राकृतिक र कृतिम दुई प्रकारका हुन्छन् । मानवले निर्माण गरेर प्राण प्रतिष्ठा गरी पूजन गरेको लिङ्गलाई *"कृतम् निर्मितं मानवै"* भनिन्छ । प्राकृत भनेको प्रकृतिका गर्भभित्र भएका ढुङ्गाको शिवलिङ्ग हो । मूलतः दुई प्रकारका भए तापनि स्कन्दपुराण केदारखण्डको एकतीस अध्यायमा नीलमणि, मुकतमणि, प्रवाल, वैदूर्यमणि, चन्द्रवान्तमणि, गोमेद, पद्मरागमणि, मारतमणि, स्वर्णलिङ्ग, रजतलिङ्ग, ताम्रलिङ्ग,नागमणि, अन्यरत्न र धातुमय १४ प्रकारका शिवलिङ्गहरूको चर्चा पाइन्छ । यस बाहेक कतै-कतै काठका लिङ्ग पनि पूज्ने चलन छ ( प्रपन्नाचार्य, २०६८, पृ.१२२) ।

यसरी विभिन्न लिङ्गहरूको चर्चा गर्ने क्रममा ६४ शिवलिङ्गहरूमध्ये ३०औं क्रममा पर्ने काकेश्वर महादेवस्थलको शिवलिङ्ग स्वयम्भू शिवलिङ्ग हो । स्वयम्भू लिङ्ग भनेको कुनैपनि ऋषिमुनि, मानव, राक्षसगण र देवताबाट निर्मित नभइ आफै उत्पन्न भएको हो । भगवान् शिव आफै तपस्या गरिरहनु भएको समयमा महामाया भगवतीले काकको रूपमा आएर देखाइ दिएपछि भगवान् शिव लिङ्गरूपमा त्यहाँ रहनु भयो । अतः यो लिङ्ग स्वयम् शिवजीले मानव कल्याणको लागि वरदानको रूपमा आफ्नो

स्वरूपलाई छाडेर जानुहुदाँ उत्पति भएको हो (अन्तर्वार्ता: मणिराम अर्याल, २०७८,श्रावण ३१) । यो शिवलिङ्ग अन्य ठाँउको स्वयम्भूलिङ्ग जस्तो छैन । जमिनबाट थोरै माथि देखिने गोलाकार रूपमा उठेको हुनाले यसलाई शिरोभाग मानिन्छ । शिवलिङ्गको जलहरी कौबेर सम्प्रदायको हो । यसको जलहरी भने बीच-बीचमा फुटेको छ ।

नेपालमा प्रचलित धर्महरूमध्ये शैव धर्म सबभन्दा प्राचीन र लोकप्रिय धर्म हो । शिवको एन्थ्रोपोमर्फिक (मानव आकृति) मानवीनरीय, थेरीयान्थ्रोपीक (नर र पशुको मिश्रित रूप), फालस (लिङ्ग), थेरियोर्मफीक (पशु) आदि विभिन्न रूपमा पूजाआराधना गर्ने प्रचलन छ । वेदमा रुद्रको नामले आह्वान गरिएका, संहारकर्ताको रूपमा प्रसिद्दि पाएका देवता भए पनि शिवलाई सृष्टिको प्रतिकको रूपमा उनको लिङ्ग, स्वरूपको पूजाआराधना गर्ने परम्परा व्यापक छ । नेपाल र भारतका प्रसिद्ध मन्दिर, तीर्थस्थल र धाममा शिवको लिङ्ग स्वरूकै पूजा गरिन्छ (पौड्याल, २०५७, पृ. १९३) । के.एन. शास्त्रीले पुरुष देवताको पूजा सिन्धुघाँटीमा प्रचलित रहेको र शिवको लिङ्ग र प्राचीन स्वरूपको पूजा गरिने तथ्यबारे प्रकाश पारेकाछन् (पौड्याल,२०६०,पृ.७९) । नेपाल उपत्यकाको निर्माण कथामा भने पशुपतिको ज्योतिर्लिङ्ग उत्पति भएको प्रसङ्ग आउँछ (पौड्याल, २०५७, पृ. १९४) ।

## ३.५. नेपालमा शैवधर्म

नेपालमा शैवधर्मको प्राचीनताको यकिन गर्न नसकिएतापनि नेपाल शैवधर्मको केन्द्रको रूपमा प्राचीन समय देखि नै रहेको पाइन्छ । नेपाल महात्म्य⁄ हिमवत्खण्ड जस्ता पौराणिक ग्रन्थमा कथाहरू पाइन्छ । पुराणहरूमा भनिए अनुसार शिवको शीर नेपाल हो भने गिण भारतवर्ष हो । नेपाल महात्म्य⁄हिमवतखण्डअनुसार नेपालमा शैव धर्म सत्ययुगभन्दा पहिलेदेखि नै प्रचलित रहेको देखिन्छ । यी ग्रन्थअनुसार महादेवले मृगको रूप धारण गरेर वनविहार गरेका हुनाले त्यस वनको नाम मृगस्थली रहन गएको चर्चा पाइन्छ । गोपालकालको सामाजिक, आर्थिक जानकारी गर्ने स्रोत र साधनको बारेमा अनविज्ञ भए तापनि यस समयको धार्मिक अवस्थाका वारेमा विचार गर्ने आधार भने धेरै पाइन्छ । जसका आधार हो-गोपालहरूद्वारा स्थापित र पूजित शैव वा पाशुपत धर्म यो लिङ्गोपाषना वा प्रजनन् शक्तिका रूपमा प्राय संसारका सभ्यताहरूमा पाइएको छ । प्राचीन नेपालका गोपालहरूसँग सम्बन्ध राख्ने शैव पीठहरूमा पशुपति, गोपालेश्वर र ब्याघ्रेश्वर आदि हुन् (खनाल,२०५२,पृ.२७) ।  लिच्छविपूर्व नेपालमा शासन गर्नेमा किँरातहरूलाई मानिन्छ । किँरातहरूका कुलदेवता महादेव मानिएको छ । किँरातकालमा शैवधर्म राज धर्म मानिएको थियो ।

महाभारतमा हिमालयतिर आउँदा अर्जुन र किँरात रूप महादेवको युद्धको कुरा उल्लेख हुनु र पशुपति नजिकै किँरातेश्वर महादेवको लिङ्गरूपको स्थापना गरिनाले नेपालमा किँरातकालमा नै शैवधर्मको लोकप्रिय धर्मको रूपमा रहेको देखिन्छ । शैवधर्म नेपालमा अत्यन्तै प्राचीन समयमा नै लोकप्रिय थियो ।

भाषा वशावलीअनुसार पशुपतिको प्राचीन मन्दिर कुनै कारणले लडेर ज्योतिलिङ्ग पुरिएको अवस्थामा पछि कुनै ग्वालाले पत्ता लगाएपछि फेरी मन्दिर स्थापना गरिएको थियो (दाहाल,२०५८,पृ.८६) ।

लिच्छविहरूको आगमन भएपछि भने विभिन्न रूपले शैवधर्मले नेपालमा ख्याती पायो । इस्वीको पाचौँ शताब्दीदेखि प्रमाणिक रूपमा शिवसँग सम्वन्धित प्रमाणहरू प्राप्त भएका छन्, जसमा सबैभन्दा पुरानो शकसंवत ३८८/इस्वीको ४६६ मा नरवर्माद्वारा प्रतिष्ठा गरिएको लाजिमपाटको शिवलिङ्गलाई लिनुपर्छ र यसमा भएको अभिलेखमा शिवलिङ्ग स्थापित भएको समयमा बनेको एक शिवको मन्दिरको उल्लेख छ (वाङ्देल,२०३९,पृ.८८) । लिच्छवि राजा मानदेवको पालादेखि शिवलिङ्ग स्थापना गर्ने, शिव मन्दिरहरूको निर्माण, पूजाआजाको व्यवस्था गर्ने जस्ता कार्यहरूबाट र अंशुबर्माको समयदेखि जिष्णुगुप्त, विष्णुगुप्त, नरेन्द्रदेव, शिवदेव द्वितीय राजाहरू शैवधर्म मान्दथे र जयदेव द्वितीय बाहेक अरु राजाहरूले अंशुबर्माले लिएका शैव उपाधि "भगवत्पशुपतिभट्टारकपादानुगृहितः" जस्ता शब्दहरूले गर्दा राजाहरूलाई समेत भगवान पशुपतिको अनुग्रह पाएका परममाहेश्वर आदि भन्ने गरिन्थ्यो र पशुपतिनाथले पनि राजकीय सम्मान पाउन थालेको पाईन्छ अंशुबर्माको समय सम्बत् ३२ को साँगाको अभिलेखमा शिवजीको मङ्गलाचरण गरिएको र संवत् ३९ को चौपाटनको अभिलेखमा अंशुबर्माले पशुपति भेकमा थापिएका शैव मन्दिरहरूको व्यवस्थापनको लागि नियम बनाएको र अंशुबर्माकी बहिनी भोगदेवीले आफ्ना पति शुरसेनको नाममा थापेको मन्दिर शुरभोगेश्वर, भोगदेवीकी छोरी,र अंशुबर्माकी भाञ्जी भाग्यदेवीले थापेको लडितमहेश्वर र यिनका पुर्खाले थापेको दक्षिणेश्वर मन्दिरहरूको व्यवस्था *"अधःशालापाञ्चालिक"*हरूले गर्नुपर्ने कुरा पाईन्छ (रेग्मी,२०२६,पृ.२६०) ।

कतिपय राजाहरूले पशुपतिको नाममा मुद्रा निकाल्नुले गर्दा त्यस समयमा शैवधर्मको व्यापकताको बारेमा बुझ्न झन सजिलो हुन्छ । शैवधर्मका विभिन्न सम्प्रदायहरू नेपालमा लिच्छविकालमा नै लोकप्रिय भइसकेको बुझिन्छ । पूर्वमध्यकालमा राजाहरू गुणकामदेव, शिवदेव अर्थात् सिहदेवका पालामा शैवधर्मको विकास गरिएको र गोपालराज वंशावलीअनुसार, राजा गुणकामदेवले पशुपतिलाई एघारवटा कोष चढाएको र ईशानेश्वर मन्दिरमा तामाको छाना हालेको सुन्धाराको निर्माण गरी कोटीहोमसमेत गरेको चर्चा परेको छ । राजा जयदेव द्वितिय पछि जयस्थिती मल्लको शासनकालभन्दा अगाडि सम्मको समयमा शैवधर्म सम्बन्धि शिलालेख र प्रमाणहरू प्रशस्त नपाएपनि त्यसताकाको प्रमाण दिने वृष नामक मुद्रा त्र हो जसमा 'शिव' र 'वृष' शब्द वृषचित्रले शैवसम्प्रदायको प्रचलनको बारेमा जानकारी दिन्छ । ईस्वीको ८७९ तिर पशुपतिको सम्मानमा राजा राघवदेवले नेपाल संवतको प्रारम्भ गरेको हुनाले पनि त्यसताका शैवधर्मको स्थान रहेको थाहा हुन्छ । ईस्वीको बाह्रौ तेरौ शताब्दीतिर शैवधर्मसँग सम्बन्धित देवदेवीहरूको व्यापक पूजा र शिवका सादा लिङ्ग र मुखलिङ्गहरूको उपाषना ज्यादै प्रचलित भएको कुरा डि. आ. रेग्मीले लेखेकाछन् (क्षेत्री र खतिवडा, २०५४,पृ.२) ।

त्यसैगरी शिवदेव/सिंहदेव मुल रूपमा शिवका उपाषक थिए । उनले पशुपतिमा सुनको छाना हालेको चाँदीका कमल चढाएको, आफ्नो मुद्राको नाम नै शिवका राख्ने र त्यसमा महादेवका आकृति

कुदाउने तथा शंकराचार्य बोलाएर आफ्ना छोराहरूलाई दीक्षा दिलाएको चर्चा पाइन्छ (दाहाल, २०५८, पृ.११२ र ११३) । मध्यकालमा आउँदा अरि मल्ल, अभय मल्ल, यक्ष मल्लले यक्षेश्वर महादेवको स्थापना, पशुपतिको पूजाउपाषनामा नयाँ व्यवस्था मिलाएको चर्चा पाइन्छ (दाहाल, २०५८, पृ.१३०, १३१, १४५) । उत्तरमध्येकालमा आएर शैवधर्मको निकै विकास भएको कुरा जयस्थिती मल्ल, यक्ष मल्ल, प्रतापमल्ल जस्ता प्रतापि राजाहरूले भगवान पशुपतिनाथसँग सम्बन्धित उपाधि  धारण गरेका र जयस्थिती मल्लको समयमा जयभिम मल्लले पाटनको कुम्भेश्वर मन्दिर निमार्ण गरेका , यक्ष मल्लले यक्षेश्वर महादेवको भक्तपुरमा स्थापना र प्रतापमल्ले हनुमानढोका कालभैरवको मूर्ति स्थापना गरेका र वि.सं १७११ मा रानी भुवनलक्ष्मीले आफ्ना स्व. पति भुपेन्द्र मल्लको सम्झनामा काकेश्वर शिवलिङ्गको स्थापना गरेको पाईन्छ । त्यसैगरी शाहकालमा शैवधर्म प्रमुख धर्मको रूपमा भएको र गोरखनाथलाई नेपालमा शिवजीको एकरूप मानिन्छ । प्राचीन समयदेखि आजसम्म पनि नेपालमा शैवधर्मले जरो गाडेको कुरा यहाँको चाडपर्व जात्रामेला, यहाँ मनाउने श्रावण सोमबार, सोमबार, बालाचतुर्दशी, शिवरात्री, जनैपूर्णिमा गंगादशहरा जस्ता पर्वहरूले स्पष्ट पार्दछ ।

# परिच्छेद चार

# काकेश्वरी महादेव क्षेत्रका मूर्तसांस्कृतिक सम्पदा

परिच्छेद चार प्रस्तुत शोधप्रवन्धको पहिलो समस्या सम्वोधन तथा विशिष्ट उद्देश्य परिपूतिसँग सम्बन्धित छ । अतः काकेश्वरी महादेव क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा मूल शीर्षकअन्तर्गतअनुक्रमका आधारमा संस्कृतिसम्बन्धी अवधारणा, संस्कृतिको स्वरूप, संस्कृतिको महत्त्व एवम् उपयोगिता, नेपाली संस्कृतिका केही महत्त्वपूर्ण पक्षहरूअध्ययनको पहिलो उद्देश्य कागेश्वरी मन्दिरमूर्त सांस्कृतिक सम्पदा जस्ता पक्षको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ४.१. संस्कृतिसम्बन्धी अवधारणा

संस्कृति एउटा जैविक प्राणीलाई मानव प्राणीमा रूपान्तरण गर्ने महत्त्वपूर्ण तत्व हो । संस्कृतिले समग्रमा जीवन र जगतसँग सम्बद्ध भौतिक र अभौतिक पक्षको साझा नामलाई जनाउँदछ । यसभित्र मानव तथा समस्त प्राणीजगतको कल्याण गर्ने कार्य र त्यसका निम्ति सहायक बन्ने साधन, कला, भाव आचार, व्यवहार, चालचलन, स्रोत साधन, हात हतियार, विचार, ज्ञान, बिज्ञान, विश्वास, नीति नियम, साधना अनुशासन, पद्दति, मार्ग निर्देशन परम्परा खानपान, रहनसहन, बोलीचाली, भेषभूषा जस्ता विविध पक्ष पर्दछन् । संस्कृति मानव जीवनको कार्य शैलीको सम्पूर्णता हो । यसभित्र संलग्न बिभिन्न पक्ष, भौतिक तथा अभौतिक संस्कृतिका एकाइहरूबाट सामाजिक व्यवहार सञ्चालित हुन्छ (दुलाल, २०७०, पृ.१८६)।

### ४.१.१. संस्कृतिको अर्थ एवम् परिभाषा

संस्कृति एक व्यक्ति, समाज र पिंडिबाट अर्को व्यक्ति, समाज र पिडिमा निरन्तर हस्तान्तरण हुँदै जाने एउटा प्रणाली हो । वास्तवमा मानव जातिको विकास प्रक्रियामा मानव स्वयंले सिर्जना गरेको भौतिक तथा अभौतिक पक्षहरूको योग नै संस्कृति हो । यो व्यापक रूपमा मानव जीवन शैलीसँग गाँसिएको अवधारणा हो । यसभित्र मूलतः प्रतीक, भाषा, मूल्य मान्यता, भौतिक पक्ष समाहित हुनुपर्दछ ।

वर्ण विन्यासलाई हेर्दा अंग्रेजी भाषाको ऋगतिगचभ शब्द Cultivate,Cultivation/ Agricultureसँग सम्बन्धित देखिन्छ । सत्रौं शताब्दीपछिबाट मात्र कल्चर शब्दको अर्थ मानवीय विकाससँग जोडिएको हो । जर्मनमा Cultureशब्दको अर्थ बुझाउन Cultur र पछि Kultur शब्दको प्रयोग भएको देखिन्छ । सामान्यतः १९ औं/२० औ शताब्दीबाट भने यो शब्द बिभिन्न अर्थका रूपमा प्रयोग हुन थालेको हो (Roy, 2005, p.656)।

नेपाली भाषाको संस्कृति शब्द संस्कृत भाषाको संस्कार शब्दबाट व्युत्पत्ति भएको मानिन्छ । जसको अर्थ विभिन्न किसिमका कर्मकाण्ड एवम् विधि विधानद्वारा आत्माको शुद्धिकरण गर्ने भन्ने हुन्छ । एउटा व्यक्तिको जन्मदेखिको मृत्युसम्मका उसलाई चोख्याउने, शुद्ध बनाउने, परिष्कृत र परिमार्जिन गर्ने,

परिपक्व बनाउने, सामाजिक प्रक्रियामा लैजाने सबै प्रकारका विधि विधान तथा संस्कारगत कर्महरूको एकीकृत स्वरूप नै संस्कृति हो (दुलाल, २०७०, पृ.१८७) ।

संस्कृतिका विषयमा सबैभन्दा पहिला बेलायती विद्वान् भद्य। त्थयिच ले सन् १८७१ मा Primitive Cultureभन्ने पुस्तकमा चर्चा गरेका थिए । उनले संस्कृति एउटा त्यो जटिल समग्रता हो जसभित्र ज्ञान, विश्वास, कला, नीति, नियम, कानुन, प्रथा र अन्य यस्तै गुण एवम् ब्यवहारहरू पर्दछन् जसलाई मानिसले समाजको सदस्य भएको नाताले प्राप्त गर्दछ भनेका छन् (Roy, 2005,p. 657) । मेलिनोस्कीले संस्कृतिलाई मानिसको जीवन पद्दतिसँग सम्बन्धित गर्दै भनेका छन् संस्कृति मानव निर्मित कार्य हो, जसबाट उसले आफ्नो लक्ष्य प्राप्त गर्दछ (Bhushan/Sachadeva, 2003, p. 775)।

माथि उल्लिखित विभिन्न विद्वान्हरूले दिएका परिभाषाहरूका आधारमा के भन्न सकिन्छ भने समग्रमा संस्कृतिले मौलिक धार्मिक परम्परा, चाडपर्व, सामाजिक सांस्कृतिक सङ्गठन, भाषा, नृत्य, सङ्गीत, वाद्यवादन, कला, वास्तुकला धामीझाँक्री परम्परा, भूतप्रेत, झारफुक चिकित्सा प्रणाली, आवास, खानपिन, गरगहना, पोसाक, परम्परागत प्रथा, प्रथाजनित कानुन, आख्यान, अभिनय, साहित्य, आस्था, व्यवहार, प्रचलित जनश्रुति, किम्बदन्ती, कथा, नाटक, काव्य, इतिहासजस्ता समग्र मूर्त तथा अमूर्त सम्पदालाई बुझाउँछ ।

## ४.१.२.संस्कृतिको स्वरूप

संस्कृति सर्वब्यापी अवधारणा हो । संसारका जुनसुकै जातजाति, जनजातिहरूको समाज एवम् समुदायमा देशकाल परिस्थिति एवम् वातावरणअनुसारको संस्कृति पाइन्छ । संस्कृतिका केही गुण तथा विशेषता एक अर्को समुदायमा मिल्नु बेग्लै कुरा हो । समग्रमा प्रत्येक समाज समुदायमा एउटै प्रकारको संस्कृति पाइदैन । यसलाई सम्बन्धित समाज समुदायमा विद्यमान धर्म, दर्शन, भौगोलिक अवस्था, हावापानी, वातावरण, आर्थिक अवस्था, एक अर्का समुदाय बीचको सम्बन्ध आदिजस्ता पक्षहरूले ठूलो प्रभाव पार्दछ (दुलाल, २०७७, पृ. ६०) ।

यसै सैद्धान्तिक मान्यताभित्र रहेर हेर्ने हो भने हिन्दू, बौद्ध, मुस्लिम क्रिश्चियन जस्ता धार्मिक मतमा आधारित संस्कृति पाइन्छन् । भूगोलका आधारमा पहाड, हिमाल र तराई, प्रादेशीय आधारमा पूर्वीय र पाश्चात्य, जातीय आधारमा क्षेत्री, ब्राह्मण, मगर, तामाङ, थारु, नेवार आदि जस्ता सांस्कृतिक भिन्नता पाउन सकिन्छ । संस्कृति मानव जीवनको महत्वपूर्ण पक्ष हो । संस्कृतिले नै एउटा जैविकीय प्राणीलाई मानव प्राणीमा रूपान्तरण गर्दछ । संस्कृतिमा भौतिक वा मूर्त र अभौतिक वा अमूर्तगरी दुईवटा स्वरूप हुन्छन् (दुलाल, २०७७, पृ. ६०) । त्यसो हुँदा संस्कृतिलाई त्यसको स्वरूपका आधारमा विभाजन गर्नु मूलतः भौतिक अर्थात् मूर्त र अभौतिक अर्थात् अमूर्त संस्कृति गरी दुई भागमा वर्गीकरण सान्दर्भिक देखिन्छ ।

## मूर्त वा भौतिक संस्कृति

लोकको मानसिक संस्कृतिभन्दा भिन्न अमानसिक तथा भौतिक संस्कृति लोकवार्ताको एउटा महत्त्वपूर्ण पक्ष हो । कतिपय बिद्वान भौतिक संस्कृतिलाई लोकवार्ता क्षेत्र भित्र राख्दैनन् तर प्राचीन समयदेखि नै बेलायत तथा अमेरिकाका लोकवार्ताबिदहरूले भौतिक संस्कृतिलाई सकार्दै आाएका छन् । अमेरिकी लोकवार्ताविद डोसेनले भौतिक संस्कृतिअन्तर्गत ती प्रविधि, सिप र सुत्रहरूलाई राखेका छन्, जो परम्परागत रूपमा हस्तान्तरित हुँदै आएका छन् । लोकवार्ताको यो पक्ष एकातिर उत्पादित वस्तुका रूपमा दृश्यात्मक र ठोसपनि हुन्छ भने अर्कातिर प्रविधि र सिपका रूपमा व्यवहारद्वारा आर्जित पनि हुन्छ (बन्धु, २०६६, पृ. १६) ।

मूर्त संस्कृति छुन सकिने, मठमन्दिर, बिहार, गुम्बा, स्तुप, चित्रकला, कला, वास्तुकलाका नमुनाहरू पर्दछन् (दुलाल, २०७७, पृ. ६०) । भौतिक संस्कृतिको अर्को नाम मूर्त संस्कृति हो । छोटकरीमा भन्नुपर्दा मूर्त संस्कृति मानिसको सिर्जनाशक्तिको भौतिक अभिव्यक्ति हो । यस किसिमका सांस्कृतिक निधिहरूको आकार प्रकार हुन्छ । देख्न, छुन र प्रयोग गर्न सकिन्छ । परापूर्वकालदेखि प्रचलनमा रहँदै र मान्दै आएका एवम् निर्माण गरिएका वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ (खत्री, २०७०, पृ. ७)। यस किसिमका सांस्कृतिक सम्पदाहरूको विकास मानिसले आफ्नो आवश्यकता परिपूर्ति गर्ने सन्दर्भमा गरेको हो । यस्ता सांस्कृतिक सम्पदाहरूको मूर्त स्वरूप हुने भएकाले संस्कृतिको यो स्वरूपलाई मूर्त सांस्कृतिक सम्पदा भनिएको हुनुपर्दछ ।

भौतिक भन्नाले भौतिक रूपमा सिर्जना भएका साँस्कृतिक तत्वलाई बुझाउँछ । मानिसहरूले आफ्ना आवश्यकता पुरा गर्ने क्रममा विकास गरेका हुन्छन् । (तुलाधर र बज्राचार्य, वि. सं.२०७०, पृ.१३) । भौतिक संस्कृतिभित्र मानिसबाट सिर्जना गरिएका मठमन्दिर ,गुम्बा विहार, घर, मेशिन हातहतियार पाटी पौवा पोखरी जस्ता कुराहरू पर्दछन् । यस्ता संस्कृति समाजको विकाससँगै मानिसहरूले विकास गर्दै परिस्कृत गर्दै लैजाने हुन्छन् । सत्यमोहन जोशीले बाजाका साधनहरूलाई भौतिक संस्कृति हुन भनेर व्याख्या गरेकाछन् (तुलाधर र बज्राचार्य, वि.सं.२०७०,पृ.१३) । मानिसको जीवनसित जोडिएका वस्तुहरूलाई समग्रमा भौतिक संस्कृति भनिन्छ । परापूर्वकालदेखि चलिआएको र मान्दै आएको विभिन्न आकार प्रकार भएको देख्न, प्रयोग गर्न र छुन सकिने खालका वस्तुहरूलाई भौतिक संस्कृति भनिन्छ (खत्री, वि.सं.२०७०,पृ.७) । भौतिक संस्कृतिको मूर्त स्वरूप हुन्छ । यसलाई छुन र देख्न सकिन्छ । संस्कृतिभित्र मानिसले वर्षौंदेखि आर्जन गरेको ज्ञान, धर्म, विश्वास, रितिरिवाज चालचलन , परम्परा, मूल्यमान्यता,भाष, जात्रा,पर्व, उत्सव, कलाकौशल आचारविचार जस्ता कुरमहरू पर्दछन् (खत्री, वि.सं.२०७६, पृ.१०) ।

## अमूर्त वा अभौतिक संस्कृति

अमूर्त संस्कृतिभित्र देख्न, छुन नसकिने धर्म, विश्वास, तन्त्रमन्त्र, धामी, झाँक्रीजस्ता परम्पराहरूलाई समेट्ने गरिन्छ (दुलाल, २०७७, पृ. ६०) । अभौतिक संस्कृतिलाई अमूर्त संस्कृति भन्ने गरिन्छ । मानिसका क्रियाकलाप पछि उसको सोच, योजना, मान्यता, सीप, व्यवहार जस्ता कुराहरूलाई समष्टिमा अभौतिक वा अमूर्त संस्कृति भनिन्छ (खत्री, २०७०,पृ. ८)।

भौतिक वा मूर्त स्वरूप नभएका सामाजिक मूल्य, मान्यता, परम्परा, भाषा, संस्कार, बिचार, बुद्धि, ज्ञान, सामाजिक संस्था, प्रथा, तथा प्रथाजनित कानून, लोकताल, लोकगीत, लोकनृत्य, लोककथा, लोकगाथा, उखान, टुक्का, लोकधर्म, लोक औषधोपचार आदिजस्ता सम्पूर्ण सांस्कृतिक निधिहरूलाई अभौतिक संस्कृतिअन्तर्गत राख्न सकिन्छ । यस्ता निधिहरू अभौतिक सांस्कृतिक सम्पदाहरू हुन् । यस्ता सम्पदाको विकास पनि भौतिक सांस्कृतिक सम्पदा जस्तै समाज विकासको प्रक्रियामा भएको हो । यस प्रकारका सांस्कृतिक सम्पदाहरूमा अमूर्तता पाइन्छ । जसलाई देख्न छुन सकिदैन । भौतिक संस्कृतिको तुलनामा अभौतिक संस्कृतिको परिवर्तन हुने सम्भावना ज्यादै थोरै हुने गर्दछ ।

वास्तवमा देख्न र सुन्न सकिने तर कुनै निश्चित भौतिक वा मूर्त आकार नभएका महशुस गरी आनन्द लिन सकिने सामाजिक मूल्य, मान्यता, परम्परा, भाषा, संस्कार, विचार, बुद्धि, ज्ञान, सामाजिक संस्था, प्रथा तथा प्रथाजनित कानुन, लोकताल, लोकगीत, लोकनृत्य, लोककथा, लोकगाथा, उखान, टुक्का, लोकधर्म, तन्त्र मन्त्र, झारफुक, धामी झाँक्री प्रथा, लोक औषधोपचार आदिजस्ता सम्पूर्ण सांस्कृतिक निधिहरूलाई अभौतिक संस्कृतिअन्तर्गत राख्न सकिन्छ ।

नेपाल पर्यटन तथा संस्कृति मन्त्रालयले अभौतिक सम्पदाको सूचीकरण भाष तथा मौखिक परम्परामा प्रचलनमा रहेको , लोपोन्मुख र लोप भैसकेका भाषा र भाषिकाहरू, प्रदर्शनकारी कला, नृत्य पूजापाठ, भजनकीर्तन बाजाका धुनताल जस्ता कुराहरूको बारेमा जानकारी  दिने  मौखिक ज्ञानलाई अभौतिक/अमूर्त संस्कृति भनिन्छ  भनेर राखेको छ ।

## ४.१.३. संस्कृतिको महत्व एवम् उपयोगिता

संस्कृतिले जीवनका प्रत्येक अवस्थामा परिष्कार, आकर्षण, उच्चता, स्वच्छता, सरलता, सहजता, अकृतिमता जस्ता कुराको अभिबृद्धि गरी जीवनलाई उपलब्धीपूर्ण बनाउँदछ (पन्त, २०७०, पृ. ९६) । वास्तवमा एउटा व्यक्तिलाई सतमार्ग, सद्भाव, सत्संग, सहकार्य, सतबुद्धि, सतबिचारतर्फ डोऱ्याउने कुनै महत्त्वपूर्ण साधन छ भने त्यो संस्कृति हो । यसलाई एउटा अविनासी संस्थाकै रूपमा लिन सकिन्छ । यो नासिने अस्तित्व बिहिन हुने संस्था हैन मानवको उत्पत्तिसँगै समाज समुदायमा जन्मिएको यो संस्था विकासका बिभिन्न चरणहरू पार गर्दै आजको युगमा आइपुगेको हो । देशकाल, समय परिस्थिति वातावरण अनुसार बिशेषताका रूपमा यसका गुणहरू रूपान्तरण हुन सक्दछन् । प्रतीक, भाषा, मूल्य,

मान्यता र भौतिक तथा अभौतिक पक्ष परिष्कृत र परिमार्जित हुने सम्भावना रहला तर संस्थाका रूपमा संस्कृति सँधै चिरञ्जिवी रहन्छ ।

संस्कृतिले साहित्य र कलालाई युगौँदेखि सुरक्षित गर्दै आएको छ (टण्डन, २०६९, पृ. ६) ।आज संसारमा जे जस्ता कला नमुनाहरू पाइन्छन् । साहित्यिक सृजनाहरू भेटिन्छन् । ती सबैको उत्पत्ति एवम् विकासमा संस्कृतिले ठूलो योगदान पुऱ्याएको छ । सायद संस्कृति नहुँदो हो हामीले देखेको, सृजना भएको, भोगेको र अनुभव गरेको कला एवम् साहित्य कहाँ रहन्थ्यो होला । समग्रमा परापूर्वकालदेखि आजसम्मको लामो यात्राका क्रममा हामीलाई जे हात लागेको छ त्यसको कारण एवम् आधार संस्कृति नै हो । संस्कृतिकै कारणले ती परम्पराहरू हामीसमक्ष आइपुगेका हुन । यस अर्थमा संस्कृतिलाई अघिल्लो पिँढी र पछिल्लो पिँढीका बीच सम्बन्ध जोड्ने कडिका रूपमा समेत लिन सकिन्छ । हामी र हाम्रा पुर्खा बीचको सम्बन्ध संस्कृतिले नै जोडिदिएको हो भन्ने कुरामा दुईमत हुन सक्दैन ।

माथिको समीक्षाले मानव जीवनमा संस्कृतिको महत्त्व के कति छ भन्ने विषयलाई पुष्टि गरेको छ । संस्कृति कुनै मूर्त बस्तु हैन त्यसैले यसलाई ढक, तराजु जस्ता मापक यन्त्रले मापन गर्न सकिदैन । त्यस्तै संस्कृतिको महत्त्व एवम् योगदान पनि मापन गर्ने मूर्त बस्तु हैन यो त अनुभूति र आत्मसात गर्ने विषय मात्र हो । एउटा जैविकीय प्राणीबाट मानव जातिमा रूपान्तरण गर्नेदेखि सांसारिक प्रपञ्जबाट मुक्ति प्राप्त गरुञ्जेलसम्म संस्कृतिको महत्त्व र उपयोगिता बर्णन गरी साध्ये नहुने रहेको अनुभूति गर्न सकिन्छ ।

## ४.१.४.नेपाली संस्कृतिका केही महत्त्वपूर्ण पक्षहरू

संस्कृति मानिसको पहिचान हो । मानिसको जन्मदेखि मृत्युसम्म गाँसिएका अभ्यासहरू उसको संस्कृतिअन्तर्गत पर्दछ । संस्कृति कुनै पनि व्यक्ति तथा राष्ट्रको पहिचान पनि हो । विविध संस्कृतिको गहिराईमा राष्ट्रको पहिचान र गौरव समाविष्ट भएको हुन्छ । नेपाली राष्ट्रिय संस्कृतिअनुसार वर्तमान नेपालको सीमाभित्र इतिहासको विभिन्न कालखण्डमा बसोवास गरेका विभिन्न मानव समुदाय वा मानव समुदायहरूले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिरहेका हाम्रा विभिन्न जाति एवम् समुदायका पूर्खाहरूले सिर्जना र अवलम्बन गरी हामीलाई जिम्मा लाएर गएका भौतिक अभौतिक सम्पदाहरू र त्यस अनुरूपको जीवनशैलीको समष्टिगत रूप नै नेपालको राष्ट्रिय संस्कृति हो (पौडयाल, २०६९, पृ.३५) ।

वास्तवमा नेपाली संस्कृतिको मूल स्रोत नै लोकजीवन हो । सम्पूर्ण लोकसंस्कृति लोकजीवनमा नै आधारित छ । त्यसैले साहित्य, सङ्गीत, कलाजस्ता पक्षलाई लोकसंस्कृतिको मूल स्रोत मानिन्छ ( जोशी, २०३२, पृ.१२६) । नेपाल सांस्कृतिक सम्पदाका क्षेत्रमा धनी छ । यो मुलुक जातजाति-जनजातिको साझा फूलबारी हो । यस भूखण्डमा प्राचीन कालदेखि नै थरीथरीका जातजाति-जनजाति आफ्नो मौलिक एवम् विशिष्ट संस्कृतिलाई जीवन्तता दिँदै बसोवास गर्दै अएका छन् । ती जातीय समुदाय एवम् तिनीहरूका परम्परा यस मुलुकका सांस्कृतिक सम्पदाहरू हुन् । संसारमा सांस्कृतिक वैभवका लागि

नेपाल अग्र स्थानमा पर्ने मुलुक हो । अनुसन्धानकर्ता दुलालले (२०७०, पृ.१८७) यस मुलुकमा पाइने संस्कृतिका केही महत्त्वपूर्ण पक्षहरू यस प्रकार उल्लेख गरेका छन् :

- अनेकताभित्रको एकता र एकतामा अनेकता
- धार्मिक अनेकताभित्रको सहिष्णुता
- सांस्कृतिक बहुलताभित्र पाइने सांस्कृतिक सम्मान
- प्राचीनकालदेखि वर्तमान समयसम्मको सांस्कृतिक तादात्म्यता
- जाति तथा वर्ण व्यवस्थामा आधारित सांस्कृतिक परम्परा
- विभिन्न जनजाति समुदायको बसोवास
- किँरात काल अर्थात् इ.पु. छैटौं शताब्दीदेखि वर्तमानसम्मको कला वास्तुकलाको भण्डार ।
- पितृसत्तात्मक सामाजिक सांस्कृतिक स्वरूप एवम् नारीको कमजोर स्थिति ।
- परिवर्तित शासकीय स्वरूप ।
- विशिष्ट प्रकारको आर्थिक संरचना ।
- विशिष्ट किसिमको अतिथि सत्कार ।

## ४.२. काकेश्वरी महादेव क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा

पस्तुत अध्ययनको पहिलो समस्या कागेश्वरी मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाकेकेहुन् ? भन्ने हो । यो समस्या सम्वोधनका निमित्त यस अध्ययनको पहिलो उद्देश्य कागेश्वरी मन्दिरक्षेत्रका मूर्त सांस्कृतिक सम्पदाकाबारेमा खोज तथा अध्ययन गर्नु निर्धारण गरिएको छ । अतः उक्त पहिलो समस्याको सम्वोधन एवम् निर्धारित उद्देश्य परिपूर्तिका लागि कागेश्वरी महादेव मन्दिर क्षेत्रका मूर्त सांस्कृतिक सम्पदाशीर्षकभित्र कागेश्वरी महादेवको अवस्थिति, उत्पत्ति एवम् इतिहास, कागेश्वरी महादेवको नामकरण, मन्दिरसँग सम्बन्धित अन्य ऐतिहासिक सामग्री, काकेश्वर महादेवको महिमा र मन्दिर परिसरका अन्य सम्पदा जस्ता विषयको विश्लेषण गरिएको हो ।

### ४.२.१.काकेश्वरी महादेवको अवस्थिति

काकेश्वर महादेव पुस्तौपुस्तादेखि मानिदै आएको देवस्थल हो । काकेश्वर महादेव तामाङ्गजातिको कुलदेवता पनि हुन् । अतः यो देवस्थलमा तामाङ जातिले पनि पूजा उपासना गर्दछन् । यो तामाङ बाहेक नेवार, क्षेत्री, ब्राम्ह्णलगायत यस क्षेत्रमा बसोवास गर्ने हिन्दू तथा वौद्ध धर्मावलम्वीहरू सबैले समान रूपमा पूजा उपासना चढाउने मोक्ष दायनी देवस्थल हो ।

चौसट्ठी शिवलिङ्ग शैवधर्मअन्तर्गतका उल्लेखनीय देवस्थल हुन् । तिनीहरूलाई पौराणिक साहित्मा चतुःषष्ठि लिङ्ग भनिएको छ । कतिपय स्रोत सामग्रीमा उक्त तीर्थहरू कहाँ-कहाँ छन् भन्ने

ठाउँसहित वर्णन गरिएको छ । जसमा तीसौं नम्वरमा काकेश्वरको नाम र आकाशगङ्गातीर्थ, गागल कागेश्वरी (जनबोली) भनि प्रष्ट्याएको छ (पुरातत्व विभाग, २०२७, पृ. ५-७) । रेग्मीले चौसठ्ठी शिवलिङ्गको चर्चा गर्ने क्रममा तीसौं क्रमाङ्कमा काकेश्वर मणिचूड पूर्व काकेश्वरी भनि समीक्षा गरेका छन् (रेग्मी,२०५३.पृ.१५) ।

भट्टराईले शतरूपेश्वरभन्दा दुईकोश पूर्व सुन्दरी तीर्थ, ब्रह्मतीर्थ र सुन्दरीदेवी छन् । त्यस ठाँउबाट एक कोश पूर्व आकाशगङ्गा तीर्थ र काकेश्वर रहेको उल्लेख गरेका छन् (भट्टराई २०६७,पृ. २५-२६) । उनले काकेश्वर शिवलिङ्ग सिन्धुपाल्चोक जिल्लाको बाह्रविसेदेखि एक कि.मी. पश्चिम स्वर्णकौशिकी नदी र शैलवती भोटेकोशीको सङ्गममा छ । यो चौसट्ठी शिवलिङ्ग मध्ये एक हो । त्यसै कारण यसलाई स्वर्ण तीर्थ मानिन्छ भनेका छन् (भट्टराई, २०६७, पृ.२६) । त्यसै क्रममा मध्यकालमा सत्रौ शताब्दिताका रानी भुवनलक्ष्मीले आफ्ना स्व. पति भुपेन्द्र  मल्लका (प्रताप मल्लका छोरा-बुहारी) सम्झनामा काकेश्वरी मन्दिरको निमार्ण शिखर शैलीमा गरेको छ ।

स्वामी प्रपन्नाचार्चले नेपालमा पाइने चौसट्ठी शिवलिङ्गहरूको जिल्लागत रूपमा विवरण दिने क्रममा काकेश्वर शिवलिङ्गको पनि चर्चा गरेका छन् । उनले काठमाडौं जिल्लामा रहेको यो  शिवलिङ्ग छहराको आड एवम् भिरमा रहेको उल्लेख गरेको पाइन्छ । उनका अनुसार यहाँ मन्दिर छैन । स्थान अभावका कारणले यो शिवलिङ्ग मन्दिरभित्र नभई गुफाभित्र रहेको छ । यहाँ शिवलिङ्ग वाहेक कुनै पुरातात्विक सामग्री देखिदैन गुफामा भएको शिवलिङ्गको विचार गर्दा रामायणवक्ता काकभुसुण्डीको रामकथा पनि हिमवत्खण्डको नेपालैमा भएको बुझिन्छ । तथापि यो अनुसन्धान भविष्यकै गर्भमा राखिन्छ । तर तिलिचो माललाई छोड्न सकिदैन जो अहिले मुस्ताङजिल्लामा पर्दछ । तिलिचो तालले संसारभरी नै सबैभन्दा उँचो ठाँउमा रहने श्रेयः पाएको छ । जहाँ काकभुसुण्डीले रामकथा गरूडलाई सुनाएका थिए ( प्रपन्नाचार्च, २०६८, पृ.२५०) ।

कागेश्वरी महादेव ६४ शिवलिङ्गहरूमध्ये एक हो । यो तीर्थस्थल काठमाडौ जिल्लाअन्तर्गत रहेको काकेश्वरी मनोहरा नगरपालिका वडा नं १ मा अवस्थित छ । काठमाडौ जिल्लाको उत्तरपूर्वमा रहेको यो देवस्थल राज्य पुर्नसंरचनाभन्दा अघि साविकको गागलफेदी गाविस वडा नं ७ मा पर्दथ्यो । नेपाल सरकारको मन्त्री परिषद्को मिति २०६१ मंसिर १६ गतेको निणर्यबाट काकेश्वरी मनोहरा नगरपालिका गठन भएको हो । कागेश्वरी महादेव यस नगरपालिकाभित्र पर्ने निकै उल्लेखनीय देवस्थल मानिन्छ ।

काकेश्वरी महादेवस्थल काकेश्वरी मनोहरा नगरपालिका १ गागलफेदीः– ईशान, मणिचुड तीर्थ पूर्व परम्परागत तामाङ्ग वस्ती मणिलिङ्गेश्वर र बज्रयोगिनीको मन्दिर पश्चिम वाग्मती नदि उत्तर शिवपुरी पर्वतमाला जङ्गल र दक्षिण काकेश्वरी मनोहराको हराभरा क्षेत्रभित्र अवस्थित छ । काठमाडौंबाट चाबहिल बौद्ध जोरपाटी साँखु सडकको ब्रम्हखेलबाट कागेश्वरी मनोहरा वडा नं १ वडा कार्यालय हुदै गागलडाँडासम्म गाडीमा जान सकिन्छ । त्यसपछि  देवस्थलसम्म पुग्न दश  मिनेटको  पैदल यात्रा

गर्नुपर्दछ । शंखरापुर भएर यात्रामा आउने यात्रुले पनि सोहि मार्ग प्रयोग गर्दछन् । यस्तै काठमाडौंबाट चाबहिल बौद्ध जोरपाटी सुन्दरीजल गागलफेदी यहाँसम्म पुग्ने अर्को मार्ग हो । यो मार्ग प्रयोग गर्दा ढकालगाँउ कृष्ण मन्दिरसम्म गाडीमा जान सकिन्छ । त्यसपछि पैतालीस मिनेटसम्म जङ्गलको बाटो पैदल यात्रा गर्नुपर्दछ ।

### ४.२.२. काकेश्वरी महादेवस्थलको नामकरण

कागेश्वरी शिवलिङ्ग महादेवको नामकरणको सन्दर्भमा विभिन्न कथाहरू पाइन्छन् । पौराणिक आधारमा ६४ शिवलिङ्ग प्रकरणको सम्बन्धमा नेपाल महात्म्यको ११९ अध्यायमा काकेश्वर शिवलिङ्गको बारेमा गरिएको वर्णन गरिएको छ । उक्त वर्णनअनुसार भगवान् शिवले पार्वतीलाई कैलाशमा छाडी यस गुफामा आएर ध्यान तपस्या गरि बसेका थिए । यसै समयमा तारकासुर नाम गरेको दैत्यले स्वर्गमा आक्रमण गरी देवताहरू डराई ब्रह्मा र विष्णुकोमा गएर विन्ति गर्दा भगवान् विष्णुले हामी सबै मिलेर भगवती माताको ध्यान आराधना गरौं । उहाँले नै हामीलाई भगवान् शिवजी देखाउन सक्नुहुन्छ भने । यसपछि सबै मिलेर भगवतीको स्तुति गरे । काकको रूपधारण गरी भगवती त्यसठाँउमा आउनुभई महादेवलाई देखाइदिनु भयो । शिवजीले थाहा पाई त्यहाँबाट अर्न्तध्यान भई म्यूममार्ग हुदै मणिचूड क्षेत्रमा पुगे । यसरी भगवती स्वयमले नै काकको रूपधारण गरी त्यहाँ आएर देखाइदिएको हुनाले यस मन्दिरको नाम काकेश्वर महादेव रहन गएको हो । पछि काकेश्वरको नाम नै अपभ्रंश भएर कागेश्वर भन्न थालियो (अन्तर्वार्ताः मणिराम अर्याल, २०७८, श्रावण ३१ ) ।

ककरद्रि यो देवस्थलको प्राचीन नाम हो । भगवान् शिवजीले गुप्तरूप लिएपछि दानवबाट पीडित भएका देवताले ध्यान गर्दा पार्वतीले कागको रूपलिई गाईको दूध चढाई शिवको स्वरूप देखाइछिन् । त्यसैले यसलाई कागेश्वर भनियो । काकमुनिले ध्यान गर्दा उत्पन्न भएको लिङ्ग हुँदा यसलाई काकेश्वर मानिएको हो । यसको प्राचीन नाम सप्तकण्ठक पर्वत हो । विरूपाक्षले पनि यस तीर्थको सेवन गरेको हो । नेपालको चौसट्ठी शिवलिङ्गमध्ये यो पनि एक हो । यसको वर्णन हिमवतखण्डमा पनि छ (भट्टराई २०६७,पृ. २५-२६) । काकेश्वरी शिवलिङ्ग महादेव अवस्थित पर्वतको नाम सप्तकण्ठक पर्वत हो । विरूपाक्षले पनि मातृगमनको प्रायश्चित गर्नको लागी यस शिवलिङ्गको दर्शन गरेको चर्चा परेको छ । काकेश्वर मन्दिरमा भाद्रशुक्ल अष्टमीका दिन मेला लाग्ने गर्दछ । यस सन्दर्भको वर्णन हिमवत्खण्ड पुराणमा पाइन्छ (ढकाल,२०७५,पृ.८६३) ।

### ४.२.३.उत्पत्ति एवम् इतिहास

काकेश्वरको उत्पत्तिको समय र स्थापनाकालको विषयमा थाहा पाउन सकिदैन । त्यहाँ वरपर केही प्राचीन मूर्ति छन् । अभिलेख पनि भेटिएका छन् (स्थलगत अवलोकन) ।आजसम्म पनि मूर्ति र अभिलेखको सूक्ष्म अध्ययन र विश्लेषण भएको छैन । अतः यो तीर्थको स्थापना मिति भने यमिन गर्न कठिन छ । तापनि हिमवत्खण्ड पुराण स्कन्दपुराणअर्न्तगतको नेपालमहात्म्यमा काकेश्वरको महिमा

पाइएको छ । यद्दपि यस देवस्थलका विषयमा अन्य केही साहित्यिक स्रोतका साथै स्थानीय लोकोक्तीका आधारमा केही अनुमान गर्न सकिन्छ ।

यहाँ लिच्छविकालदेखि नै गुठिको जग्गा छुट्याइएको कुरा गुठी संस्थान र अन्य निकायबाट थाहा पाइएको छ । गागलफेदीका घरधुरी परिवारको बसोवास सबै काकेश्वरी गुठीको नाममा रहेको जग्गामा छ (अन्तर्वार्ताः शान्ती अर्याल, वि.सं.२०७८, भाद्र १) त्यसकारणले काकेश्वर मन्दिरको उत्पत्ति हिमवत्खण्ड पूराणअर्न्तगतको स्कन्दपुराण, नेपाल महात्म्यमा वर्णन गरिए अनुसार पौराणिककालमा भएको कुरा बुझ्न सकिन्छ । मन्दिरका निमित्त राज गुठिको जग्गा छुट्याइएको उक्त सन्दर्भले लिच्छवि कालदेखि यो देवस्थल अस्तित्वमा थियो भन्ने बुझ्न सकिन्छ ।

नेपालमा विभिन्न चौसठ्ठी शिवलिङ्गहरूको वारेमा लिङ्गपुराणमा उल्लेख गरेको पाइन्छ । तिनै चौसठ्ठी शिवलिङ्गहरूमध्ये एक महत्वपूर्ण शिवलिङ्ग कागेश्वरी शिवलिङ्ग हो । यी महादेवको उत्पति कथा सन्दर्भहरूमा सतिदेवीको अङ्गपतन भएको र शिवलिङ्गको उत्पति भएको चर्चा नेपालमहात्म्य, हिमवतखण्ड पुराणमा गरिएको छ । पौराणिक कालमा राक्षस र देवताहरू बीचमा युद्व हुँदा समुद्र मन्थनको क्रममा हलाहल विष उत्पन्न भएपछि विषको असरका कारण देवलोकलाई मृत्युबाट वचाउन भगवान् शिवले विष सेवन गरे । विष आफ्नो कण्ठमा राखे । डाहा र छट्पटीले चिसो र पानीको खोजीमा हिडे । यस क्रममा गोसाँइकुण्डमा पुगे । त्रिशूलले जमिनमा खोप्ने क्रममा जल उत्पन्न भयो । त्रिशुली नदीको उत्पन्न भइन त्रिशूलीनदिको उद्गमस्थल कुण्डमा शयन गरी विषको पीडा कम गरे । केही समयपछि हिड्दै आउने क्रममा गागलफेदीमा विश्राम लिए । पहिलो विश्रामस्थलको रूपमा स्थलको रूपमा यसै ठाउँमा शिवलिङ्गको रूपमा भगवान् शिव प्रकट भए । पार्वतीले कागको रूप धारण गरी त्यस शिवलिङ्गमा गाईको दूध चढाइन भन्ने चर्चा लिङ्गपुराणमा छ । परापूर्वकालसम्म पनि कागले दूध चढाएको देखेर त्यहाँ के रहेछ भनि गएर हेर्दा शिवलिङ्ग भेटिएकोले यस ठाँउको नाम काकेश्वरी रहन गएको चर्चा पाइन्छ (सामूहिक छलफल) ।

शिवलिङ्गको विभिन्न प्रकारका विषयमा परिच्छेद तीनको 'लिङ्ग' शब्दको अर्थ शीर्षकमा विभिन्न प्रकारको शिवलिङ्गको  बारेमा वणर्न गरिएको छ  । त्यसै वर्णनको आधारमा काकेश्वरी शिवलिङ्ग कस्तो प्रकारको शिवलिङ्ग हो भन्ने कुरालाई स्पष्ट गर्ने क्रममा पौराणिक ग्रन्थ अनुसार काकेश्वर शिवलिङ्ग स्वयम्भूलिङ्ग हो । स्वयम्भूलिङ्ग चौसट्टीलिङ्ग रहेको र अनादिकालदेखि नै पूजा उपाषना हुदै आएको र मानुषलिङ्ग भन्दा अघिदेखि नै पूजा उपाषना गर्ने प्रचलन थियो । त्यस हिसाबले हामीले अहिलेको अवस्थालाई काकेश्वरी शिवलिङ्ग स्वयम्भू लिङ्ग त्यसैको तीसौ क्रममा पर्ने काकेश्वर शिवलिङ्ग आफै प्राकृतिक रूपमा उत्पति भएको र शिलाको रूपमा रहेको छ । त्यसमा पनि पछिल्लोकालमा जलहरी निमार्ण गरेको हो । तर जलहरी  कहिले राखियो भन्ने कुरा अध्ययन गर्न अभिलेखको कमी भएको गर्दा गारो छ ।  पौराणिक कथा र पिठिकाको निमार्णले गर्दा यो अर्धस्वयम्भूलिङ्ग हो । मानव निर्मित पिठीका /जलहरी र प्राकृतिक रूपमा अनादिकालदेखि मान्दै आएको/उत्पत्ति भएको शिवलिङ्गको समिश्रण नै

अर्धस्वयम्भूशिवलिङ्ग हो । काकेश्वर शिवलिङ्ग पनि अर्धस्वयम्भू लिङ्ग हो । काकेश्वर शिवलिङ्ग परिसरमा भएको लिच्छवि लिपि सहितको गणेशको मूर्ति अनुसार ठोकुवाको साथ काकेश्वरी लिच्छविकालमा नै प्रचलनमा आइसकेको कुरालाई प्रमाणित गर्दछ । काकेश्वरको परिसरमा भएका गणेशको मूर्तिको विशेषता र पादपीठमा भएको लिच्छवि अभिलेख, शिवलिङ्ग, उमामहेश्वरको मूर्ति,कुमारको मूर्ति, पछिल्लो समयको अभिलेखले गर्दा यस मन्दिरको इतिहास आज मात्र नभई प्राचीनकाल समयमा पनि उत्तिकै महत्व थियो भनेर प्रमाणित गर्दछ ।

### ४.२.४.देवस्थलका नाममा रहेको जग्गा

स्थलगत अध्ययनका क्रममा स्थानीयहरूले यो देवस्थलका नाममा २०० रोपनी जग्गा थियो भन्ने जानकारी दिएका हुन् (सामूहिक छलफल)। यससम्बन्धी थप सूचना प्राप्त गर्ने उद्देश्यले देवस्थलको गुठीको लगत र कागजपत्रहरू अध्ययन गरिएको थियो । यस क्रममा स्थानीयले दिएको जानकारी भन्दा फरक तथ्याङ्क तथा सूचना प्राप्त भएको छ । गुठीको लगत र मन्दिरमा पूजागर्दा चढाइने सामग्रीहरू बारेमा लेखिएको कागजपत्रहरू प्राप्त सूचनाअनुसार काकेश्वर महादेवस्थलका नाममा राजगुठीअन्तर्गत २० रोपनी जग्गा कायम रहेको बुझिन्छ ।

### ४.२.५. काकेश्वर महादेवको महिमा

नेपालमा चौसट्टी शिवलिङ्गको प्रसङ्ग विरूपाक्षको कथासँग गाँसिएको पाइन्छ । विरूपाक्षले मातृगमन पछि गरेको प्रायश्चित र शिवलिङ्गको दर्शनलाई हिमवत्खण्ड पुराणमा वर्णन गरिएको छ । काकेश्वर महादेव नेपालका चौसट्ठी शिवलिङ्गमध्ये एक हुन् । यिनलाई वरदायनी तथा मोक्ष दायनी तीर्थका रूपमा मानसम्मान, पूजाउपासना तथा सत्कार गरिन्छ । यस देवस्थलको महिमा नेपाल महात्म्य हिमवतखण्ड तथा स्कन्दपुराण जस्ता धार्मिक ग्रन्थले विशेष रूपले गरेका छन् । वेणीमाधव ढकालले सम्पादन र अनुवादन गरेको *हिमवतखण्डअन्तर्गत नेपालमहात्म्य, पशुपतिपुराण, गण्डकी महात्म्य योगीनरहरिनाथ* नामक ग्रन्थमा उक्त महिमा यस प्रकार उल्लेख गरेको छः

कुमार स्वामीले भन्नुभयो-हे अगस्त्य मुनि ! त्यसपछि विरूपाक्षले वाग्वतीको उत्पति भएको सुन्दरी नामक महातीर्थ ब्रह्मतीर्थमा स्नान गरे । त्यसपछि त्यहाँ स्नान गरेर उनी सम्पूर्ण पापबाट मुक्त भई नेमुनिलाई साथमा लिएर जहाँ काकेश्वर भगवान् हुनुहुन्थ्यो, त्यस ठाउँमा गए । माघकृष्ण पञ्चमीका दिन उनले भक्तिपूर्वक आकाशगङ्गामा स्नान गरेर यथाविधि काकेश्वर भगवान्को अर्चना गरे । विरूपाक्षले त्यही रातमा लिङ्गको पूजा गरेर त्यस तीर्थ र लिङ्गको माहात्म्य नेमुनिसित सोधे ॥ १-४ ॥ (ढकाल, २०७५,पृ. ८६१)

विरूपाक्षले भने–हे नेमुनि ! मेरा सम्पूर्ण दुःखलाई नाश गर्ने हजुरलाई नमस्कार छ । हजुरको कृपाबाट मैले शतरुद्रकोमाहात्म्य सुनें । हे ब्रह्मज्ञ प्रभु ! म पुनः हजुरबाट यो लिङ्ग र तीर्थको माहात्म्य

सुन्न चाहन्छु। हे मुनिश्वर ! यो लिङ्ग र तीर्थको उत्पति कसरी भएको थियो ? यस स्थानमा महादेवबाट वर पाएर को मुक्त भएको थियो ? मलाई बताउनुहोस् ॥५-७॥ नेमुनिले भन्नुभयो–हे बाबु ! एउटा आश्चर्यलाग्दो कल्याणकारी कथा छ, त्यो कथा सुन्यो भने मात्रै पनि प्राणी सम्पूर्ण पापबाट मुक्त हुन्छन् । एकदिन कैलाश पर्वतमा शिवजीको पार्वतीसँग ठट्टै ठट्टामा प्रचीन विषयमा संवाद भएको थियो ॥८– ९॥( ढकाल, २०७५,पृ. ८६१)

महादेवले भन्नुभयो–मेरै मायाँले सम्पूर्ण चराचर जगत् मोहित भएका छन् । मबाटै संसारको प्रार्दुभाव भएको हो । त्यो सबै ममा नै लीन हुन्छ हे देवी ! बारम्बार तिमी मेरै मायाँका कारणले मोहित भएकी छौ । मेरो मायाँबाट योगीहरू त तुरुन्त मोहित हुन्छन् भने अरूको के कुरा ? हे कल्याणी ! भन, मेरो चरित्र कसले जानेको छ ? ब्रम्हा, विष्णु र इन्द्र पनि मेरो चरित्र जान्दैनन् ॥१२॥ पार्वतीले भन्नुभयो– हे पूजनीय ईश्वर ! हजुरजस्ता मान्यजनले सत्यै भएपनि यस्तो कुरा गर्नु उचित हुदैन। हे ईश्वर ! सम्पूर्ण रूप लिने हजुरको चरित्र कसले जान्न सक्छ ? हे प्रभु ! यदि कसैले जान्दछ त त्यो पनि हजुरकै कृपाबाट मात्र जान्न सक्दछ ॥१३–१४॥ (ढकाल, २०७५,पृ. ८६१)

नेमुनिले भन्नुभयो–मध्यरातमा उहाँहरूको वार्तालाप भइरहेको थियो । त्यसै समयमा पार्वतीलाई त्यहीं छोडेर भगवान् शंकर आकाशमा अर्न्तध्यान हुनुभयो । त्यसपछि उहाँले आकाशगङ्गालाई वाग्वतीको शिरको पूर्वतिरको पर्वतको गुफामा बोलाउनु भयो । उहाँ आफू पनि आकाशगङ्गाको छहरा भएको ठाउँमा बस्नुभयो देवताहरू त्रिपुरासुरको भयले गर्दा भगवान् शङ्करको शरणमा जाऔं भन्ने निश्चय गरी तुरुन्त कैलास पर्वतमा आए । कैलाशमा भगवान् शङ्करलाई नदेखेर उनीहरूको शरीर काँप्यो । उनीहरूले छिटो छिटो स्वर्ग, पाताल र पृथ्वीमा भगवान् शङ्करलाई खोजे । देवताहरू तीनै लोकमा रहेका सम्पूर्ण द्वीप, पर्वत गुफाहरूमा भगवान् शङ्करलाई खोज्दै आइपुगे हे विरूपाक्ष ! त्यही समयमा बैम्हाजीले योगशक्तिद्वारा यसै ठाउँमा एकछिन शिवजीको ध्यान गर्नुभयो । त्यसपछि देवताहरूलाई भन्न लाग्नुभयो ॥१५–२०॥(ढकाल, २०७५,पृ. ८६१) ।

हे देवता हो ! भगवान् शङ्कर लुकेर यसै ठाउँमा बस्नुभएको छ । अन्यत्र जानुभएको छैन । यो कुरा साँचो हो । यसमा सन्देह छैन । हे देवता हो ! भगवती बाहेक अरु कसैले पनि उहाँको चरित्र जान्न सक्दैन । त्यसैले स्तुति गरेर भगवतीलाई आब्हान गरौं । ब्रम्हाजीले यति भनेपछि राक्षसको डरले विह्वल भएका देवताहरू जम्मा भएर यसै ठाँउमा बसे । त्यसपछि के भयो ? देवीको चरित्र सुन । यो सबै भगवान् शंकरको चरित्र हो भन्ने कुरा सोचेर सबै देवताहरूको मन आत्तियो । उनीहरूले मायाँले युक्त भएकी भगवतीको स्मरण गरे । भगवान् शङ्करको चरित्र जान्नुहुने भगवती कागको रूप लिएर त्यसैबेला आकाशमार्गबाट तुरुन्त यस ठाँउमा आउनुभयो ॥२१–२५॥(ढकाल, २०७५,पृ. ८६१) ।

भगवती पार्वतीले गङ्गाको धारामा डुबेर यसै गुफामा ध्यान गर्दै बस्नुभएका साक्षात् भगवान् शङ्करलाई देख्नुभयो । हे विरूपाक्ष ! कागको रूप लिएकी भगवतीले उत्कण्ठापूर्वक कागकै बोलीमा

देवताहरूलाई तिनीहरूको अवस्था बताउनुभयो ॥२६–२८॥ विष्णुले भन्नु भयो–कागको बोली सुनेर मोहित भएका तिमीहरूलाई के दुःख पऱ्यो ? जसलाई तिमीहरू खोज्दै छौ, उहाँ यसै ठाउँमा हुनुहुन्छ, हेर । विचित्रअनुहार भएको यो काग त्यही बसेर के भन्दैछ ? एकपटक हेर्छु । कागको बोली सत्य हुन्छ, यसमा शङ्काछैन । अब यस पहाडमा चढिहालौं । त्यही कागको मङ्गलमय बोलीले गर्दा हामीले महादेवलाई भेट्न सक्छौं ॥२९–३०॥(ढकाल, २०७५,पृ. ८६१) ।

नेमुनिले भन्नु भयो–कागको बोली र  विष्णुको मङ्गलमय बोली सुनेर अगाडी सरेका देवताहरूले भक्तिपूर्वक भगवान् शङ्करको सतुति गरे । हे विरूपाक्ष ! भाद्रशुक्ल अक्ष्टमीका दिन शिवजीमा चारैतिरबाट मन लगाएर भक्तिपूर्वक देवताहरूले सहर्ष भगवान् रुद्रको मन्त्र जपे । देवताहरूले यसै ठाउँमा ध्यान गर्न लागेका भगवान् शिवजीलाई देखे । उनीहरूले पहिले नमस्कार गरे अनि बारम्बार परिक्रमा गरेर भगवान्को स्तुति गरे ॥ ३१–३३॥(ढकाल, २०७५,पृ. ८६१) ।

भगवान् शङ्कर पनि देवताहरूलाई देख्नासाथ लिङ्गमूर्ति र कागको रूप लिने भगवतीलाई त्यहीँ छोडी तत्काल आकाशमा अर्न्तध्यान हुनुभयो । हे विरूपाक्ष यो दृश्य देखेपछि कागको रूपमा रहेकी भगवतीले पनि शिवजी अर्न्तध्यान हुनुभएको जानेर उहाँ पनि अर्न्तध्यान हुनुभयो । देवताहरूले पञ्चोपचार विधिले भक्तिपूर्वक यस लिङ्गको पूजा गरे । हे देवता हो ! कागले नै उत्पन्न गरेको हुनाले यस लिङ्गको नाम काकेश्वर रहनेछ भनेर ब्रम्हाजीले पनि पूजा गर्नुभयो । भगवान् शङ्करलाई नभेटेर सारा देवताहरू उहाँलाई खोज्दै तुरुन्त मणिचूड पर्वततिर लागे ॥३४–३७॥ (ढकाल, २०७५,पृ. ८६१) ।

हे विरूपाक्ष ! यसलिङ्गको आराधना गरेर अघि कुनै म्लेच्छ मुक्त भएको थियो । त्यो शरीर भगवान् शङ्करको पार्श्ववर्ती बन्न पुग्यो । त्यो कुरा सुन । हे विरूपाक्ष ! अघि कुनै शष्कोदर नामक मानिस थियो । उसले पूर्वजन्ममा अर्काले छोएको अन्न खाएको हुनाले त्यही दोषले गर्दा त्यो म्लेच्छ भएर जन्मियो । हे विरूपाक्ष ! धनुधारी त्यो मानिस शिकार खेलेर आफ्नो जीविका चलाउथ्यो । कुनै दिन मृगलाई लखेट्दै त्यो म्लेच्छ यहाँ आइपुग्यो ॥३८–४०॥ हे विरूपाक्ष ! आफूतिर आउन लागेको ब्याधालाई देखेर मृग त्यही गुफाबाट उफिएर भाग्यो । म्लेच्छ पनि त्यही गुफामा उफ्रिएर आइपुग्यो । त्यो म्लेच्छ यस लिङ्गलाई देखेर आर्श्चयचकित भयो । त्यसपछि लोभ, मोह सबै त्यागेर म्लेच्छ आनन्दित हुदैं यस ठाउँमा बस्यो । यस ठाउँमा नै उसले धनुष त्याग्यो । ज्ञानी तथा विरक्तभई श्रावणशुक्ल अष्टमीका दिन व्योमगङ्गामा स्नान गऱ्यो ।  उसले वनका फलफूलहरू ल्याएर भक्तिपूर्वक पार्वती सहित यस लिङ्गलाई छोएर पूजा गऱ्यो । रातमा जाग्राम बस्यो ॥४१–४४॥ (ढकाल, २०७५,पृ. ८६१) ।

भगवान् शङ्करको आज्ञाअनुसार शिवजीका गणहरू प्रसन्न हुदैं यहाँ आई ठूलो उत्सव गरेर व्योमगङ्गाको जलले त्यसको अभिषेक गरे । प्रमथ गणहरूले नवमीका दिन त्यस म्लेच्छलाई सम्पूर्ण प्राणीलाई देखाउदै ठूलो यानमा राखेर शिवलोक लगे । रुद्रको वर र यसै लिङ्गको प्रभावले गर्दा त्यो

शष्कोदर अहिले भगवान् शङ्करको पार्श्ववर्ती भएर रहेको छ । यो पहाड चढ्नाले मात्रै पनि अश्वमेध यज्ञ गरेको फल प्राप्त हुन्छ । धेरै पापबाट मुक्ति पाइन्छ ॥ ४५–४८॥ (ढकाल, २०७५,पृ. ८६१) ।

हे विरूपाक्ष ! यी व्योमगङ्गा भनेकी त्रिगङ्गा अर्थात् गङ्गा, यमुना र सरस्वती जस्तै हुन् । यिनमा स्नान गर्नाले मानिस कुलैसहित निष्पाप र पवित्र हुन्छ । हे विरूपाक्ष ! यहाँबाट आधा कोस पूर्वपट्टि मणिचूड पर्वतमा मणिचूड भगवान् रहनुभएको छ । अब त्यसैठाउँमा जाऊ ॥४९–५०॥ हे विरूपाक्ष ! जुन ठाउँमा कृशोदर नाम गरेको म्लेच्छले वर पाएको थियो अनि भक्ति नभएका मानिसले जसलाई प्राप्त गर्न सक्दैनन्, त्यस्ता काकेश्वर भगवान्को माहात्म्य मैले तिमीलाई बताएँ ॥५१॥ भनेर नेमुनि ऋषि र विरूपाक्ष बीचमा भएको कुराकानी र काकेश्वर लिङ्गको उत्पतिको विषयलाई यस पुराणमा सुन्दर ढङ्गले उल्लेख गरिएको छ (ढकाल, २०७५,पृ. ८६१) ।

## ४.२.६. काकेश्वरी महादेव क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा

मूर्त संस्कृति भौतिक पक्षसँग सम्बन्धित हुन्छ । संस्कृतिको यो स्वरूपअन्तर्गत तीर्थस्थल, मठ मन्दिर, गुम्बा, स्तूप, बिहार, मस्जिद, गिर्जाघर, भवन, दरबार, किल्ला, कोट्ट, पाटीपौवा, धर्मशाला, धारा, कुवा, ईनार, डबली, मूर्तिकला, चित्रकला, गरगहना, पोशाक, सडक, यातायातका साधन, विभिन्न प्रकारका हातहतियार, औजार, भाँडावर्तन, अभिलेख, ताडपत्र, ताम्रपत्र, भोजपत्र, वाद्यवाधन आदिजस्ता कला नमुनाहरू पर्दछन् ।

काकेश्वरी देवस्थलमा पहाडको कन्दरामा गुफाभित्र शिवजीको मन्दिर छ । उक्त मन्दिर सिपालु कालीगढ/कारिगढले खोपेर बनाएको जस्तो देखिए तापनि खोपेर बनाएको नभई प्राकृतिक वरदानको रूपमा रहेको बनेको हो । त्यस ओडारभित्र शिवजीको लिङ्ग रहेको छ । पहिला झरनाबाट खसेको पानी सिधै शिवलिङ्गमा पर्दथ्यो । वि.सं. २०४९ मा सभामुखको पहलमा गुठी संस्थानको सहयोगमा मन्दिरको छाना निमार्ण भएको हो । तापनि औपचारिकता मात्र देखाइएको छ । वि.सं. २०४९ मा नै गुठी संस्थानको सहयोगमा फलामको विम हालेर पहिलाको काठको पुरानो पुल/फड्केलाई सुधार गरिएको हो । जुन ठाँउमा पहिले एक महात्मा साधु बस्दथे ।

वास्तुकला समाजको विकासक्रममा कलाको साथै वास्तुकलाको पनि विकास भएको देखिन्छ मानिस प्रारम्भिक चरणदेखि हालसम्म विभिन्न चरण पार गर्दै आजको अवस्थामा आईपुग्दा समयको परिवर्तनसँगै मानव समाजको लागी आवश्यक हुने हरेक पक्षको विकास भएको पाईन्छ । र यसरी समयको विकास र घुमन्ते फिरन्ते जीवन शैलीबाट स्थाई बसोवासको क्रममा ओडार, गुफा, झुपडी आदिलाई बसोबासको रूपमा प्रयोग गरी आएकोले बासस्थान सम्बन्धित कलालाई बास्तुकला भनिन्छ । संस्कृत भाषाको 'वस्' धातुबाट वास्तु शब्दको विकास भएको हो जसको अर्थ वासस्थान सम्बन्धी हुन्छ । 'ओडार र गुफाहरूको युगताकादेखि नै आदिम मानिसले घाम, पानीर डर लाग्दा जीवहरूबाट बच्न आ-आफ्नो सीप र कौशल अनुसार बासस्थानको शुरूवात गरेपछि वास्तुकलाको इतिहास शुरू हुन्छ (क्षेत्री र

रायमाझी, वि.सं.२०५६, पृ. २५२) । जब विस्तारै मानवको हरेक सस्कार र संस्कृतिको विकास हुदै जाने क्रममा आजको शैलीसम्म आइपुग्यो र त्यसमा पनि नेपाली शैली, शिखर शैली गुम्बज शैलीमा मन्दिरको वास्तुकला पाइन्छ ।

यी विकास भएका वास्तुकलाहरू जस्तो नभई काकेश्वरी मन्दिरको वास्तुकला एक गुफा वास्तुकलामा आधारित छ । काकेश्वरी मन्दिर छहराको कुनामा ओडार मुनि रहेतापनि यसलाइ २०४९ सालबाट भने यहाँको विकास हुदै आएर मन्दिर पस्ने द्वारमा फलामको ढोका राखिएको छ । मन्दिरको भित्री भागमा बाँयापट्टि पहराको भित्ता र दाँया भागमा छेउपट्टि तलदेखि ढुङ्गा र सिमेन्टको प्रयोग गरी माथीसम्म उठाएर ल्याएको छ र मन्दिरको आधा भागसम्म गारो लगाएर फलामका डण्डीहरूले बारिएको छ । मन्दिरको द्वारबाट सिमेन्टको पिलर लगाएर छानालाई अड्याएको छ  र छानामा पनि सिमेन्ट ढलान गरी गजुर राखेको  त्रिशुल राखिएको छ । मन्दिर भित्र घण्टीहरू पनि झुण्ड्याएको छ । यहाँको शिवलिङ्ग प्रचीन भएपनि शिवलिङ्गको जलहरी राख्ने समयमा लिङ्गको भाग पुरिएर शिरोभाग मात्र देखिएको कुरा पनि अनुमान लगाउन सकिन्छ ।

काकेश्वर महादेव वरपर केही मूर्त सम्पदाहरू छन् । मूर्ति र अभिलेख पनि भेटिएका छन्। आजसम्म पनि मूर्ति र अभिलेखको सूक्ष्म अध्ययन र विश्लेषण भएको छैन । मूलतः पार्वतीको मन्दिर, पाटी तथा सत्तल, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिढी कागको मूर्ति, ॐ लेखिएको प्रस्तर शिला, गणेशको मूर्ति, शिवलिङ्ग, बसाहको मूर्ति, मन्दिरभित्र भएको शिवपार्वती आलिङ्गन मूर्ति, कुमारको मूर्ति, शिलालेख, भक्तजनले राखेका शिवलिङ्गहरू मन्दिर परिसरका पाइने अन्य मूर्त सम्पदा हुन् । उक्त सम्पदाको व्याख्यासहित चर्चा अघिल्ला पृष्ठहरूमा परिसकेको छ ।

## ४.२.७. मन्दिरसँग सम्बन्धित अन्य ऐतिहासिक सामग्री

यस महादेवस्थलमा काकेश्वर शिवलिङ्गको बारेमा लेखिएको कुनै अभिलेख पाइदैन । तापनि यस मन्दिरका लागि छुट्याइएको २० रोपनी गुठी राखिएको जग्गा गुठीसंस्थान भद्रकाली कार्यालयमा पाइन्छ । हिजोआज ती जग्गा सबै रहिकरमा परिणत भएको कुरा चर्चा चलेको छ । तर यस मन्दिर परिषरमा पादपीठमा अभिलेखयुक्त गणेशको एउटा मूर्ति छ, त्यसबाहेक त्यहाँ पुराना इँटका टुक्राहरू पनि भेटिन्छ ।

पार्वतीको मन्दिर, पाटी तथा सत्तल, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिढी कागको मूर्ति, ॐ लेखिएको प्रस्तर शिला, गणेशको मूर्ति, शिवलिङ्ग, बसाहको मूर्ति, मन्दिरभित्र भएको शिवपार्वती आलिङ्गन मूर्ति, कुमारको मूर्ति, शिलालेख, भक्तजनले राखेका शिवलिङ्गहरू मन्दिर परिसरका पाइने अन्य सम्पदा हुन् । पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृति, कलावास्तुकला, शिल्पप्रविधि, पौराणिक विवरण, किम्बदन्ती, जनश्रुती, लोकोक्ती जस्ता दृष्टिकोणले उक्त सम्पदा उल्लेख्य मानिन्छन् । यिनीहरूको व्याख्यासहित चर्चा अघिल्ला पृष्ठहरूमा परिसकेको छ । स्थानीयहरूले काकेश्वरी मन्दिरदेखि माथि उत्तरपूर्वी दिशामा पर्यटनलाई बढवा गर्ने उद्देश्यले हाल २०७८ सालमा नै विश्वको सबैभन्दा ठूलो

१९४०.९५० के.जी को अष्टधातुबाट “तपाई दिनुहोस् कवाड, हामी बनाउँछौ सम्पदा” भन्ने विषयमा बनेको कागको प्रतिमा राखेका छन् । उक्त प्रतिमा अनावरण गर्न भने बाँकी रहेको छ (अन्तर्वार्ताः मुकुन्द गजुरेल, वि.सं.२०७८,श्रावण ३१) ।

मन्दिरको आग्नेय भागमा भएको ईंट ६०/७० वर्ष पुरानो हुन सक्छ । जुनचाहि पहिले काकेश्वरी अड्डा भन्ने ठाँउमा पाटी बनाउन प्रयोग गरिएको थियो । पछि उक्त ईंट यस ठाँउमा धारा वा मन्दिर बनाउने प्रयोजनका लागि ल्याएको हुनसक्ने अनुमान गर्न सकिन्छ । स्थानीयले दिएको जानकारी यो मन्दिर केही वर्ष अघि भासिएकोले थियो । भासिएको उक्त मन्दिर पुनःउत्थान गर्न ल्याइएको हुन सक्दछ (अन्तर्वार्ताः कृष्ण ढकाल २०७८,श्रावण ३१) । यस महादेवस्थलमा तपसिलका अन्य ऐतिहासिक सामग्री पाइन्छन् ।

**पार्वतीको मन्दिर**

काकेश्वरीको दक्षिण भागको शिलामा पार्वतीको पूजा गरिन्छ । पहिले पूजा गरिदैन थियो । आजभन्दा करिब २० वर्ष अघिदेखि पार्वतीको योनी प्रकट भएको मानी पूजा गर्न शुरू गरिएको हो । हाल सो ठाउँमा मन्दिर बनाउनको लागि पाको इँटको गारो लगाई चौकोशसम्म राख्ने काम भएको छ ( सामूहिक छलफल) ।

**पाटी तथा सत्तल**

गागल हुदै काकेश्वर मन्दिर पुग्नु अगाडि दक्षिणतर्फ यात्रुको सहजताको लागि जस्ताको छाना भएको खुल्ला ट्रष्ट निमार्ण गरिएको छ । कृष्ण मन्दिर हुदै काकेश्वर महादेवस्थल जाने बाटोमा काकेश्वरी मेलाको लागि पक्कि इँट र जस्ताको छानाको एक पाटी निमार्ण गरिएको छ । जुन पाटी एक सतक अगाडि नै बनेको अनुमान गर्न सकिन्छ । यसको बारेमा बुढापाकाहरूबाट पनि यति नै समयमा बनेको भनेर किटान गर्न नसकेको पाइयो ।

**शिव पार्वतीको मूर्ति / उमामहेश्वर मूर्ति**

काकेश्वरी देवस्थलभित्र शिवपार्वतीको एक मूर्ति रहेको छ । त्यस मूर्तिमा शिवले पार्वतीलाई अंगालो राखेका, शिवको शीरमाथि गङ्गा देखाइएको छ । शिव अर्धपर्यङ्कासनामा र उनको वाहन नन्दीलाई तल देखाइएको छ । पार्वती ललीतासनमा बसेको, उनको वाहन सिंहलाई देखाईएको छ । दुबैको शीरमा मुकुट धारण, गलामा तह-तह परेको माला ,शिव पार्वतीको हात अभयमुद्रामा, दुबैको कानमा ठूला-ठूला कुण्डल देखाईएको छ । यस मूर्तिको माथिको भाग थोरै फुटेको छ । पार्वतीलाई कमलासनमा देखाइएको छ । प्रभामण्डल चोसो परेको, अन्तिमको पादपीठमा गण जस्तो देखाइएको छ । मूर्तिको पादपीठमा दोहारो पद्मपीठ देखाईएकोले गर्दा यस मूर्तिको कालक्रम निर्धारण गर्दा विशेषताको आधारमा मध्यकालको हो ।

**गणेशको मूर्ति**

गणेशको मूर्ति नेपाली मूर्तिकलाका क्षेत्रमा सर्वमान्य तथा लोकप्रिय देवप्रतिमाको रूपमा गणेश मूर्ति रहेको छ । विघ्नविनाशक माङ्गल्यका एकमात्र दाता गणेश वा गणपतिलाई सवर्त्र अग्रपूजा र सम्मान प्राप्त छ ।काकेश्वरी महादेवस्थलमा भएको मूर्तिहरूको अध्ययन गर्ने पोखरीलाई दाहिने बनाएर जाने क्रममा जादाजादैको बाटाको देब्रेपट्टी भित्तामा गणेशको मूर्ति छ । शिल्पकारले मूर्ति बनाउन निकै उत्कृट प्रस्तरको छनोट गरेका छन् । मूर्ति बनाउन प्रयोग भएको प्रस्तरको गुणस्तरका आधारमा, रङको प्रयोग गरी टल्काइएको छ र मासको रङको देखिने गरी बनाएको सो गणेशको शशीर गजशीर नै ल्याएर राखेको र उनको बाहन मुसा नभएको, ठूला-ठूला कान, जनैको प्रयोग, मुकुटको प्रयोग नभएको मूर्तिमा भएको गणेश अर्धपर्यङ्क मुद्रामा/दाँया गोडा पलेटी मारेको र बाँया गोडा घुँडा खुम्च्याएर ठाडो बनाई त्यसमाथि बाँया हात घुँडामाथि राखी पात्रमा लड्डु लिएको र गणेशको सुँढले लड्डु लिइरहेको देखिन्छ भने दाँया हातको हत्केलालाई दाँया गोडाको घुँडामाथि र राखिएको र हातमा परशु लिएको देखिन्छ । वक्षस्थलमा मोटो देखिने गरी यज्ञोपवित धारण गरेको ठूलो भुँडी र नाइटो देखिने गरी यस मूर्तिमा देखाइएको छ ।यो सबै विशेषता लिच्छविकालका मूर्तिका विशेषतासँग मेल खाएकोले गर्दा यो मूर्ति पनि ईस्वीको पाँचौ छैटौं शताब्दीको /लिच्छविकालमा बनेको हो भन्न सक्छौ । सबैभन्दा अर्को नयाँ विशेषता भनेको यस गणेशको मूर्तिमा 'उर्ध्व लिङ्ग' देखाइएको छ (अवलोकन २०७८,श्रावण १०) । यसमा लिच्छवि लिपी कुँदिएको छ र लिपीका अक्षरहरू दुई चारवटा बाहेक अरु आजकाल सबै पढ्न सकिने अवस्थामा छैनन् । यो लिपी र मूर्ति बनावटको आधारमा लिच्छविकालिन हो र जसको इतिहासलाई लिच्छविकालसम्म यहाँ पूजा उपाषना थियो भनेर भन्न सकिन्छ ।

**कुमारको प्रस्तरमूर्ति**

मन्दिर पारीपट्टी भीरमा पहराको चेपमा एउटा अभिलेख छ । उक्त अभिलेखको छेउमा एक कुमारको मूर्ति रहेको छ । यस मूर्तिमा कुमार मयूरमाथी बसेर/मयूरासनमा बसेर दाँया हात घुँडमा अड्याई हत्केलालाई तल झारिएको छ भने बाँया हातलाई बाँया घुँडाको माथि राखी हातमा अस्त्र मुहुरो ठाडो बनाई समाएको देखिन्छ (अवलोकन र स्थलगत भ्रमण) यस कुमारको मूर्तिको विशेषतालाई हेर्दा १८ औं शताब्दीसम्म जान सकिन्छ ।

**स्तम्भमाथि कागको मूर्ति**

काकेश्वर महादेवस्थल भएको कारणले गर्दा उक्तस्थलमा स्तम्भ माथि २२७ के.जी. को काकको प्रतिमा बनाएर राख्ने काम भएको छ । जसको समय एक्काइसौ शताब्दी हो ।

**शिवलिङ्ग**

काकेश्वर मन्दिर परिसरमा रहेका मध्ये तीन वटा शिवलिङ्ग देब्रेपट्टी भित्ताको भुईमा राखिएको छ र शिवलिङ्गको रुद्रभाग, विष्णु/भद्र भाग र ब्रम्ह भाग देखाइने चलन छ र यहाँ भएको शिवलिङ्ग पनि लेपयुक्त, ब्रम्ह भाग चारपाटे, विष्णुभाग आठपाटे र रुद्रभागमा ब्रम्हसुत्र रहेको छ र यस विशेषता र लेप शुद्ध नै भएको कारणले गर्दा यो पनि लिच्छविकालको हो । शिवलिङ्गहरू अरु पनि रहेका र पछिल्ला समयमा भक्तजनहरूले राखेका शिवका मूर्तिहरू रहेका छन् । यो लिङ्गको प्रकार मानुषी लिङ्ग हो ।

**वसाह/नन्दी**

शिव मन्दिर वा महादेवसँग सम्बन्धित मन्दिरहरूमा नन्दीको स्थापना गनुपर्ने नियमहरू विभिन्न धर्मशास्त्रहरूमा पाईन्छ । त्यसै गरी काकेश्वर मन्दिरको ढोकामा नभएपनि मन्दिर प्राङ्गणमा पनि वसाहको मूर्ति रहेको छ । जसको विशेषतामा ठूलो जुरो, साँढे नै ल्याएर राखेको जस्तो देखिने, लेपयुक्त प्रस्तर, घाँटीमा लुर्कन झुण्डिएको देखिने, चारपाटे मुखाकृति भएको वसाह रहेको छ र पशुपति क्षेत्रको अगाडी भएको वसाह अंशुवर्माले आफ्नो अभिलेखमा वर्णन गरे जस्तो किसिमको वसाह/नन्दी भएकोले गर्दा यो काकेश्वरको इतिहास लिच्छविकालसम्म पुग्ने प्रमाण हो ।

**शीर विहीन प्रतिमा**

फुटेको अवस्थाको एक प्रतिमा रहेको छ । उक्त प्रतिमको तल्लो भाग हेर्दा नारी मूर्ति जस्तो देखिन्छ । यो मूर्तिको बाँया हात कटीमा समाएको देखिन्छ ।

**अभिलेख**

काकेश्वर महादेवस्थलमा स्थापना गरिएका देवीदेवता मूर्तिहरूको पादपीठमा प्रशस्त अभिलेखहरू प्राप्त गर्न सकिन्छ । यस देवस्थलमा रहेको शिवलिङ्गमा अभिलेख छैन । यद्दपि यस देवस्थलमा रहेका पाइने अन्य केही मूर्तिहरूको पादपीठमा भने अभिलेख पाइन्छ ।

काकेश्वरी मन्दिर परिसरमा भएको गणेशको मूर्तिको पादपीठमा एउटा प्राचीन अभिलेख छ । यो लिच्छवि लिपि र संस्कृत भाषामा लेखिएको अभिलेख हो । अतः यसलाई इस्वीको पाँचौ देखि सातौ शताब्दीताका मान्न सकिन्छ । सरसफाइको अभाव एवम् खण्डित अवस्थामा रहेकाले उक्त अभिलेख पढ्न सकिने अवस्थामा छैन (स्थलगत अध्ययन र अवलोकन) ।

काकेश्वरी महादेवस्थल भन्दा पारीपट्टी भीरमा एक अभिलेख रहेको छ । उक्त अभिलेख १८/१९ औं शताब्दीको हुनसक्छ । यसलाई अनुच्छेद दशमा प्रस्तुत गरिएको छ ।

**धुपवत्ती प्रज्वलित स्थल**

काकेश्वरी देवस्थलबाट पुल पार गरेर थोरै अगाडि गएपछि दक्षिणपट्टिको पर्खालमा धुपवत्ती गर्ने गरिएको स्थान छ । जब यहाँ योगी बस्न छाडे र उनको बासस्थान मासिदै आयो तव यहाँ धूपबत्तीस्थलमा परिबर्तन भयो र अहिले धुप र बत्ती राख्नको लागी धुपौरो राखिएको छ। धुपौरोको माथि भागमा डमरु आकृति छ। मन्दिरमा बालिएको धुपबत्ती लगेर राखिन्छ। (सामुहिक छलफल,२०७८,भाद्र १३ र स्थलगत भ्रमण ) यस ठाँउमा दुईपट्टि फलामका खम्बा राखेर विचमा ठुलो घण्ट झुण्ड्याइएको छ। यस ठाँउमा शिवलिङ्ग, फुटेको अवस्थाको नारी मूर्ति, रहेको छ।

**मौलो**

काकेश्वरी देवस्थलमा एउटा मौलो पनि छ। त्यसै ठाउँमा अहिले भक्तजनहरूले शिव पार्वतीको मूर्ति बनाएर राखेका छन्। पुल पार गरेर गएपछि दक्षिणपट्टिको पर्खालमा धुपवत्ती गर्ने गरिएको स्थान छ । यो मौलोको सन्दर्भ भने आजभन्दा नब्बे वर्ष पहिले एकजना सन्त योगी यस मन्दिरमा बस्न आउँदा उनले आफू बस्न बनाएको कुटीको बाँकी भाग हुन सक्छ (सामुहिक छलफल)। अहिले त्यहाँ धुपवत्ती बाल्ने स्थान छ। अनुसूची दशमा चित्र प्रस्तुत गरिएको छ।

**पोखरी**

काकेश्वरी देवस्थलमा एउटा पोखरी पनि छ। तीर्थयात्रीहरूले उक्त तलाउलाई गङ्गा मानेर स्नान गर्दछन् । त्यो प्राचीन तलाउ नै हो । यसलाई वर्तमानमा सिमेन्टको पर्खाल लगाएर घेरिएको छ । पोखरीको पूर्वपट्टीको भागमा पर्खाल लगाएर सामान्य फराकिलो बनाइएको छ।

**ढुङ्गे धारा**

मन्दिरको पोखरी उक्लने सिंढी अगाडि चारवटा ढुङ्गे धारा छन्। उक्त धाराको निमार्ण वर्तमान वडा प्रमुख कै कार्यकालमा भएको हो। पुरानो धारा भने जङ्गलबाट आफै बगेको थियो। ढुङ्गेधारा अगाडि सानो चउर छ । त्यहा मेलाको समयमा पसल राख्ने गरिन्छ । पोखरी उक्लने सिंढी, खोलामा वाँध पखार्लको लागि जाली भर्ने काम भएको छ।

**सिढी**

देवस्थलसम्म जाने सिढी छ। उक्त सिँढी दोहोरो हिड्न मिल्ने गरी बनाइएको छ। त्यो सिढी कसले र कहिले बनाएको हो भन्ने कुरा भने एकिन हुन सकेको छैन।

## परिच्छेद पाँच

## काकेश्वरी महादेव क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा

परिच्छेद पाँचप्रस्तुत शोधप्रवन्धको दोस्रो समस्या सम्वोधन तथा विशिष्ट उद्देश्य परिपूतिसँग सम्बन्धित छ । अतः काकेश्वरी महादेव क्षेत्रकाअमूर्त सांस्कृतिक सम्पदा मूल शीर्षकअन्तर्गत अनुक्रमका आधारमा मौखिक परम्परा एवम् अभिव्यक्ति;अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि जस्ता पक्षको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

### ५.१. अमूर्त सांस्कृतिक सम्पदा

युनेस्को अभिसन्धि २००३ ले अमूर्त संस्कृतिलाई मौखिक परम्परा एवम् अभिव्यक्ति;अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँच वटा विधामा वर्गीकरण गरेको छ (UNESCO, 2003, p. 8) . युनेस्को अभिसन्धिले वर्गीकरण गरेको उक्त पाँच वटा विधाका आधारमा काकेश्वर महादेव देवस्थलसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाको सङ्कलन, वर्गीकरण एवम् विश्लेषण गरिएको हो ।

### ५.१.१. मौखिक परम्परा एवम् अभिव्यक्ति

एउटा पुस्ताबाट अर्को पुस्तासम्म भाषाका माध्यमबाट हस्तान्तरित हुँदै समुदायमा जिवित रहेका गीत, गाथा, कविता-काव्य, कथा-कहानी, उखान-टुक्का, तन्त्रमन्त्र आदि मौखिक परम्परा हुन् । भाषा आफै पनि मौखिक परम्परा हो । यो मूर्त सांस्कृतिक सम्पदा मन्दिर, मूर्ति जस्तो थिर रहँदैन । बोलचालका रूपमा रहेकाले यसमा समय र स्थानअनुसारको परिवर्तन भइरहन्छ । मौखिक परम्परा गतिशील हुन्छ । वक्ता र स्रोताहुँदासम्म जिवित रहन्छ (बन्धु, २०७४,पृ.४४) ।

यस देवस्थलमा भाषा, साहित्य, गीत, गाथा, कविता-काव्य, उखान-टुक्का, तन्त्रमन्त्र किम्वदन्ती, लोकोक्ति, जनश्रुति, लोककथा, लोकविश्वास जस्ता मौखिक परम्परा एवम् अभिव्यक्तिसँग सम्बन्धित केही अभ्यास परम्परा पाइन्छन् । कुनै पौराणिक आधारमा ६४ शिवलिङ्ग प्रकरणको सम्बन्धमा नेपाल महात्म्यको ११९ अध्यायमा काकेश्वर शिवलिङ्गको बारेमा गरिएको वर्णन, काकेश्वरी नाम रहन गएको लोकोक्ति, तामाङ्ग आमा र वुवाले पालेको गौरी गाईको दूध कागले चोरेर एउटा ओडारमा लगेर चढाएको जनश्रुती यहाँ प्रचलित उल्लेख्य किम्वदन्ती हुन् ।

काकेश्वरमा प्रवाहित भएकी गङ्गा शिवले आफू तपस्या गर्न आउँदा बोलाउनु भएको गङ्गा हुन् भन्ने किम्वदन्ती, यहाँकी गङ्गा यमुना र सरस्वती भन्दापनि पवित्र भएकीले यहाँ स्नान गर्नाले मानिसको सयौं पाप पखालिएर मोक्ष मिल्ने र आजभन्दा हजारौं वर्ष पहिलेदेखि प्रसिद्व मन्दिर मानि यहाँ स्नान गर्न आउने

जनश्रुति, शुष्कोदर दानवले भाद्रशुक्ल अष्टमी (कागेअष्टमी) का दिन दर्शन पूजा गर्दा मुक्ति प्राप्त गरेको कथा र विरूपाक्षले पापमुक्तिका लागि यस शिवलिङ्गको दर्शन गरेको कथा यस देवस्थलसँग सम्बन्धित कथा स्थानीय क्षेत्रमा प्रचलनमा पाइन्छन् (भट्टराई २०६७,पृ. २५-२६) । उक्त विवरण मौखिक परम्परा एवम् अभिव्यक्तिसँग सम्बन्धित सन्दर्भ पुष्टि गर्ने आधार हुन् ।

मणिमति, मनमति, मनमत्ता र मदरा जे भने पनि यो नदी हालको मनहरा खोला हो । यस नदीको उत्पत्ति भगवान् शिवको मणिको लिङ्गबाट निस्किएको पवित्र जलबाट भएको र यस तीर्थमा श्रावण पूर्णिमाको दिन भक्तिपूर्वक स्नानगरी दोलाचल पर्वतमा गई भगवान् विष्णुको दर्शन गर्नाले सबै प्रकारका पापबाट मोक्षप्राप्त तथा बन्ध्या (बाँझी) नारीले रूप र गुणलेयुक्त सन्तान प्राप्त गर्ने किम्वदन्ती नेपालमहात्म्य हिमवत्खण्डः खण्डको अध्याय ८८ को पृ. नं. ७२० देखि ७२२ सम्म वर्णन गरिएको छ ।

## ५.१.२. अभिनय तथा प्रदर्शनकारी कला

अभिनय तथा प्रदर्शनकारी कला व्यक्ति एवम् समूहमा प्रस्तुत गरिने रङ्गमञ्चसँग जोडिएको कला विधा हो । यसमा समाज एवम् समुदायको दुःख सुखसँग सम्बन्धित घटना तथा हाँस्य ब्यङ्ग्य प्रस्तुत गर्ने, मनोरन्जन उपलब्ध गराउने मूलभूत उद्देश्य रहन्छ । यो शैलीलाई व्यक्ति वा समूहले अनुहारको अभिव्यक्ति, शरीरको चालढाल, गीत सङ्गीतको सुरतालमा नृत्यको भाव प्रस्तुत गर्ने महत्वपूर्ण माध्यम मानिन्छ । यो सबैका लागि सजिलोसँग बुझ्न सक्ने माध्यम हो । यो कला विधाअन्तर्गत नाटक, लोकनाटक, नृत्य, बाजा एवम् ताल, लोकखेल, धामीझाँक्रीको प्रदर्शन जस्ता क्रियाकलापहरू पर्दछन् ( दुलाल, २०७४, पृ.९४-९५) ।

काकेअष्टमीका दिन तामाङ्गहरूले धामीझाँक्रीको बस्त्र धारण गरी आफ्नो ढ्याग्रो बजाई नाचगान गरी महादेवको समिपमा विद्या पुरा हर्षोल्लासका साथ मनाउने परम्परा रहेको छ । यहाँ शिवजीको देवस्थल भएको कारणले गर्दा मेला तथा पर्वको दिन शिव भजन  दर्शनार्थीहरूले गाउने गरेको पाइयो । तर अरु समयमा नभएको र अहिलेको समयमा यस मन्दिरको संरचनाहरू नयाँ ढङ्गले बनाउन लागिएको हुँदा पछि सबै व्यवस्थित हुनेछ ।

सनातनकालदेखि नै धर्मको रक्षा गरे धर्मले रक्षकको रक्षा गर्छ भन्ने मान्यता रहदै आएको र मानिसहरूले आफ्नो मनलाई एकाग्र र शान्त बनाउनको लागी भगवानको भजनकीर्तनमा लाग्ने गर्दछन् । जुनसुकै मठमन्दिरमा पनि भजनकीर्तन हुने र भक्तजनले आफूलाई एकाग्र बनाउन र भगवान समक्ष पुगी आनन्द लिनेक्रममा यस काकेश्वरी मन्दिरमा ॐ नमः शिवायः मन्त्र भएको भजन र अन्य शिवसँग सम्बन्धित भजन गाउने  गरेको पाईयो । त्यसै गरी तामाङ भाषाबाट पनि भजन गाएको पाइयो । विहान बेलुका पूजा र धुप आरतीको समयमा यहाँ त्यस्तो कुनै  किसिमको भजनकीर्तन गर्दैनन् । एकान्तमा मन्दिर भएकोले भजनकीर्तनमा कठिन हुने गरेको छ ।

भजनको सुरमा भक्तजनहरू नाचगान गरी आफूलाई भगवानमा समाहित गरेको अनुभव गर्दछन् । काकेश्वरी मन्दिरमा लाखे नाच नाचीने मादल ,दमहा, ढोलक, खैची , सनई झ्र्याम्टा बजाउने गरिन्छ । धाँमीझाँक्रीले पनि आफ्नो मन्त्रको तालमा ढ्याङ्ग्रो बजाएर गोडाको ताललाई मिलाई उफ्रने र आँखा चिम्ली आफ्ना तन्त्रमन्त्रको साथमा सिकेको विद्या सफल होस् भनेर आफ्ना गुरु शिव समक्ष राख्दछन् ।

## ५.१.३. सामाजिक व्यवहार, धार्मिक अनुष्ठान तथा चाडपर्व उत्सव

सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव नेपाली संस्कृतिका महत्वपूर्ण विशेषता हुन् । वास्तवमा समाज एवम् संस्कृतिसँग जोडिएका विभिन्न गतिविधिहरूलाई यसअन्तर्गत राख्ने गरिन्छ । यो समुदायमा प्रचलनमा रहेका चाडपर्व, उत्सव, अनुष्ठान एवम् संस्कारगत कर्म, देउदेउता पूजा उपासना, भाकल तथा बलि परम्परा, सामाजिक सङ्घ संस्था, प्रथा एवम् प्रथाजनित कानुन, सामाजिक नेतृत्व एवम् निर्णय प्रक्रिया जस्ता विभिन्न सन्दर्भहरू यस विधाअन्तर्गत पर्दछन् (दुलाल,२०७७, पृ.३५) । यस तीर्थस्थलमा सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सवसँग सम्बन्धित तपशिलका क्रियाकलापहरू दैनिक एवम् वार्षिक रूपमा सञ्चालन गर्ने परम्परा छ ।

**धार्मिक विश्वास**

यस तीर्थस्थलमा मुख्य गरी हिन्दूर बौद्वधर्मालम्वीहरू धार्मिक उद्देश्य बोकेर आउँछन् । अन्य मानिसहरू भने दृश्यावलोकनका लागि आउने गर्दछन् । काकेश्वरमा जुन गङ्गा बग्दछिन ती स्वयम शिवजीले आफू तपस्या गर्न आउँदा बोलाउनु भएको गङ्गा हुन् । यी गङ्गा यमुना र सरस्वती भन्दापनि पवित्र गङ्गा मानिन्छिन् । यस गङ्गामा स्नान गर्नाले मानिसको सयौं पाप पखालिएर पाप नास हुने चर्चा छ । त्यसै कारणले आजभन्दा हजारौं वर्ष पहिलेदेखि प्रसिद्व मन्दिर मानि यहाँ स्नान गर्न आउने परम्परा रहेको हो । जसले श्रीस्वस्थानीको महिमा सुनेको छ उनीहरूले थाहा पाएर दर्शन गर्न एकपटक भएपनि आउँछन् । यहाँ दर्शन गर्न आउने दर्शनार्थीहरूकोअनुसार कागकोस्पर्श भएमा, कागको विष्टा शरीरमा परेमा वर्ष दिन भित्र यहाँ आई स्नान गरी शिवलिङ्गको दर्शन गर्दा दोषमुक्त हुने धार्मिक मान्यता रहेको पाईन्छ । सुन्दरीजलको काकगंगातीर्थबाट जल ल्याई यहाँ चढाएमा मनोकामना पुराहुने विश्वास गरिन्छ ।

प्राचीन ककरद्रि नामले पनि यो देवस्थललाई चिनिन्थ्यो । फाल्गुणकृष्ण औसीमा यहाँ मेलापर्व चलाउँछन् । यसको महिमा हिमवतखण्डमा छ । विरूपाक्षले पनि पापमुक्तिका लागि यस शिवलिङ्गको दर्शन गरेका थिए । भाद्रशुक्ल अष्टमी (कागेअष्टमी) का दिन शुष्कोदर दानवले दर्शन पूजा गर्दा मुक्त भएको कथा छ ( भट्टराई २०६७,पृ. २५-२६) । गोसाँइकुण्ड स्नान गरी फर्कदा ल्याएको जल यहाँ चढाएपछि मात्र आफ्नो मनोकामना पूरा हुने विश्वास गर्दछन् ।

तामाङहरूले आफ्नो तामाङ्ग गुरूबाट तामाङ्ग मन्त्र विद्या ग्रहण गर्ने र विद्या पूर्ण भएपछि काकेश्वरमा आएर शिवजीको दर्शन नगरीकन मन्त्र विद्या पूरा नहुने विश्वास रहेको छ । गागलबासी

तामाङ्ग समुदायले काकेश्वरी महादेवलाई आफ्नो गुरू मान्दछन् । स्थानीय क्षेत्रमा उत्पादन हुने फलफूल पहिले काकेश्वरी महादेवलाई चढाएर मात्र खाने गर्दछन् ।

भगवान् शिवको मणियुक्त लिङ्गको जलबाट मनहरा नदी उत्पन्न भएकाले यसलाई मणिमती भनिएको हो । यहाँ श्रावण पूर्णिमाको दिन कोही व्यक्तिले भक्तिपूर्वक स्नान गरेर दोलाचल पर्वतमा उक्लिएर भगवान् विष्णुको दर्शन गर्छ भने त्यसले सम्पूर्ण पापबाट मुक्त भएर स-परिवार विष्णुलोकमा जान्छ । त्यस्तै मणिमतीमा जुन नारीले स्नान गर्दछिन् पापबाट मुक्त भएर राम्री र पतिकी प्यारी हुने, पतिलाई आफ्नो वशमा राख्न सक्ने र बन्ध्या (बाँझी) नारीले पनि रूप र गुणलेयुक्त भएको सन्तान प्राप्त गर्दछिन भन्ने लोकविश्वास छ (नेपालमहात्म्य हिमवत्खण्डः अध्याय ८८ को पृ. नं. ७२० देखि ७२२) ।

## धार्मिक अनुष्ठान तथा पूजाविधि

यस देवस्थलमा तामाङ्ग बाले ढ्याङ्गो बजाएर पूजा गर्ने पुरानो चलन हो । हिजोआज पनि गर्दछन् । उनीबाटै विधिवत् रूपमा गोसाइथानबाट ल्याएको जल मणिचुडमा चढाइन्छ । त्यसपछि बाँकी जल काकेश्वरीमा चढाउने चलन छ । जल चढाउँदा दायाँ पाउ गोसाँइकुण्डतर्फ र वायाँ पाउले काकेश्वरीमा टेक्ने गर्दछन् । यसपछि इन्द्रदहमा गएर चढाउँने परम्परा पाइन्छ ।

भगवान् शिव/महादेव आफैमा पनि सात्विक पूजाविधि रूचाउने भएकोले अन्य कुनै सात्विक पूजाविधि भन्दा फरक किसिमको पूजाविधि हुदैन । भगवान् शिवको पूजा गाईको दूध, पञ्चामृतबाट गरिन्छ । पहिले पहिले चाहि जलहरीबाट नित्य पूजा विहान बेलुका एकावृति पाठ, रूद्राभिषेक कर्म गरिने कुरा यहाँका जेष्ठ नागरीक/अगुवाबाट बुझ्न सकिन्छ । तर अहिले भएको पूजारीबाट के-कसरी पूजा गरिन्छ भन्ने कुरामा नित्य पूजा विहान बेलुका हुन्छ । अरू समय प्रत्येक शिवजीको तिथि पर्व दिन श्रावणमास सोमबार, हरेक सोमबार शिवरात्री बालाचर्तुदशी र अन्य शिवजीका पर्व र विशेष गरी काकेअष्टमीका दिन काकेश्वरी मनोहरा नगरपालिका वडा नं. १ का वासिन्दाहरूले मिलेर लघु, रूदि/रूद्राभिषेकका कर्म गरी यहाँ विशेष पूजा उपाषना गरिन्छ ।

महादेवको पूजा उपासना विधि शुद्ध सात्विक तरिकाले जलधारा रूद्राभिषेक र गाइको दूध र पञ्चामृत चढाएर गरिने गरिन्छ । तर यो विधि अहिले विस्तारै हट्दै गएको पाइन्छ । जो मानिस गौँसाइकुण्ड गएर आएको छ उसले ल्याएको जल काकेश्वर महादेवलाई चढाउनुपर्ने परम्परा रहेको छ ।

## अपर्ण गरिने फूलप्रसाद तथा पूजा सामग्री

देवीदेवता ऋषिमहर्षि, ग्रह नक्षत्र, पञ्च भौतिक तत्व (पृथ्वी, जल, तेज, वायु र आकाश) वृक्षवनस्पति, कुल, पितृगण प्रति श्रद्धाभक्ति पूजाउपासना गर्ने विधिविधानहरू जातजाति, जनजातिहरूको धर्म, समुदाय, कुल परम्पराअनुसार फरक फरक हुने गर्दछ । कुल परम्पराअनुसार सदियौंदेखि चल्दै आएका चलनहरूको अवलम्बन सबैले गर्नुपर्नेतर्फ शास्त्रहरूले सङ्केत गरेका छन् । सनातन परम्पराका

उहिलेदेखि अहिलेसम्मका चलनले खास कुनै विधिलाई मानक तुल्याएर पूजा गर्नुपर्ने नियम निश्चित गरेको पाइदैन । देशकाल, वातावरण, अवस्था, परम्परा वा कुलाचारलाई महत्व दिएर पूजाआजा गर्नु नै राम्रो हो भन्ने सन्देश हाम्रा शास्त्रहरूले दिएका छन् (पन्त, २०६९, पृ. ९७) ।

अतः कुल परम्पराअनुसार कुलपूजा उपासन पद्धतिमा पार्थक्य देखिनु स्वभाविक हो । जसरी पूजा परम्परा विधिमा भिन्नता पाइन्छ, त्यसरी नै पूजा उपासनाका लागि आवश्यक पूजा प्रसाद र सामग्रीमा पनि फरक पाउन सकिन्छ । कोही कसैले अर्घ्य, पाद्य, आचमन, स्नान, वस्त्र, गन्ध, धूप, दीप र नैबेद्य गरी नौवटा वस्तुलाई पूजाका महत्वपूर्ण सामग्रीका रूपमा उल्लेख गरेका छन् । कोही कोहीले पूजोउपचार विधिका रूपमा अद्य, पाद्य, आचमन, मधुपर्क, स्नान, गन्ध, धूप, दीप, नैवेद्य, नमस्कार र प्रणाम गरी बाह्र विधि कसैले पाद्य, अद्य, आचमन, स्नान, बस्त्र, भूषण, गन्ध, पुष्प, घिउ, दीप, नैवेद्य, ता, नीराजन, पुष्पाञ्जली, परिक्रमा तथा नमस्कारगरी षोडसोपचार विधिको चर्चा गरेका छन् । यसरी पूजोपचार विधिको प्रकारका बारेमा उल्लेख गर्ने क्रममा सिद्धयामल ग्रन्थमा अठ्तीस र परशुराम कल्पसूत्रमा बहत्तरसम्म पुर्‍याइएको देखिन्छ (पाण्डेय, २०५७, पृ. ७९२-७९३) ।

ठाउँ अथवा र सम्प्रदायअनुसार पूजा गर्ने तरिका फरक फरक हुन्छ । कुनै पनि देवी देवताका नाममा चढाउने योग्य वस्तुको उपलब्धताले कहाँ कुन पदार्थ वा सामग्री अर्पण गर्ने भन्ने विषयको टुङ्गो लगाउनु पर्दछ । यसै सिद्धान्तअनुसार व्यवहार अवलम्बन गरिन्छ । देवीदेवताका लागि पदार्थ अर्पणगर्ने चलन छ । त्यसैले पूजाका लागि यो वस्तु अनिवार्य रूपमा चढाउनु पर्दछ भन्ने छैन । हामी कहाँ पञ्चोपचार, अष्टोपचार, षोडषोपचार विधितर्फ त्यत्ति धेरै ध्यान केन्द्रित नगरी पातीको पात र केरा, अक्षता अर्पण गरी कुल देवताको साथै स्थानीय देवीदेवताको पूजा उपासना गर्ने परम्परा पनि छ (दुलाल, २०७७, पृ.७०) ।

काकेश्वर महादेवका मुख्य उपासक ब्राम्हण, क्षेत्री, नेवार, तामाङ समुदायका श्रद्धालु भक्तजनहरू नै हुन् । यसका साथै यहाँ बसोवास गर्ने हिन्दू तथा बौद्ध धर्म मान्ने प्रत्येक समुदायले दर्शन तथा पूजा गर्दछन् । बिहानको नित्य पूजा र साँझको  आरति गर्ने गरिन्छ । साँझको आरती भने मन्दिर जङ्गलभित्र रहेकाले जङ्गली जनावरको डर त्रासका कारण घरबाट नै गर्ने गर्दछन् । काकेश्वर महादेवको पूजाउपासनामा गाईको दूध, पञ्चामृत, केशरी, चन्दन, अविर, अक्षता, दुवो, रातो फूल, सेतो फूल, दुबो, वेलपत्र, जौ, तील, फूलबत्ती, रातो अविर, गाईको दुध, पहेलो वस्त्र जनै, नरिवल, सुपाडी, स्थानीयहरूको खेतबारीमा फलेका फल, अन्न, घरमा पाकेका पक्वान्न चढाइन्छ ।

काकेश्वरमा प्राय गरेर स्थानीयको बारी वगैचामा फलेका फलफूललाई विशेष महत्व दिने गरिन्छ । पुजारीकाअनुसार केरा, नरिवल, मिश्री, स्याउ, मौसमअनुसार पाइने फलफूल र स्थानीयको घरमा पाकेका नैवेद्य चढाउने गर्दछन् । बारअनुसार छुट्याएर चढाउने चलन छैन । मन्दिर विशेषलाई वडाले जम्मा रु ४००० मात्र दिने हुँदा खर्च पनि पुग्दैन । पर्वअनुसार जाने दर्शनार्थीहरूले जे-जस्तो

प्रसाद लैजानु हुन्छ त्यसै अनुरूप चढाइन्छ (अन्तर्वार्ताः रामेश्वर चालिसे, २०७८,श्रावण ३१) । र यहाँ चढाईने परम्परागत सामग्रीहरू अनुसूची आठमा राखिएको छ ।

### पूजा प्रसाद वितरण प्रणाली

काकेश्वरको पूजा अन्त्य पछि प्रसाद वितरण अरू समयमा धेरै भिड नहुने हुँदा पुजारीले दिने चलन छ । तर यहाँ मेला पर्वको समयमा भिडभाड हुने हुँदा वडाबाट खटाइएका स्वयंसेवक, सामाजिक संस्थाबाट आउने स्वयमसेवकद्वारा भक्तजनहरूलाई सहज हुने गरी दर्शन गराउने कार्य हुन्छ । प्राय गरेर काकतिहार, काकेअष्टमी, शिवरात्रीका दिन भने भीड हुने गर्दछ । यहाँको प्रसाद कुनै भेदभाव विना वितरण गरिन्छ । यस मन्दिरमा कुनैपनि जातजातीलाई बञ्चित गरिएको छैन सबै जातले दर्शन गर्ने गर्दछन् (अन्तर्वार्ताः कविता सुनार, २०७८,श्रावण, ३१)

### चाडपर्व एवम् उत्सव

चाडवाड, मेलापर्व, जात्राउत्सव राष्ट्रलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन सक्ने मौलिक अमूर्त सांस्कृतिक सम्पदा हुन् । यस्ता सम्पदा सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सवअन्तर्गत पर्दछन् । प्रत्येक चाडपर्व निर्धारित दिनमा कुनै विशेष उद्देश्यका साथ मनाइने उत्सव हुन् । धार्मिक, सांस्कृतिक, आर्थिक, मनोवैज्ञानिक र मनोरन्जनात्मक पक्षहरू चाडपर्वसँग जोडिएर आउँदछन्।

काकेश्वर महादेव सामूहिक तीर्थस्थल हो । यहाँ तामाङ्ग, नेवार, ब्राह्मण, क्षेत्री जस्ता जातजाति समुदायको वसोबास पाइन्छ । त्यसो भएकोले यहाँ सबैले आ-आफ्नो गक्ष र शक्ति अनुसारको पूजाको लागि हर्षोल्लासको साथ जात्रा मनाइने गर्दछन् । अझ विशेष गरी तामाङ्ग जातिले आफ्नो कुल महादेवलाई मान्ने भएकाले उनीहरू निमित्त यो तीर्थ विशेष प्रार्थनीय मानिन्छ । समग्रमा काकेअष्टमी ( भाद्रशुक्ल अष्टमी), शिवरात्री, श्रावणको सोमबार, काकतिहार, जनै पूर्णिमा र हरितालिका तीज यस तीर्थमा वार्षिक रूपमा मनाइने विशेष महत्वपूर्ण चाडपर्व हुन् ।

काकेअष्टमी भनेको भाद्रशुक्ल अष्टमी हो । यो पर्व काकेश्वरी मन्दिरमा विशेष रूपमा मनाउने परम्परा छ । यहाँ भाद्रशुक्ल अष्टमी (कागेअष्टमी) मा मेला पनि लाग्दछ (भट्टराई २०६७,पृ. २५-२६) । अनुसन्धानकर्ता खतिवडाले काकेश्वर महादेवलाई नेपालका चौसट्ठी शिवलिङ्गमध्ये एक महत्वपूर्ण लिङ्गका रूपमा उल्लेख गरेका छन् । साथै भाद्रशुक्ल अष्टमीका (कागे अष्टमी) दिन यहाँ ठूलो मेला लाग्ने कुरा उल्लेख गरेको देखिन्छ (खतिवडा, २०७४, पृ. १८३) ।

काकेअष्टमी भगवान् शिवजीले शिवलिङ्गको दर्शन दिएको दिन हो । ब्रम्हा विष्णुका साथमा तेत्तीसकोटी देवताहरूले भगवान् शिवजी ध्यान तपस्या गरी दर्शन पाएर पूजा उपासना गरेको दिन मानिन्छ । मानव जीवन लिइ जन्म लिनेहरूले जानी नजानी गरेका पापकर्महरू नष्ट हुने भएकोले

काकेअष्टमीका दिन काकेश्वरी मन्दिरमा भक्तजनहरूले पूजाउपाषना दर्शन गर्ने र ब्राम्हण पुरोहितबाट एकावृति पाठ, रूद्रि, रूद्राभिषेक र लघु पाठ लगाएर पूजा आजा गर्ने चलन छ।

काकेअष्टमीका दिन तामाङ्गहरूले भने आफूले गुरुबाट प्राप्त गरेको धामीझाँक्री विद्यालाई पूर्ण गर्न धामिझाँक्री बस्त्र धारण गरी आफ्नो ढ्याग्रो बजाई नाचगान गरी महादेवको समिपमा गई हर्षोल्लासका साथ मनाउने गर्दछन् । यसरी धामी झाँक्रीले लगाउने पोषाक सेतो रङको हुने जामा र चोली लगाउँछन् । गलामा रुद्राक्षको माला धारण गर्ने, दाँयाबाँया छड्के बनाएर घण्टीको माला लगाई शीरमा मयूरको प्वाँखलाई अड्याउन रातो कपडामा पहेलो टल्कने जरी जोडिएको हुने त्यसलाई पछाडी लगेर बाँधिएको हुन्छ। धामीझाँक्रीको हातमा ढ्याङग्रो र त्यसलाई बजाउने बाङ्गो परेको डण्डी गजो हुन्छ (अवलोकन, २०७८ भाद्र२९ काकेअष्टमी) । धामीहरूको साथमा महिला धमिनी पनि तीन जना काँपिरहेको पाइयो । महिलाहरूले पनि गुरुकोबाट ज्ञान लिइरहेको हो भन्ने सूचना मेला भर्न आएका स्थानीय दर्शनार्थीबाट प्राप्त भयो ।

यसपालीको मेला पनि कोरोनाको कारणले गर्दा स्थानीय सरकारबाट स्थगित भएपनि त्यस दिन ललितपुर, भक्तपुर, काठमाण्डौ , दोलखा, धादिङ, काभ्रे, सिन्धुपाल्चोक र हेटौडादेखि पनि दर्शन गर्न आएको कुरा पत्रकारले प्रश्न सोध्ने क्रममा सुन्न र अबलोकन गरियो ।  यहाँ दर्शन गर्न सुन्दरीजलबाट आउने भक्तजनहरूले काकगंगेश्वर नदीबाट जल ल्याएर चढाउने परम्परा रहको पाईयो ।

तिहार नेपाली समाजमा पाँच दिन मनाइने महत्वपूर्ण चाड हो । यसलाई यमपञ्चक भनिन्छ । यो कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म मनाइन्छ । पौराणिककालमा यमराजले पाँचदिनसम्म आफ्ना दैनिक काम स्थगित गरी बहिनी यमुनाको टीका तथा माला ग्रहण गरेको हुनाले तिहारको पाँच दिनलाई यमपञ्चक भनिएको हो । यमपञ्चकको पहिलोदिनलाई काक तिहार भनिन्छ । काकको पूजा गरेर मनाइन्छ । वैदिक मान्यताअनुसार काकलाई सन्देश बाहक र यमको दूतको रूपमा लिइन्छ (अन्तर्वार्ताः शान्ती अर्याल २०७८, श्रावण ३१) ।

यमराजको दुत मानिएको कागले सबैलाई समान दृष्टिले हेर्ने र अन्नबालीमा लाग्ने किराफट्यांग्रा खाइदिन्छन् भन्ने कुराले गर्दा पनि आफ्नो बालीनाली राम्रो होस् भन्ने कारणले पनि पूजा गर्ने चलन छ । यमराजले लोकको खवर काकका माध्यमबाट थाहा पाउने भएकोले काकलाई यमदुतका रूपमा मान्ने शास्त्रीय विधान रहेको छ । काकले यमराज समक्ष राम्रो खबर लगिदियोस् भनेर यस दिन काकलाई दही भात जस्ता मिठा खाने परिकारसहित मन पर्ने भोजन गराइन्छ । लोक व्यवहारमा काक घरमा आई कराएमा शुभ बोल, शुभ बोल भन्ने प्रचलनसमेत रहेको छ (अन्तर्वार्ताः कृष्ण ढकाल, २०७८,श्रावण, ३१) ।

काग तिहारका दिन बिहानैदेखि काकेश्वरी महादेवस्थलमा काकरूपी महादेवलाई पूजा गर्ने भक्तजनहरूको भीड लाग्ने गर्दछ । यसै दिन हनुमान् ढोकास्थित काकेश्वरी मन्दिरमा पनि पूजा गर्ने

चलन छ । यो मन्दिर प्रताप मल्लले निर्माण गरेका हुन् । काकेश्वर महादेवस्थलको दर्शन गर्न जाने समयमा वाग्मतीमा बाढी आएकोले नदी तर्न नसकेको कारण हनुमान् ढोकामा यो मन्दिर बनाएको विश्वास गरिन्छ (अन्तवार्ताः मणिराम अर्याल, २०७८, श्रावण, ३१) ।

*काकोऽसि यमदूतोऽसि महामते ।*

*इमं बलिं गृहाणं त्वं त्रायस्व यमसङ्कटात् ॥*

यो श्लोक काकेश्वर महादेवस्थल पूजा उपासना गर्दा उच्चारण गरिने मन्त्र हो (अन्तर्वार्ताः कृष्ण ढकाल, २०७८,श्रावण ३१) । काकेश्वर महादेवस्थलमा स्थानीयहरूले आफ्ना बारीमा फलेका फलफूल, अन्न र घरमा पकाइएका पक्वान्न नैवेद्य ल्याएर काकेश्वरी महादेवस्थल स्थित काकको प्रतिमामा पूजा गर्ने गर्दछन् । वर्षको एकदिन काकको पूजा गर्ने चलनले मानिसलाई सधैंभरी चराचुरुङ्गीं तथा उनीहरूको जीवनप्रति सदैव मैत्रीपूर्ण भावना हुनुपर्छ भन्ने सन्देश दिन्छ । शिवजी स्वयम् काकको रूपमा यहाँ उत्पति हुनु भएकोले गर्दा यस तीर्थका बारेमा थाहा पाएका र यहाँ आउन सक्नेले दशर्न मात्र भएपनि गरेर फर्कने गरेको छन् । यस दिन काकको र काकेश्वर महादेवको पूजा नगरेमा पापको भागी भइन्छ भन्ने स्थानीयहरूको धारणा रहेको छ (अन्तर्वार्ताः कृष्ण ढकाल, २०७८,श्रावण, ३१) ।

श्रावणको सोमबार श्रावण महिना भगवान् शिवको प्रिय महिना हो । यस महिनामा सबैभन्दा बढी पानी पर्ने गर्दछ । पौराणिक साहित्यमा भगवान् शिवजीले कालकुट/कालकेतु नाम गरेको विष सेवन गरेका थिए । देवता, दानव र सम्पूर्ण ब्रम्हाण्डको रक्षा गर्नको लागि आफूले सेवन गरेको कालकुट विष कण्ठमा राखे । विषको असरले छट्पटी भई पानीको र चिसोको खोजी गर्दै भौतारिदै हिडे । यस बखत गोसाईकुण्डमा आफ्नो त्रिशुलले खोप्दा तीनवटा जलधाराबाट त्रिशुलीको उत्पति भयो । विषको प्रभाव कमगर्न उनी त्यही कुण्डमा डुबेर बसे । केहि समयपछि हिड्दै आउने क्रममा काकेश्वर महादेवस्थल भएको ठाउँमा आए । पहिलो विश्राम गरे । त्यहाँ पनि महादेव प्रकट भए (अन्तर्वार्ताः मणिराम अर्याल,२०७८,श्रावण,३१) ।

श्रावण महिनामा अधिकमात्रामा पानी पर्ने भएकोले शिवजीको विषदग्ध तापयुक्त शरीरमा शीतलता प्रदान गरी प्रकृतिले नै रुद्रीभिषेक गर्ने गर्दछिन । शिवपुराणअनुसार शिव स्वयं जल देवता हुन् । शिवले सनतकुमारलाई साउन महिनाको महिमा बताउने समयमा भनेका छन् मेरा तीन आँखामध्ये दाहिने आँखा सूर्य, बाँयाआँखा चन्द्रमा तथा बीचको आँखा अग्नि हुन् । हाम्रा महिनाहरूको नाम नक्षत्रको आधारमा राखिएको छ । श्रावण नक्षत्रको स्वामी चन्द्रमा हुन् । चन्द्रमा भगवान् शिवको मस्तक/शीरमा शोभायमान छन् । जब सूर्य मिथुनबाट कर्कट राशिमा प्रवेश गरेर साउन महिना शुरू हुन्छ तब सूर्य दक्षिणायन हुँदा सूर्यको ताप कम र चन्द्रमाले शितलता प्रदान गर्छन् । सूर्य कर्कट राशिमा आएपछि वर्षा हुन्छ । यसले शिवजीलाई प्रसन्न तुल्याउँछ (अन्तर्वार्ताः मणिराम अर्याल, २०७८,श्रावण, ३१) ।

साउनको सोमबारको दिन भगवान् शिवको विशेष पूजाआरधाना गर्ने परमपरा छ । ज्योतिषशास्त्रअनुसार सोमबारको स्वामी भगवान् शिवजी भएकाले यो दिन शिवको पूजा र उपासनाको लागि विशेष मानिन्छ । यसदिन ब्रत बसि पूजा गर्नाले आफू र आफ्नो परिवारको सुस्वास्थ दीघार्यु एवम् विभिन्न कामना पुरा हुने र पार्वतीले पनि महादेव स्वामी पाएको प्रसंग पुराणहहरूमा पनि छ । यहाँका स्थानीयहरूले साउनको ब्रतमा काकेश्वर महादेवस्थलमा आएर पूजा उपाषना गर्ने गर्दछन् ( अन्तर्वार्ताःकृष्ण ढकाल, २०७८, श्रावण, ३१) ।

शिवरात्री यस देवस्थलमा मनाइने अर्को उल्लेख्य पर्व हो । फाल्गुण महिनाको कृष्णपक्षको चतुर्दशीको दिन ब्रम्हाले रूद्ररूपी शिवजीलाई उत्पन्न गरेको र शिव पार्वतीको विवाह भएको दिनलाई महाशिवरात्रीका रूपमा मनाउने परम्परा छ । यसै रात भगवान् शिव दिव्य ज्योर्तिलिङ्ग स्वरूपमा प्रकट भएका हुन् । यस दिन नेपालमा भएका शैव मठहरूमा शिव र शिवलिङ्गको पूजा उपासना गर्ने गरिन्छ । त्यसैगरी काठमाडौं उपत्यकाको उत्तरपूर्वमा पर्ने काकेश्वरी महादेवस्थलमा शिवलिङ्गमा दुग्धाभिषेक, पञ्चामृतबाट धुमधामले पूजा उपासनाका साथै रुद्री पाठ गरिन्छ । त्यसदिन कागेश्वरी मनोहरा नगरपालिकाबाट नै प्रसादको लागी चाहिने सामानहरूको व्यवस्था मिलाइन्छ । शिवरात्रीका दिन ब्रतकालमा यहाँ शिवजीको ध्यान, पूजन र जप गर्दछन् । शिव महिमासँग सम्बन्धित कीर्तन र साँफ पख ध्वनी जगाउने चलन छ (अन्तर्वार्ताः कृष्ण ढकाल, २०७८ श्रावण, ३१)।

माथि उल्लिखित वार्षिक रूपमा मनाइने चाडपर्व र तथा दैनिक सम्पादन गरिने पूजा उपासनाका बाहेक हिजोआज पर्यटनको बढावा गर्ने हेतुले स्थानीयहरूले वि.सं.२०७१ सालबाट प्रत्येक वर्ष फाल्गुण ७ गते काकेश्वरी पर्यटन महोत्सव् सञ्चालन गर्न थालेका छन् । वि.सं. २०७७ सम्ममा ६ वटा काकेश्वरी महोत्सव मनाइसकिएको छ । यो कार्यले यस क्षेत्रमा विस्तारै पर्यटनको विकास हुँदै गएको विषय स्थानीयहरूले उल्लेख गरेका छन् (सामूहिक छलफल)।

**पुजारीपरम्परा**

तामाङ आमा र बुवाले पालेको गौरी गाईको दूध चोरेर एउटा ओडारमा लगेर चढाउने गर्दथ्या् । त्यसको कारण खोजतलास गर्दा ओडारमा लिङ्ग फेला पऱ्यो त्यसपछि त्यहाँ तिनै तामाङले पूजा उपाषना गर्न थाले । तामाङ पुजारी रहने यहाँको उल्लेख्य चलन हो । त्यसैले यस देवस्थलमा पहिले लामा पुजारी थिए । अहिले तामाङ्ग जातका लामा पुजारी छैनन् । ब्राह्मण पुजारीले पूजा तथा सम्पूर्ण धार्मिक अनुष्ठान सम्पन्न गर्दछन् । कसरी कहिलेबाट लामा पुजारीको परम्परा टुट्यो र ब्राह्मण थरका पुजारी हुने चलन चल्यो त्यो स्पष्ट रूपमा थाहा हुन सकेन ।

यस सम्बन्धमा स्थानीयहरूको भनाई यसप्रकार छ धेरै अघि यस क्षेत्रमा तामाङ जातिको बसोबास थियो । यस देवस्थलमा उनीहरूले नै पुजारीका रूपमा सम्पूर्ण धार्मिक अनुष्ठान तथा पूजा उपासना चलाउँदथे । कालान्तरमा नीति नियम जानेका तामाङ जातिका लामा पुजारीको अभाव भयो ।

केही समयसम्म चल्ने धार्मिक अनुष्ठान तथा पूजा उपाषना जस्ता कृत्य रोकिए । त्यसबेलासम्म यस क्षेत्रमा ब्राह्मण समुदायको बसोवास बृद्धि भइसकेको थियो । अन्तत रोकिएको धार्मिक अनुष्ठान पुनः सञ्चालन गर्न सबै स्थानीय मिलेर ढकाल थरका ब्राह्मणलाई जिम्मेवारी दिएको थियो । यो परम्परा आजसम्म पनि कायम छ । तर अहिलेका पुजारी भने चालिसे थरका ब्राह्मण हुन् (अन्तर्वार्ताः रामेश्वर चालिसे, २०७८,श्रावण ३१) ।

पहिले कृष्ण ढकाल नामका पुजारी थिए । अहिले भने रामेश्वर चालिसे नामका पुजारी छन् । यस तथ्यले यहाँ वंश परम्पराका आधारमा पुजारी नियुक्त हुँदैनन् भन्ने विषयलाई प्रमाणित गरेको छ । हिजोआज पुजारी छनोट प्रक्रिया वडा कार्यलयबाट हुने गर्दछ । काकेश्वर महादेवको मन्दिरमा पहिले पहिले ढकाल गाउँका कृष्ण ढकाल नामका पुरोहितका पुर्खाहरू थिए । साथमा लामा पुजारीहरू पनि संलग्न हुने चलन थियो । वर्तमानमा लामा पुजारी हटाएर ब्राह्म्ण पुजारीले मात्र कार्य सम्पादन गर्ने परम्परा चल्यो । अहिले वडाबाट नै पुजारी छान्ने परम्परा रहेको छ । पुजारी हुने व्यक्ति नीति नियम जानेको ब्राह्मण हुनु पर्दछ । उक्त व्यक्तिले ब्राह्मणहरूले दैनिक रूपमा मान्नै पर्ने आचारसंहिता पालना गर्नै पर्ने प्रावधान छ । त्यो मापदण्ड पालना नगर्ने ब्राह्मणले पुजारी हुन पाउँदैनन् । यस बाहेक अन्य कुनैपनि मापदण्ड उतिधैरै छैनन् (अन्तर्वार्ताः मणिराम अर्याल, २०७८,.श्रावण ३१) ।

## ५.१.४. ब्रम्ह्मण्ड एवम् प्रकृतिसँग सम्बन्धित ज्ञान तथा व्यवहार

प्रकृति, ईश्वर, ब्रम्हाण्ड, जीव, जगत् जस्ता विभिन्न पक्षका विषयमा लामो समयदेखि स्थापित हुँदै आएको मूल्य मान्यतालाई परम्परागत ज्ञान विज्ञान एवम् व्यवहार मान्ने गरिन्छ (दुलाल, २०७४, पृ.९८) । प्रकृति, ईश्वर, ब्रम्हाण्ड, जीव, जगत् जस्ता तत्वसँग शैव धर्म र दर्शनको सम्बन्ध अन्योन्याश्रित छ । यो शैव तीर्थ भएकाले तीर्थको सम्बन्ध प्रकृति, ईश्वर, ब्रम्हाण्ड, जीव, जगत् जस्ता तत्वसँग रहनु स्वभाविक एवम् सान्दर्भिक विषय हो । अतः यस देवस्थलसँग सम्बन्धित ब्रम्ह्मण्ड एवम् प्रकृतिसँग सम्बन्धित ज्ञान तथा व्यवहार जस्ता अमूर्त सांस्कृतिक पक्षको चर्चा गर्दा भगवान् शिव र लिङ्गोपासना परम्पराको विश्लेषण गर्नु पर्ने देखिन्छ ।

शैवधर्म वेदको रुद्ररूपी शिवको उपाषनाबाट शुरू भएको हो । हिन्दूहरूका ३३ कोटी देवताहरूमा शिव विनाशकारी देवता हुन् । वैदिक साहित्यमा शिवलाई रुद्र, पशुपति, महादेव, महेश, ईशान, शङ्कर र हर आदि पनि भनिएको छ (खत्री,२०३६,पृ.१८) । ऋग्वेदमा रुद्रलाई जट्टाधारी, वायुमा विचरण गर्ने र अग्निसँग सम्बन्ध गरेर एक भयङ्कर एवम् विनासक शक्तिबाट मानिस र पशु दुबैको विनास गरिदिने, रोगव्याधि र महामारी ल्याइदिने विध्वंशकारी तत्व मानेर आर्यहरूले उनको आराधना गरेको देखिन्छ ।उपनिषद्कालमा कर्मकाण्डहरूले रुद्रलाई महादेव अर्थात् देवताहरूमा ठूला देवताको रूपमा मोक्षको मार्ग मानेका छन् । महाभारतमा 'अजन्मा' 'जगतसृष्टा' 'अविकारी' भनेर भगवान् शिवको उल्लेख गरेको पाइन्छ (खतिवडा, ई.२०१९ पृ.८२९-८३०) ।

प्रारम्भदेखि नै शैव मतमा लिङ्गोपासनाले महत्व पायो । लिङ्ग चतुर्दशकोटी ब्रह्माण्डको प्रतीक हो । चर्तेमुख ब्रह्मादेखि लिएर यो चराचर जगत् जसमा यसैमा लय हुन्छन् । समग्र जड, चेतन, जगत् एकाकार हुन्छन् । आकाश अर्थात् प्रकाशस्वरूप लिङ्गको पीठिका जलहरी पृथ्वी हो । त्यो लिङ्गमा चतुर्दशकोटी ब्रम्हाण्डका तेत्तीसकोटी देवीदेवताहरूको पुजन एउटै लिङ्गमा हुन्छ । सम्पूर्ण ब्रम्हाण्डको भौगोलिक आकार नै शिवलिङ्ग हो (प्रपन्नाचार्य,२०६८,पृ.१२०) ।

पञ्चमुखी शिवलिङ्गको दार्शनिक, तान्त्रिक तथा तात्विक अर्थ छ । पञ्चमुखी शिवलिङ्गका पाँच मुखमा सद्योजात पश्चिममुख पृथ्वीतत्व, वामदेव उत्तरमुख जलतत्व, दक्षिणमुख अघोर अग्नितत्व, तत्पुरुषमुख पूर्वदिशा वायुतत्व र ईशानमुखलाई उर्ध्वमुख आकाशतत्वको प्रतीक मानिन्छ । पञ्चतत्व शिवलिङ्ग पूजाको वैज्ञानिक दृष्टिकोण हो ।

काकेश्वर महादेवस्थलको शिवलिङ्ग स्वयम्भू शिवलिङ्ग हो । यो लिङ्ग स्वयम् भगवान्बाट उत्पन्न भएको विश्वास गरिन्छ । यो देवस्थल पनि ६४ शिवलिङ्गमध्ये एउटा हो । यस देवस्थललाई पनि अन्य शैव तीर्थहरूमा पाइने ब्रम्हाण्ड एवम् प्रकृतिसँग सम्बन्धित ज्ञान तथा व्यवहारको प्रतीक मानिन्छ । यो देवस्थल पनि भगवान् शिवको पाँच दिशा र पञ्चतत्वको प्रतीक हो । पश्चिममुख पृथ्वीतत्व, उत्तरमुख जलतत्व, दक्षिणमुख अग्नितत्व, पूर्वदिशा वायुतत्व र उर्ध्वमुख आकाशतत्वलाई यो देवस्थलले पनि प्रतिनिधित्व गर्दछ ।

### ५.१.५. परम्परागत कला कौशल तथा शिल्प प्रविधि

लामो समयदेखि मौलिक संस्कृतिको अभिन्न अङ्ग बन्दै आएको सीप शैलीलाई परम्परागत कला कौशल एवम् शिल्प प्रविधिका रूपमा लिने गरिन्छ (दुलाल, २०७४, पृ.९८) ।धामी, झाँक्री, तन्त्र मन्त्र, झारफुक, लोकऔषधोपचार विधि, कला तथा वास्तुकला परम्परागत शिल्प प्रविधिअन्तर्गत पर्ने विषय हुन् । घर निर्माण प्रविधि तथा कलात्मक झ्याल ढोका निर्माण गर्ने शैली पनि यस विधाअन्तर्गत पर्दछन् । वरपर केही मूर्त सम्पदाहरू छन् । मूर्ति र अभिलेख पनि भेटिएका छन्। आजसम्म पनि मूर्ति र अभिलेखको सूक्ष्म अध्ययन र विश्लेषण भएको छैन । मूलतः काकेश्वर महादेव, पार्वतीको मन्दिर, पाटी तथा सत्तल, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिढी कागको मूर्ति, ॐ लेखिएको प्रस्तर शिला, गणेशको मूर्ति, शिवलिङ्ग, बसाहको मूर्ति, मन्दिरभित्र भएको शिवपार्वती आलिङ्गन मूर्ति, कुमारको मूर्ति, शिलालेख, भक्तजनले राखेका शिवलिङ्गहरू यस देवस्थलमा पाइने उल्लेख्य सम्पदा हुन् । यी सम्पदाले यस क्षेत्रको परम्परागत कला कौशल तथा शिल्प प्रविधिको प्रतिनिधित्व गर्दछन् । उक्त सम्पदाको व्याख्यासहित चर्चा अघिल्ला पृष्ठहरूमा परिसकेको छ ।

## परिच्छेद छ

## काकेश्वरी महादेव क्षेत्रका सांस्कृतिक सम्पदाको व्यवस्थापनको अवस्था

परिच्छेद छप्रस्तुत शोधप्रवन्धको तेस्रो समस्या सम्वोधन तथा विशिष्ट उद्देश्य परिपूतिसँग सम्बन्धित छ । अतः काकेश्वरी महादेव क्षेत्रका सांस्कृतिक सम्पदाको व्यवस्थापनको अवस्था मूल शीर्षकअन्तर्गत अनुक्रमका आधारमा संरक्षण तथा संवर्द्धनको वर्तमान अवस्था, संरक्षण तथा संवर्द्धनका समस्या, संरक्षण तथा संवर्द्धनका उपाय एवम् सरोकारवालाहरूको भूमिका, संरक्षण तथा संवर्द्धनमा स्थानीय समुदायको भूमिका, संरक्षण तथा संवर्द्धनमा स्थानीय तहको भूमिका, स्थानीय तहमा क्रियाशील सङ्घ संस्थाको भूमिका, प्रदेश सरकारको भूमिका, पुरातत्व विभाग, संस्कृति समिति र सम्बन्धित मन्त्रालयको भूमिका, काकेश्वरी मन्दिरको गुरुयोजनाजस्ता बिषयको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

### ६.१. काकेश्वरी मन्दिर क्षेत्रको सम्पदा व्यवस्थापनको वर्तमान अवस्था

प्रस्तुत अध्ययनको तेस्रो समस्या काकेश्वरी मन्दिर क्षेत्रको सम्पदा व्यवस्थापनको अवस्था कस्तो छ ? संरक्षण तथा संवर्द्धनका उपाय के के हुन् सक्दछन् ? भन्ने हो यो समस्या सम्वोधनका निमित्त यस अध्ययनको तेस्रो उद्देश्य काकेश्वरी मन्दिरको संरक्षण तथा संवर्द्धनको अवस्था पहिचान गरी त्यसका उपायहरू शोधखोज गर्नु निर्धारण गरिएको छ । अतः उक्त तेस्रो समस्याको सम्वोधन एवम् निर्धारित उद्देश्य परिपूर्तिका लागि संरक्षण तथा संवर्द्धनको अवस्था विश्लेषण शीर्षकभित्र संरक्षण तथा संवर्द्धनको वर्तमान अवस्था, संरक्षण तथा संवर्द्धनका समस्या र संरक्षण तथा संवर्द्धनका उपाय एवम् सरोकारवालाहरूको भूमिका जस्ता विषयको विवेचना गरिएको हो ।

प्रस्तुत शोधपत्र कागेश्वरी मनहरा नगरपालिका वडा नं.१ काकेश्वर महादेवस्थानसँग सम्बन्धित छ । अध्ययनका क्रममा उक्त क्षेत्रको स्थलगत सर्वेक्षण गरिएको थियो । अध्ययनगर्दा सर्वेक्षण गरिएका क्षेत्रका सम्पदाहरूको अवस्था एक नासको पाइएको थिएन । प्राय सबैजसो सम्पदाहरूको अवस्था पृथक पाइएको हो । सम्पदाको भौतिक संरचनाको विकासमा प्रर्याप्त ध्यान पुगेको देखिदैन । यस तीर्थमा वार्षिकरूपमा गरिने मेलापर्व एवम् पूजा उपासना जस्ता पक्षलाई विश्लेषण गर्ने हो भने यो देवस्थलको वर्तमान अवस्था त्यति राम्रो नभएको अनुभूति गर्न सकिन्छ ।

यद्दपि यहाँका लगभग लोपहुने अवस्थामा पुगेका वार्षिक रूपमा लाग्ने मेला उत्सवहरू केही वर्षदेखि पुनः लगाउन थालिएको छ । यो सकारात्मक पक्ष हो । तर मेला पर्वमा लाग्ने खर्चको समुचित व्यवस्था सरकार, स्थानीय निकाय कँही कतैबाट भएको छैन । सम्पूर्ण खर्च स्थानीयबाट व्यवस्थापन गर्ने गरेको बुझिन्छ । देवस्थलको संरक्षण, नियमित हेरचाह, सुरक्षा, सुग्घरसफाई जस्ता सेवाजन्य कार्यका निमित्त विशेष जिम्मेवारीका साथ कुनै व्यक्ति नियुक्त गरिन्छ । त्यस्ता व्यक्तिलाई टहलुवा भनिन्छ । तर

काकेश्वर महादेवस्थलमा कुनै पनि किसिमको हेरचाह गर्ने व्यक्ति राखिएको छैन् । हेरचाह तथा सुरक्षालगायत दैनिक रूपमा नित्य पूजा आरति गर्ने कार्य सबै पूजारीले नै गर्दछन् ।

## ६.२. संरक्षण तथा संवर्द्धनका समस्या

प्रत्येक दिन एवम् वार्षिक रूपमा काकेअष्टमी (भाद्रशुक्ल अष्टमी), शिवरात्री, श्रावणको सोमबार, काकतिहार, जनै पूर्णिमा र हरितालिका तीज जस्ता चाडपर्व मनाइने यो तीर्थ हिन्दू तथा बौद्ध धर्मावलम्वहरूको विशेष तथा महत्वपूर्ण देवस्थल हो । यसलाई नेपाली संस्कृतिको एउटा महत्वपूर्ण पक्ष र सम्पदा मान्नु पर्दछ । यस्ता सम्पदाहरूका विषयमा कतिपय अध्ययन अनुसन्धानकर्ताहरूलाई त्यतिधेरै ज्ञान एवम् जानकारी नहुनसक्दछ । त्यसैले अबका दिनमा सांस्कृतिक जनजीवनका विषयमा शोधखोज गर्ने अनुसन्धानदाताहरूले यो विषय र क्षेत्रलाई विश्लेषणको विषय बनाउनु पर्दछ । संरक्षण सम्वर्द्धनमा आइपर्न थालेका धेरै चुनौतीहरूमध्ये केही यसप्रकार छनः

- देवस्थलको संरक्षण, नियमित हेरचाह, सुरक्षा, सुग्घरसफाई जस्ता सेवाजन्य कार्यका निमित्त विशेष जिम्मेवारीका साथ टहलुवाको व्यबस्था ।
- यस देवस्थलमा रहेका पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृति तथा कलावास्तुकलासँग सम्बन्धित सम्पदाहरूको पहिचान तथा सूचीकरण ।
- स्थानीयहरू यस देवस्थलका नाममा जग्गा गुठी रहेको वताउँछन् । तर अहिले त्यो पाइदैन । यसको पहिचान तथा खोजी र देवस्थलका नाममा दर्ता गराउने ।
- यस देवस्थलमा प्रत्येक दिन एवम् वार्षिक रूपमा काकेअष्टमी (भाद्रशुक्ल अष्टमी), शिवरात्री, श्रावणको सोमबार, काकतिहार, जनै पूर्णिमा र हरितालिका तीज जस्ता चाडपर्व मनाइने परम्परा छ । यस्ता मेला पर्वको खर्च व्यवस्थापन ।
- यस प्रकारका धार्मिक, सांस्कृतिक एवम् पुरातात्विक स्थल तथा सांस्कृतिक परम्पराहरूको संरक्षण एवम् संवर्द्धन गर्ने आधिकारिक निकाय भनेको पुरातत्व विभाग र संस्कृति समिति हुन् । स्थानीय तहमा पुरातत्व विभाग र संस्कृति समितिसँग सिधा सम्बन्ध स्थापित गर्ने निकाय वा शाखाको व्यवस्था ।
- यस देवस्थलमा प्रत्येक दिन एवम् वार्षिक रूपमा सम्पन्न गरिने चाडपर्वहरूको प्रत्यक्ष सम्बन्ध केही निश्चित जनजाति समुदायसँग जोड्ने चलन छ । यस्तो भावनाको अन्त्य गरी सबैको साझा संस्कृति हो भन्ने भावनाको विकास ।

## ६.३. संरक्षण तथा संवर्द्धनका उपाय एवम् सरोकारवालाहरूको भूमिका

प्रस्तुत शोधमा काठमाडौं जिल्ला काकेश्वर मनहरा नगरपालिका वडा नं.१ काकेश्वर महादेवस्थानको सांस्कृतिक पक्षको विश्लेषण भएको छ । अनुसन्धानका उक्त क्षेत्रको स्थलगत सर्वेक्षण

गरिएको हो । स्थलगत अध्ययनको क्रममा कतिपय तथ्याङ्क एवम् सूचनाहरू अन्तर्वार्ता, प्रश्नावली एवम् लक्षित समूह छलफलबाट पनि सङ्कलन गरिएको हुन् । तथ्याङ्क एवम् सूचना सङ्कलनगर्ने क्रममा यो देवस्थल ग्रामथान तथा यसमा चल्ने दैनिक पूजा उपासना तथा वार्षिक रूपमा लाग्ने मेलापर्वको वर्तमान अवस्था, यस्ता सांस्कृतिक सम्पदाहरूको संरक्षणमा आउन सक्ने चुनौती एवम् त्यस्ता चुनौती समाधानका उपायहरू के के हुन सक्दछन् भन्ने विषयलाई महत्व दिइएको थियो । सोहीअनुसार सूचना सङ्कलन गरिएको हो । यतिमात्र होइन यो देवस्थल एवम् यसमा लाग्ने मेला पर्वहरूको संरक्षण संवर्द्धनका साथै माथि उल्लेख गरिएका समस्याहरू समाधानगर्न स्थानीय समुदाय, स्थानीय क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठन, स्थानीय तह, प्रदेश सरकारको भूमिका र पुरातत्व विभाग, संस्कृति समिति र सम्बन्धित मन्त्रालयको भूमिका जस्ता सरोकारवाला निकायहरू को कस्ले के के गर्नुपर्दछ भन्ने विषयमा समेत स्थानीय जानकार व्यक्तिहरूबाट सूचना सङ्कलन गरिएको थियो । उक्त सूचना एवम् सुझावहरूको विश्लेषणका आधारमा सम्बन्धित पक्ष र निकायले के कस्तो योगदान पुऱ्याउनुका साथै भूमिका निर्वाह गर्न सक्दछन् भन्ने विषयलाई छुट्टा छुट्टै प्रस्तुत गरिएको हो ।

## ६.३.१. संरक्षण तथा संवर्द्धनमा स्थानीय समुदायको भूमिका

यस देवस्थल एवम् यसमा लाग्ने मेलापर्व पूजा उपासनाको प्रत्यक्ष सम्बन्ध स्थानीयहरूसँग जोडिएको छ । यस क्षेत्रमा विशेषतः तामाङ, ब्राह्मण, क्षेत्री, नेवार जस्ता समुदायका मानिसहरू बसोवास गर्दछन् । ती संस्कृति परम्पराहरूका उत्पादक तथा उपभोगकर्ता पनि उक्त समुदाय नै हुन् । सम्पदाहरूको संरक्षण एवम् संवर्द्धनबाट प्राप्त हुने लाभको पहिलो लाभ पनि स्थानीयहरूले नै लिने गर्दछन् । स्थानीय सांस्कृतिक परम्पराहरूको संरक्षण एवम् संवर्द्धनको पहिलो कर्तब्य एवम् दायित्व पनि स्थानीय समुदाय कै हो । यसर्थ राज्यका अन्य निकायभन्दा बढी चासो, चिन्ता र हेक्का स्थानीय समुदायले नै राख्नु पर्दछ । सामान्यतः यो स्मारक एवम् परम्पराको संरक्षण एवम् संवर्द्धनमा स्थानीय समुदायले तपशीलको योगदान एवम् भूमिका निर्वाह गर्न सक्ने देखिन्छः

- यस देवस्थल एवम् यसमा लाग्ने मेलापर्व पूजा उपासनाका विषयको पहिचान एवम् सूचीकरणमा राज्यसरकारको सम्बन्धित निकाय, स्थानीय क्षेत्रमा क्रियाशिल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूलाई आवश्यक जानकारी उपलब्ध गराउनु ।
- यस देवस्थलसँग सम्बन्धित महत्वपूर्ण मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको बेला बखतमा अध्ययन अनुसन्धान तथा प्रकाशनगरी आवश्यक प्रचार प्रसारमा ल्याउनु ।
- यो स्मारकमा लाग्ने वार्षिक मेलापर्व, पूजा उपासनाको निरन्तरता र थप सम्पदाको पहिचान, संरक्षण, संवर्द्धनमा ध्यान दिने एवम् प्रचार प्रसारगरी पर्यटनसँग जोड्ने ।

- यस देवस्थल एवम् यसमा लाग्ने मेला पूजाको धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक महत्वका विषयमा स्थानीय स्तरमा जानकारी दिने गोष्ठी, छलफल जस्ता कार्यक्रम बेला बखतमा सञ्चालन गर्ने ।
- यो देवस्थलको भोगचलनमा रहेको जमिन कोही कसैले पनि निजी बनाउने प्रयासमा नलाग्ने, सकिन्छ भने यस्ता सम्पदाहरूलाई थप भूमि उपलब्ध गराउने ।

## ६.३.२. संरक्षण तथा संवर्द्धनमा स्थानीय तहको भूमिका

स्थानीय तहभित्र गाउँपालिकाका वडा समितिदेखि गाउँपालिका, नगरपालिका, महानगरपालिका एवम् जिल्ला समन्वय समितिहरू पर्दछन् । नेपालको संविधान २०७२ ले गरेको व्यवस्थाअनुसार यी निकाय राज्यका स्थानीय सरकारका एकाइहरू हुन् । राज्यको पुर्नसंरचना तथा वर्तमान संविधान कार्यान्वयन भएपछि स्थानीय क्षेत्रको विकासमा सम्बन्धित गाउँपालिका, नगरपालिका तथा महानगरपालिकाको योगदान एवम् भूमिका निकै प्रभावकारी तथा ठूलो रहन गयो । वर्तमान समयमा नेपालमा स्थानीय क्षेत्रको विकासको जिम्मेवारी स्थानीय सरकार वा निकायका रूपमा उक्त एकाइहरूलाई दिएको छ ।  मठमन्दिर, थान, तिनीहरूमा लाग्ने मेलापर्व, पूजा आदिको संरक्षण संवर्द्धन एवम् निरन्तरताका लागि योगदान पुर्‍याउने सरकारी निकाय पनि उक्त प्रशासनिक एकाइहरू नै हुन् (दुलाल, २०७७, पृ. ११३) । अतः स्थानीय सरकारको हैसियतले काकेश्वरी मनहरा नगरपालिकाले खेल्न सक्ने भूमिका एवम् पुर्‍याउन सक्ने योगदानका क्षेत्रहरूलाई यस प्रकार पहिचान गरिएको छः

- यो देवस्थलको संरक्षण, नियमित हेरचाह, सुरक्षा, सुग्घरसफाई जस्ता सेवाजन्य कार्यका निमित्त विशेष जिम्मेवारीका साथ टहलुवाको व्यबस्था गर्नु ।
- यो देवस्थल तथा यसमा लाग्ने वार्षिक मेलापर्वहरूको पहिचानगरी व्यवस्थित एवम् वैज्ञानिक ढङ्गबाट सूची तयारपार्ने पार्न लगाउने ।
- यो स्मारक एवम् यससँग सम्बन्धित सांस्कृतिक परम्पराको अवस्थाका बारेमा जानकारी राख्न बेलाबखतमा अध्ययन अनुसन्धान तथा प्रकाशनगर्ने गराउने ।
- यो सम्पदाहरूको संरक्षण, संवर्द्धनका लागि वार्षिक बजेटको व्यवस्थागरी प्राथमिकताका आधारमा जीर्णोद्धार, मर्मत सम्भारगर्ने र गर्नलगाउने ।
- काकेश्वरी महादेव जस्तो सांस्कृतिक, धार्मिक, ऐतिहासिक महत्वको स्थल तथा यससँग सम्बन्धित सांस्कृतिक परम्पराहरूको महत्वका विषयमा बेलाबखतमा गोष्ठी तथा छलफलका माध्यमबाट स्थानीयहरूलाई जनचेतना अभिवृद्धिगर्ने गराउने ।
- यस स्थलको संरक्षण संवर्द्धनगरी विकासगर्दै लैजाने सन्दर्भमा आवश्यक गुरुयोजना तयारगर्ने गराउने ।

- दैनिक तथा वार्षिकरूपमा लाग्ने मेलापर्व पूजाहरूमा खर्चहुने रकमको व्यवस्था गरिदिने र गर्न लगाउने ।
- यो देवस्थल एवम् यसमा लाग्ने मेलापर्वको प्रचार प्रसारगरी पर्यटनसँग सम्बन्ध विस्तारगर्ने गराउने ।
- यस क्षेत्रलाई थप आकर्षित एवम् उपयोगी बनाउन उद्यानको विकासगरी मानवीय क्रियाकलापहरू बृद्धिगर्ने गराउने ।

### ६.३.३. स्थानीय तहमा क्रियाशील सङ्घ संस्थाको भूमिका

स्थानीय समुदायको भूमिका एवम् योगदान जस्तै यो देवस्थल एवम् यससँग सम्बन्धित परम्पराको संरक्षण गर्ने जिम्मेवारी स्थानीय क्षेत्रमा क्रियाशील राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय सङ्घ संस्थाको पनि हो । यस क्षेत्रमा जेसिस, प्लान इन्टरनेशनल नेपाल, रेडक्रस सोसाइटी, महिला समूह, काकेश्वरी गुठी समूह, लायन्स क्लब अफ कागेश्वरी, जेष्ठ नागरिक सेवा आश्रम, कागेश्वरी क्लब, प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, पुरातत्व विभाग पुर्ननिर्माण कार्य समिति, नाांटेश्वर युवा क्लब, भगवान् युवा क्लब, गोकर्ण सुन्दरीजल वाग्मती सरोकार समिति, आलापोट बहुउद्देशीय सहकारी संस्था जस्ता सङ्घसंस्थाहरू क्रियाशील छन् । सामान्यतः उक्त सङ्घसंस्थाहरूले यो देवस्थल तथा यसमा चल्ने दैनिक पूजा र यहा वार्षिक रूपमा लाग्ने मेलापर्वको संरक्षणका लागि तपसिलको भूमिका एवम् योगदान पुऱ्याउन सक्ने देखिन्छः

- स्थानीय क्षेत्रमा क्रियाशील सङ्घ संस्थाहरूको पहुँच राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा हुनेहुँदा यस क्षेत्रका भौतिक सम्पदा तथा यसमा चल्ने दैनिक पूजा र वार्षिक रूपमा लाग्ने मेलापर्वको संरक्षण एवम् संवर्द्धनका निमित्त आवश्यक रकमको व्यवस्था गर्ने ।
- यस क्षेत्रमा अस्तित्वमा रहेका सांस्कृतिक भौतिक सम्पदा र परम्पराको महत्व एवम् उपयोगिताका विषयमा गोष्ठी, छलफल जस्ता जागृतिमूलक कार्यक्रम सञ्चालनगरी स्थानीयहरूमा सचेतना वृद्धि गर्ने ।
- यस देवस्थलका मूर्त तथा अमूर्त सम्पदा एवम् परम्पराका विषयमा बेलाबखतमा अध्ययन अनुसन्धान, शोधखोज तथा प्रकाशनमाल्याई देश विदेशमा प्रचारप्रसार गर्न सहयोग पुऱ्याउने ।

### ६.३.४. प्रदेश सरकारको भूमिका

नेपालको संविधानको परिच्छेद १३ मा प्रदेश कार्यपालिका, १४ मा प्रदेश कार्यपालिका र १५ मा प्रदेश न्यायपालिकाको व्यवस्था छ । धारा १६२ देखि २०२ सम्म प्रदेशअन्तर्गतका उक्त अङ्गको चर्चा र प्रदेश सरकारको व्यवस्था छ (नेपाल सरकार, २०७२, ७८-९४) । नेपालको संविधानले व्यवस्था गरेको

प्रदेश सरकारले यो देवस्थल तथा यसका भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्वर्द्धनमा निर्वाह गर्ने योगदान एवम् भूमिका यस प्रकार पहिचान गरिएको छः

- यो देवस्थलको संरक्षण, नियमित हेरचाह, सुरक्षा, सुग्घरसफाई जस्ता सेवाजन्य कार्यका निमित्त विशेष जिम्मेवारीका साथ टहलुवाको व्यबस्था गरिदिने ।
- दैनिक तथा वार्षिकरूपमा लाग्ने मेलापर्व पूजाहरूमा खर्चहुने रकमको व्यवस्था गरिदिने र गर्न लगाउने ।
- यो देवस्थलको गुठी जग्गा पहिचानगरी नाप, नक्सा तयार पारी स्मारकका नाममा दर्ता गराई वैधानिकता प्रदानगर्ने गराउने ।
- यस देवस्थलका मूर्त तथा अमूर्त सम्पदा एवम् परम्पराका विषयमा बेलाबखतमा अध्ययन अनुसन्धान, शोधखोज तथा प्रकाशनमाल्याई देश विदेशमा प्रचारप्रसार गर्न सहयोग पुऱ्याउने ।
- यस स्थानीय तहमा संस्कृति तथा पुरातत्व शाखाको व्यवस्थागर्ने गराउने ।
- यस क्षेत्रमा अस्तित्वमा रहेका सांस्कृतिक भौतिक सम्पदा र परम्पराको महत्व एवम् उपयोगिताका विषयमा गोष्ठी, छलफल जस्ता जागृतिमूलक कार्यक्रम सञ्चालनगरी स्थानीयहरूमा सचेतना वृद्धि गर्ने ।
- यो देवस्थल लगायत यस क्षेत्रका यस्तै अन्य पुरातात्विक तथा सांस्कृतिक दृष्टिकोणबाट महत्वपूर्ण स्थल एवम् परम्पराको अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थी, अनुसन्धाताहरूलाई छात्रबृत्तिको व्यवस्था गर्ने गराउने ।

## ६.३.५.पुरातत्व विभाग, संस्कृति समिति र सम्बन्धित मन्त्रालयको भूमिका

नेपालमा धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक महत्वका स्थल, स्मारकका साथै सांस्कृतिक परम्पराहरूको रेखदेख गर्ने मुख्यालय भनेको नेपाल सरकारको संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हो । यस मन्त्रालयभित्र पनि संस्कृति शाखा र पुरातत्व विभाग यस्ता स्मारक तथा परम्पराहरूको संरक्षणको जिम्मेवारी पाएका अन्तिम निकाय हुन् । पुरातत्व विभागले मूलतः भौतिक सम्पदा र संस्कृति शाखाले अभौतिक सांस्कृतिक सम्पदाहरूका विषयमा ध्यान केन्द्रित गर्दछन् । यो देवस्थल तथा यसका भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाहरूको संरक्षण सम्वर्द्धनमा सम्बन्धित निकायहरूको योगदान एवम् भूमिका यस प्रकार पहिचान गरिएको छः

- यो देवस्थलको संरक्षण, नियमित हेरचाह, सुरक्षा, सुग्घरसफाई जस्ता सेवाजन्य कार्यका निमित्त विशेष जिम्मेवारीका साथ टहलुवाको व्यबस्था गरिदिने ।
- यो देवस्थलको गुठी जग्गा पहिचानगरी नाप, नक्सा तयार पारी स्मारकका नाममा दर्ता गराई वैधानिकता प्रदानगर्ने गराउने ।

- यस स्थानीय तहमा संस्कृति तथा पुरातत्व शाखाको व्यवस्थागर्ने गराउने ।
- यो देवस्थल लगायत यस क्षेत्रका यस्तै अन्य पुरातात्विक तथा सांस्कृतिक दृष्टिकोणबाट महत्वपूर्ण स्थल एवम् परम्पराको अध्ययन अनुसन्धान गर्न चाहने शोधार्थी, अनुसन्धाताहरूलाई छात्रबृत्तिको व्यवस्था गर्ने गराउने ।

## ६.४. काकेश्वरी मन्दिरको गुरुयोजना

कुनै पनि विषय वस्तुलाई कस्तो र कुन ढंगले अगाडी बढाउनको लागि त्यसको बारेमा एक योजना निमार्ण गरिन्छ । त्यसै गरी कागेश्वरी मनोहरा नगरपालिकालाई चिनाउने मुख्य आधार काकेश्वरी मन्दिर नै हो । उक्त मन्दिरलाई दिब्यधाममा व्यवस्थापन गर्नु र धेरै भन्दा धेरै पर्यटन भित्र्याउनु नै हो ( अन्तर्वार्ताः मुकुन्द गजुरेल २०७८ श्रावण, ३१) । वर्तमान अवस्थामा जुन जाँगर र जोश नगरपालिका र सम्बन्धित  वडाबाट देखाइएको छ यसलाई समयमा नै उचित व्यवस्थापन गर्नको लागि र काकेश्वरी मन्दिरलाई  व्यपस्थापन गरी विश्वसामु चिनाउन  र पर्यटनको विकास गर्नको लागि गुरुयोजना को आवश्यक ठानी काकेश्वरी मन्दिर व्यवस्थापनमा गर्नुपर्ने सुधार तथा पर्यटन विकासमा सहयोग पुऱ्याउने गरी गुरुयोजना निमार्ण गर्न कार्यदल पनि गठन गरिएको छ । जसमा गुरुयोजना तर्जुमाका लागि काकेश्वरी मनोहरा नगरपालिका वार्ड नं १ का अध्यक्ष मुकुन्द गजुरेलको सकृयतामा कार्यदल गठन गरे पश्चात कार्यदलले आ-आफ्नो तर्फबाट सबै स्थान र सरोकारवालाहरू समक्ष पुगी अध्ययन गरेको छ । अहिले भने मन्दिर जानको लागि बाटोको निमार्ण भैरहेको छ  (अन्तर्वार्ताः मुकुन्द गजुरेल वडाध्यक्ष, २०७८, श्रावण, ३१)  ।

# परिच्छेद–सात

## सारसंक्षेप, उपलब्धि एवम् निर्ष्कष

परिच्छेद सात यो शोधप्रवन्धको अन्तिम खण्ड हो । यस खण्डमा मूलतः अध्ययनबाट प्राप्त भएका तथ्याङ्कलाई वैज्ञानिक एवम् व्यवस्थित ढङ्गले विश्लेषण गरिएको सारसंक्षेप, उपलब्धि, सुझाव एवम् निर्ष्कष जस्ता पक्ष समावेश गरिएका छन् ।

### ७.१. सारसंक्षेप

काकेश्वरी मन्दिरको सांस्कृतिक अध्ययन शीर्षकको यो शोधप्रवन्ध त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहमा संस्कृति विषयको उपाधि प्राप्त गर्न आंशिक आवश्यकता परिपूर्तिका निमित्त नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुरमा प्रस्तुत गरिएको हो । काकेश्वरी काकेश्वरी मन्दिर क्षेत्रका मूर्तसाँस्कृतिक सम्पदाकेके हुन् ?काकेश्वरी मन्दिर क्षेत्रका अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित पक्षहरू केके हुन् ? र काकेश्वरी मन्दिर क्षेत्रका सांस्कृतिक सम्पदाको व्यवस्थापनको अवस्था कस्तो छ एवम् व्यवस्थापनका उपाय केके हुन् सक्दछन् ? भन्ने अनुसन्धान समस्याको सम्वोधन यो अध्ययनले गरेको छ । माथि उल्लिखित समस्या सम्वोधनका निमित्त काकेश्वरी मन्दिर क्षेत्रका मूर्तसाँस्कृतिक सम्पदाका बारेमा खोज तथा अध्ययन गर्नु, काकेश्वरी मन्दिरक्षेत्रका अमूर्त साँस्कृतिक सम्पदासँग सम्बन्धित विविध पक्षको अन्वेषण गर्नु र काकेश्वरी मन्दिरक्षेत्रका साँस्कृतिक सम्पदा व्यवस्थापनको अवस्था पहिचान गरी त्यसका उपायहरू शोधखोज गर्नु जस्ता विशिष्ट उद्देश्य यो अध्ययनले निर्धारण तथा परिपूर्ति गरेको हो ।

विषयवस्तुका दृष्टिकोणले यस अध्ययनको मुख्य क्षेत्र काकेश्वरी मन्दिरको प्राचीनता, उत्पत्ति, इतिहास, मूर्त तथा अमूर्त सम्पदा, धार्मिक अनुष्ठान तथा पूजा विधि जस्ता विविध पक्ष हो । भूगोलका आधारमा भने यो अध्ययनलाई प्रदेश नं. ३ को काठमाडौं जिल्लामा अवस्थित काकेश्वरी मनोहरा नगरपालिका वडा नं. १ मा केन्दित गरिएको छ । अध्ययनका विषयगत समस्याको सम्बोधन गर्न निर्धारण गरिएका उद्देश्यको सीमाभित्र रहेर यो शोधकार्य पुरा गरिएको हो । अध्ययनका लागि विषय छनोटदेखि प्रतिवेदन उत्पादनसम्म विभिन्न चरण एवम् प्रक्रिया पुरा गरिएका छन् ।

यो अध्ययनमा प्राथमिक तथा द्वितीयक दुवै किसिमका तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएका छन् । दुवै स्रोत र सामग्रीहरूको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । यो गुणात्मक अध्ययन हो । अनुसन्धानका क्रममा कतिपय नयाँ परम्परा एवम् विषयहरू अन्वेषण गरिएका छन् । त्यसोहुँदा विश्लेषणात्मक, वर्णनात्मक एवम् अन्वेषणात्मक अनुसन्धानको सैद्धान्तिक ढाँचामा यो शोधपत्र अनुबन्धित गरिएको छ । यो शोधप्रवन्ध तयार पार्नको लागि प्राथमिक तथ्याङ्क स्थलगत सर्वेक्षण र द्वितीयक तथ्याङ्क पूर्वकार्य समीक्षाबाट सङ्कलन गरिएको हो । प्राथमिक तथ्याङ्क एवम् सूचना सङ्कलनका निमित्त अवलोकन, अन्तर्वार्ता, प्रश्नावली, सामूहिक छलफल, अभिलेख सङ्कलन र अध्ययन, मूर्त तथा अमूर्त

सम्पदा सङ्कलन र विश्लेषण, ऐतिहासिक कागज तथा दस्तावेज सङ्कलन र विश्लेषण एवम् तस्वीर सङ्कलन तथा विश्लेषण जस्ता विधिहरूको आवश्यकताअनुसार प्रयोग भएका छन् ।

यस अध्ययनमा सङ्कलन गरिएका तथ्याङ्कहरू विभिन्न किसिमका विधिहरू प्रयोग गरी प्रशोधन गरिएका छन् । सङ्कलित सूचना एवम् तथ्याङ्कलाई प्रशोधनपछि गुण र विशेषताको आधारमा आवश्यकताअनुसार विभिन्न वर्गमा वर्गीकरण गरिएको हो । यो शोधप्रवन्ध मुख्यतया सात परिच्छेदमा वर्गीकरण गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय, दुईमा कागेश्वरी मनोहरा नगरपालिकाको परिचय, तीनमा शैवधर्मको परिचय, परिच्छेद चारमा कागेश्वरी महादेव क्षेत्रका मूर्त सांस्कृतिक सम्पदा, परिच्छेद पाँचमा कागेश्वरी महादेव क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा, परिच्छेद छ मा कागेश्वरी महादेव क्षेत्रका सांस्कृतिक सम्पदाको व्यवस्थापनको अवस्था परिच्छेद सातमासारसंक्षेप, उपलब्धि र निर्ष्कष समावेश गरिएका हो । साथै यो शोधप्रबन्धमा एघार वटा अनुसूचीहरू छन् । उक्त अनुसूचीमध्ये पहिलोमा अनुसन्धानको क्रममा सोधिएको प्रश्नावली, दोस्रोमा अन्तर्वार्तामा सोधिएका प्रश्न, तेस्रोमा सामूहिक छलफलमा सोधिएका प्रश्न, चौथोमा अवलोकन निर्देशिका, पाँचौमा प्रश्नावली भराइएका व्यक्तिहरूको विवरण, छैठौमा अन्तर्वार्तामा सहभागी गराइएका व्यक्तिहरूको विवरण, सातौमा सामूहिक छलफलमा सहभागीहरूको विवरण, आठौमा गुठीको लगत, नवौमा संवत् १७४० लेखिएको अभिलेख तथा गणेशको पादपीठको लिच्छवि अभिलेख, अनुसूची दशमा कागेश्वरी मनोहरा नगरपालिकाको नक्सा र एकारौंमा तस्बिर प्रस्तुत गरिएको छ ।

## ७.२. उपलब्धि

काकेश्वरी मन्दिरको सांस्कृतिक अध्ययन गर्ने उद्देश्यका साथ सम्पन्न गरिएको यस शोधकार्यमा उक्त देवस्थल स्थित काकेश्वरी मनोहरा नगरपालिकाको नामकरण, जनसाङ्ख्कि संरचना, शैक्षिक अवस्था, प्राकृतिक सम्पदा, धार्मिक तथा ऐतिहासिक स्थल, राजनीतिक सीमाङ्कन तथा विभाजन र भौतिक पूर्वाधारको विकास जस्ता पक्षको विश्लेषणसमेत समावेश गरिएको छ । अतः सम्बन्धित स्थानीय तहका उक्त सन्दर्भको जानकारी दिनु यो शोधप्रवन्धको एउटा उपलब्धि हो । यसका साथै यस शोधप्रवन्धले धर्म केहो, भगवान् शिव, शैव सम्प्रदाय, शिवलिङ्ग केहो, यो परम्पराको उत्पत्ति र विकास कसरी भयो, नेपालमा शैवधर्म र लिङ्गोपासनाको अभ्यास परम्परा र इतिहास कस्तो छ लगायतका विषयहरूको आधारभूत जानकारी उपलब्ध गराएको छ । यो पक्ष पनि प्रस्तुत शोधको अर्को उपलब्धिको विषय हो । काकेश्वरी मन्दिरको सांस्कृतिक अध्ययन गर्ने क्रममा संस्कृतिको अर्थ एवम् परिभाषा, संस्कृतिको स्वरूप, संस्कृतिको महत्त्व एवम् उपयोगिता र नेपाली संस्कृतिका केही महत्त्वपूर्ण पक्षहरूको चर्चासमेत यो शोधप्रवन्धमा गरिएको छ । यो पनि यस शोधको महत्त्वपूर्ण उपलब्धि हो । उक्त सन्दर्भ बाहेक यस अध्ययनको प्रधान विषयसँग सम्बन्धित विशिष्ट उपलब्धि निम्न छन्:

- पौराणिक साहित्यमा उल्लेखित विवरणअनुसार कागेश्वर मनहरा नगरपालिमा अवस्थित कागेश्वरी मन्दिर नेपालका चौसट्ठी शिवलिङ्गहरूमध्ये एउटा हो ।
- नेपाल महात्म्यको ११९ अध्यायअनुसार भगवान् शिवले पार्वतीलाई कैलाशमा छाडी यस गुफामा आएर ध्यान तपस्या गरि बसेका थिए । पार्वती काकको रूपधारण गरी त्यस स्थानमा आएको  हुनाले यस मन्दिरको नाम काकेश्वर महादेव रहन गयो । पछि काकेश्वरको नाम नै अपभ्रंश भएर कागेश्वर भन्न थालियो ।
- काकेश्वरको उत्पत्तिको समय र स्थापनाकालको विषयमा थाहा पाउन सकिदैन । हिमवत्खण्ड पुराण स्कन्दपुराणअन्र्तगतको नेपालमहात्म्यमा काकेश्वरको महिमा पाइएको छ । यहाँ लिच्छविकालदेखि नै गुठिको जग्गा छुट्याइएको कुरा गुठी संस्थान र अन्य निकायबाट थाहा पाइएको छ । उक्त सन्दर्भले लिच्छवि कालदेखि यो देवस्थल अस्तित्वमा थियो भन्ने बुझ्न सकिन्छ ।
- काकेश्वर महादेव पुस्तौपुस्तादेखि मानिदै आएको देवस्थल हो । काकेश्वर महादेव तामाङ्ग जातिको कुलदेवता पनि हुन् । अतः यो देवस्थलमा तामाङ जातिले पनि पूजा उपासना गर्दछन् । यो तामाङ बाहेक नेवार, क्षेत्री, ब्राम्हणलगायत यस क्षेत्रमा बसोवास गर्ने हिन्दू तथा वौद्ध धर्मावलम्वीहरू सबैले समान रूपमा पूजा उपासना चढाउने मोक्ष दायनी देवस्थल हो ।
- गुठीको लगत र मन्दिरमा पूजागर्दा चढाइने .सामग्रीहरू बारेमा लेखिएको कागजपत्रहरू प्राप्त सूचनाअनुसार काकेश्वर महादेवस्थलका नाममा राजगुठीअन्तर्गत २० रोपनी जग्गा कायम छ ।
- काकेश्वर महादेव, पार्वतीको मन्दिर, पाटी तथा सत्तल, शिव पार्वतीको मूर्ति, गणेशको मूर्ति, कुमारको मूर्ति, कागको मूर्ति, ॐ अभिलेखयुक्त शिला, शिवलिङ्ग,  बसाहको मूर्ति, शिवपार्वती आलिङ्गन मूर्ति, अभिलेख, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिढीलगायतका वस्तु यस देवस्थलका प्रमुख ऐतिहासिक सामग्री तथा मूर्त सम्पदा  हुन् ।
- पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृति, कलावास्तुकला, शिल्पप्रविधि, पौराणिक विवरण, किम्बदन्ती, जनश्रुती, लोकोक्ती जस्ता दृष्टिकोणले उक्त ऐतिहासिक सामग्री तथा मूर्त सम्पदा उल्लेख्य मानिन्छन् । यिनीहरूको व्याख्यासहित चर्चा अघिल्ला पृष्ठहरूमा परिसकेको छ ।
- यस देवस्थलमा पाइने अमूर्त सांस्कृतिक सम्पदालाई युनेस्को अभिसन्धि २००३ को वर्गीकरणअनुसार नै मौखिक परम्परा एवम् अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँच वटा विधामा वर्गीकरण गर्न सकिन्छ ।
- यस देवस्थलमा भाषा, साहित्य, गीत, गाथा, कविता-काव्य, उखान-टुक्का, तन्त्रमन्त्र किम्वदन्ती, लोकोक्ति, जनश्रुति, लोककथा, लोकविश्वास जस्ता मौखिक परम्परा एवम् अभिव्यक्तिसँग

सम्बन्धित केही अभ्यास परम्परा पाइन्छन् । उक्त पक्ष मौखिक परम्परा एवम् अभिव्यक्तिजन्य सम्पदा हुन् ।

- काकेअष्टमीका दिन तामाङ्गहरूले धामीझाँक्रीको बस्त्र धारण गरी आफ्नो ढ्याग्रो बजाई नाचगान गरी महादेवको समिपमा विद्या पुरा हर्षोल्लासका साथ मनाउने परम्परा र मेला तथा पर्वको दिन शिव भजन दर्शनार्थीहरूले गाउने चलन छ । यी पक्षलाई यस देवस्थलसँग सम्बन्धित अभिनय तथा प्रदर्शनकारी कलाजन्य सम्पदाका रूपमा राख्न सकिन्छ ।
- धार्मिक विश्वास, धार्मिक अनुष्ठान तथा पूजाविधि, अपर्ण गरिने फूलप्रसाद तथा पूजा सामग्री, पूजा प्रसाद वितरण प्रणाली, काकेअष्टमी (भाद्रशुक्ल अष्टमी), शिवरात्री, श्रावणको सोमबार, काकतिहार, जनै पूर्णिमा र हरितालिका तीज यस तीर्थमा वार्षिक रूपमा मनाइने विशेष महत्वपूर्ण चाडपर्व एवम् उत्सव, पुजारी परम्पराजस्ता आफ्नै मौलिक प्रचलन यस देवस्थलमा पाइन्छन् । उक्त परम्परा सामाजिक व्यवहार, धार्मिक अनुष्ठान तथा चाडपर्व उत्सवजन्य सम्पदा हुन् ।
- प्रकृति, ईश्वर, ब्रम्हाण्ड, जीव, जगत् जस्ता विभिन्न पक्षका विषयमा लामो समयदेखि स्थापित हुँदै आएको मूल्य मान्यतालाई परम्परागत ज्ञान विज्ञान एवम् व्यवहार मान्ने गरिन्छ । प्रकृति, ईश्वर, ब्रम्हाण्ड, जीव, जगत् जस्ता तत्वसँग शैव धर्म र दर्शनको सम्बन्ध अन्योन्याश्रित छ । यो शैव तीर्थ भएकाले यस तीर्थको सम्बन्ध प्रकृति, ईश्वर, ब्रम्हाण्ड, जीव, जगत् जस्ता तत्वसँग रहनु स्वभाविक एवम् सान्दर्भिक विषय हो । अतः उक्त पक्षलाई ब्रम्हाण्ड एवम् प्रकृतिसँग सम्बन्धित ज्ञान तथा व्यवहारजन्य सम्पदाका रूपमा उल्लेख गर्न सकिन्छ ।
- मूलतः काकेश्वर महादेव, पार्वतीको मन्दिर, पाटी तथा सत्तल, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिढी कागको मूर्ति, ॐ लेखिएको प्रस्तर शिला, गणेशको मूर्ति, शिवलिङ्ग, बसाहको मूर्ति, मन्दिरभित्र भएको शिवपार्वती आलिङ्गन मूर्ति, कुमारको मूर्ति, शिलालेख, भक्तजनले राखेका शिवलिङ्गहरू यस देवस्थलमा पाइने उल्लेख्य सम्पदा हुन् । यी सम्पदाले यस क्षेत्रको परम्परागत कला कौशल तथा शिल्प प्रविधिको प्रतिनिधित्व गर्दछन् ।
- प्रस्तुत अध्ययनमा यो देवस्थलको संरक्षण तथा संवर्द्धनको अवस्था विश्लेषण गर्ने क्रममा संरक्षण तथा संवर्द्धनको वर्तमान अवस्था, संरक्षण तथा संवर्द्धनका समस्या र संरक्षण तथा संवर्द्धनका उपाय एवम् स्थानीय समुदाय, स्थानीय तह, स्थानीय तहमा क्रियाशील सङ्घ संस्था, प्रदेश सरकार र पुरातत्व विभाग, संस्कृति समिति तथा सम्बन्धित मन्त्रालयको भूमिका जस्ता प्रत्यक्ष रूपमा सरोकारवालाहरूको भूमिका पहिचान तथा विवेचना गरिएको छ ।

## ७.३. निष्कर्ष

कोकेश्वरी महादेव काठमाडौं उपत्यकाको एउटा महत्वपूर्ण धार्मिक तथा सांस्कृतिक स्थल हो । हिजोआज यो तीर्थस्थल हिन्दू तथा वौद्ध धर्म मान्ने उपासक समुदायका बीचमा तुलनात्मक रूपमा बढी

लोकप्रिय हुँदैआएको छ । पौराणिक साहित्यमा उल्लेखित विवरणअनुसार यो तीर्थ नेपालका चौसट्ठी शिवलिङ्गहरूमध्ये एउटा हो । नेपाल महात्म्यको अध्याय ११९ मा यस तीर्थको विसद महिमा पाइन्छ । यहाँ लिच्छविकालदेखि नै गुठिको जग्गा छुट्याइएको विवरण गुठी संस्थान र अन्य निकायमा उपलब्ध छन् । काकेश्वर महादेव तामाङ्ग जातिको कुलदेवता पनि हुन् । अतः यो देवस्थलमा तामाङ जातिले पनि पूजा उपासना गर्दछन् । यो तामाङ बाहेक नेवार, क्षेत्री, ब्राम्हणलगायत यस क्षेत्रमा बसोवास गर्ने हिन्दू तथा वौद्ध धर्मावलम्वीहरू सबैले समान रूपमा पूजा उपासना चढाउने मोक्ष दायनी देवस्थल हो ।

काकेश्वर महादेव, पार्वतीको मन्दिर, पाटी तथा सत्तल, शिव पार्वतीको मूर्ति, गणेशको मूर्ति, कुमारको मूर्ति, कागको मूर्ति, ॐ अभिलेखयुक्त शिला, शिवलिङ्ग, बसाहको मूर्ति, शिवपार्वती आलिङ्गन मूर्ति, अभिलेख, धुपवत्ती प्रज्वलित स्थल, मौलो, पोखरी, ढुङ्गे धारा, सिढीलगायतका वस्तु यस देवस्थलका प्रमुख ऐतिहासिक सामग्री तथा मूर्त सम्पदा हुन् । यस देवस्थलमा पाइने अमूर्त सांस्कृतिक सम्पदालाई युनेस्को अभिसन्धि २००३ को वर्गीकरणअनुसार नै मौखिक परम्परा एवम् अभिव्यक्ति; अभिनय तथा प्रदर्शनकारी कला; सामाजिक व्यवहार, अनुष्ठान तथा चाडपर्व उत्सव; प्रकृति र ब्रम्हाण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहार; र परम्परागत कलाकौशल र शिल्प प्रविधि गरी पाँच वटा विधामा वर्गीकरण गर्न सकिन्छ ।

उक्त ऐतिहासिक सामग्री, मूर्त तथा अमूर्त सम्पदा यस देवस्थललाई पुरातात्विक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, कलावास्तुकला, शिल्पप्रविधि, पौराणिक विवरण, किम्बदन्ती, जनश्रुती, लोकोक्ती जस्ता दृष्टिकोणले उल्लेख्य बनाउने महत्वपूर्ण आधार हुन् । यो देवस्थलको संरक्षण तथा संवर्द्धनको अवस्था उतिधेरै राम्रो देखिदैन । संरक्षण तथा संवर्द्धनमा केही समस्या छन् । उक्त समस्या समाधानका निमित्त स्थानीय समुदाय, स्थानीय तह, स्थानीय तहमा क्रियाशील सङ्घ संस्था, प्रदेश सरकार र पुरातत्व विभाग, संस्कृति समिति तथा सम्बन्धित मन्त्रालय जस्ता प्रत्यक्ष रूपमा सरोकारवालाहरू अध्ययनले पहिचान गरेका भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । समग्रमा माथिका सुझाव महलमा सूत्रबद्द रूपमा प्रस्तुत गरिएको सातवटा सुझाव यो देवस्थल र यससँग सम्बन्धित मूर्त तथा अमूर्त सम्पदाको संरक्षण तथा संवर्द्धनका प्रमुख आधार हुन् ।

काकेश्वरको मन्दिरको इतिहासको बारेमा अध्ययन गर्ने क्रममा अनादिकालदेखि नै चौसट्ठी स्वयम्भूलिङ्गको पूजाउपाषना गरिने कुरा पुराणहरूबाट चर्चा परेको र काकेश्वर शिवलिङ्गको पनि तीसौ क्रममा स्वयम्भूलिङ्गको चर्चा पाइन्छ । पौराणिक ग्रन्थहरूमा यसलाई स्वयम्भूलिङ्ग भनिएको छ । लिङ्गमा पिठीका/जलहरीको निमार्ण गरिएको हुनाले यो अर्धस्वयम्भूलिङ्ग हो । कुनै किसिमको अभिलेख यस शिवलिङ्गमा छैन । अतः यो पिठीका कहिले र कसले बनायो भन्नेकुरा जानकारीमा आउन सकेन । यस मन्दिरको परिसरमा भएको प्रस्तरबाट निर्मित गणेशको मूर्तिको विशेषतार मूर्तिको पादपीठमा भएको लिच्छवि लिपिको आधारमा र मन्दिर परिसरको वसाह/नन्दीको मूर्तिको विशेषताको आधारमा काकेश्वर महादेवस्थल ईस्वीको पाँचौदेखि सातौं शताब्दी अर्थात् लिच्छविकालसम्म यहाँको कालक्रममा जान

सकिने देखिन्छ । त्यसै गरी काकेश्वर शिवलिङ्गको कुनामा भएको शिवपार्वती आलिङ्गन मूर्ति/उमामहेश्वरको मूर्तिको विशेषता, त्यहाँ पाइएको श्रीशाके १७४० संवत् लेखिएको अभिलेख, गुठीसंस्थानबाट प्राप्त लगत तथा पूजाविधि र सामग्रीहरूको विवरणका आधारमा लिच्छविकालदेखि नै यो मन्दिरमा धार्मिक गतिविधि हुने गर्दथ्यो भन्न सकिन्छ ।

## अनुसूची–एक

## अनुसन्धानको क्रममा सोधिएको प्रश्नावली

(१) उत्तरदाताको नामः ........................................... .......................................

ठेगानाः. ...............

उमेरः............... जातजाति/जनजाति... ...........धर्मः .............

शिक्षाः................... पेशाः ....................

२. काकेश्वर महादेवस्थलको कहिले स्थापना भएको हो ?

३.. काकेश्वरको उत्पति कहिले भएको हो ?

४. काकेश्वर महादेवस्थमा हुने पूजा विधि के - के हुन् ?

५. काकेश्वर महादेवस्थलमा हुने जात्रा र पर्व पूजाहरू के- के हुन् ?

६. काकेश्वर महादेवस्थलका विषयमा प्रचलितकथा, किम्बदन्तीहरू र जनश्रुति के - के छन् ?

७. यस महादेवस्थलमा पूजारीहरू छन् की छैनन् ?

८. यस महादेवस्थलमा कुन-कुन धर्मालम्वीहरू आउने गर्दछन् ?

९. काकेश्वर देवस्थलका विषयमा तपाइलाई के थाहा छ ?

१०. यहाँ वार्षिक रूपमा मनाइने चाडपर्व के-के हुन् ? कसरी मनाइन्छ ?

११. यस देवस्थलसँग सम्बन्धित ऐतिहासिक कागजपत्र अभिलेख के - के हुन् ? र कहाँ छन् ?

१२. पूजा उपाषना विधि कस्तो छ ?

१३. पूजाउपाषनामा के-कस्ता सामग्री तथा फूलप्रसाद अपर्ण गरिन्छ ?

१४. पूजा प्रसाद वितरण प्रणाली कस्तो छ ?

१५. पुजारी नियुक्ति परम्परा कस्तो छ ? र पुजारीले के कस्तो आचारसंहिता पालना गर्नुपर्छ ?

१६. टहलुवाको व्यबस्थापन कसरी गरिन्छ ?

## अनुसूची–दुई

## अन्तर्वार्तामा सोधिएका प्रश्न

१ .उत्तरदाताको नामः ..................................................... ........................................

ठेगानाः ......................................

उमेरः.....जातजाति/जनजाति. ...........धर्म शिक्षाः. ....पेसाः

२. काकेश्वर महादेवस्थलको स्थापनासँग सम्बन्धित कथा, किम्बदन्ती, जनश्रुति के छन् ?

३.. काकेश्वरको उत्पति कहिले भएको हो ?

४. यस देवस्थमा के कसरी पूजा उपासना गर्ने चलन छ ? विधि के - के हुन् ?

५. काकेश्वर महादेवस्थलमा दैनिक रूपमा के के पूजा गरिन्छन् ? वार्षिक रूपमा हुने पर्व के- के हुन् ?

६. यस महादेवस्थलमा दैनिक तथा वार्षिक पूजा कसले चलाउँदछ ? पुजारी नियुक्ति परम्परा के छ ?

७. पुजारीले के कस्तो आचारसंहिता पालना गर्नुपर्छ ?

८. यस महादेवस्थलमा कुन धर्मालम्वीका पुजारी छन्? कुन धर्मालम्वीका भक्तजनहरू आउने गर्दछन् ?

९. यस देवस्थलसँग सम्बन्धित ऐतिहासिक कागजपत्र अभिलेख के - के हुन् ? र कहाँ छन् ?

१०. पूजाउपाषनामा प्रयोग गरिने सामग्री तथा फूलप्रसाद के-कस्ता छन् ?

११. पूजा प्रसाद वितरण प्रणाली कस्तो छ ?

१२. यस महादेवस्थलको संरक्षण सम्वर्द्धनको अवस्था के कस्तो छ ?

१३. संरक्षण सम्वर्द्धन जस्ता कार्यहरू को कसले कहिले कहिले गरे ?

१४. यो देवस्थल संरक्षण सम्वर्द्धनका समस्या के के हुन् ?

१५. यो देवस्थल संरक्षण सम्वर्द्धनमा स्थानीय समुदाय, स्थानीय तह, स्थानीय तहमा क्रियाशील सङ्घ संस्था, प्रदेश सरकार, र पुरातत्व विभाग, संस्कृति समिति र सम्बन्धित मन्त्रालयको भूमिका के कस्तो हुनुपर्दछ ?

## अनुसूची–तीन

### सामूहिक छलफलमा सोधिएका प्रश्न

उत्तरदाताको नामः.. ..........................ठेगानाः ..................

उमेरः............... जातजाति/जनजाति........................... धर्मः. ...........

शिक्षाः.................... पेशाः.. .................

१. यो देवस्थल सन्चालन गर्ने व्यवस्थापन समिति छ कि छैन ? छ भने चयन तथा छनोट कसरी गरिन्छ ?

२. काकेश्वर महादेवस्थलको स्थापनासँग सम्बन्धित कथा, किम्बदन्ती, जनश्रुति के के छन ?

३. यस देवस्थलमा दैनिक रूपमा पूजा गरिन्छ कि गरिदैन ? वार्षिक रूपमा हुने पर्व के-के हुन् ?

४. पुजारी तथा टहलुवा छन् कि छैनन् ? छन् भने नियुक्ति परम्परा कस्तो छ ? र पुजारीले कस्तो आचारसंहिता पालना गर्नुपर्छ ?

५. यस महादेवस्थलमा कुन धर्मालम्वीका पुजारी छन्? कुन धर्मालम्वीका भक्तजनहरू आउने गर्दछन के कस्तो आचारसंहिता पालना गर्नुपर्छ ?

६. यस महादेवस्थलको संरक्षण सम्वर्द्धनको अवस्था के कस्तो छ ?

७. संरक्षण सम्वर्द्धन जस्ता कार्यहरू को कसले कहिले कहिले गरे ?

८. यो देवस्थल संरक्षण सम्वर्द्धनका समस्या के के हुन् ?

९. यो देवस्थल संरक्षण सम्वर्द्धनमा स्थानीय समुदाय, स्थानीय तह, स्थानीय तहमा क्रियाशील सङ्घ संस्था, प्रदेश सरकार र पुरातत्व विभाग, संस्कृति समिति र सम्बन्धित मन्त्रालयको भूमिका के कस्तो हुनुपर्दछ ?

# अनुसूची-चार
## अवलोकन निर्देशिका

(१)देवीदेवताको नामः . काकेश्वर महादेवस्थल ............................

(२) पूजा उपासना गर्ने समुदायः हिन्दु तथा बौद्ध सम्प्रदाय ................

(३) देवीदेवतासँग सम्बन्धित ऐतिहासिक कागजपत्र ................................................................

..................................................................................................................................

(४)देवीदेवतासँग सम्बन्धित शिलालेख, ताम्रलेख, वा अन्य लेखहरूः ...........................................

..................................................................................................................................

(५) देवस्थल तथा वरपर पाइएका पुरातात्विक वस्तुहरू .......................................................

..................................................................................................................................

(६) देवीदेवतालाई अर्पण गरिएका पूजाका सामग्रीहरू .............................................................

..................................................................................................................................

(७) पूजा उपासना गरिएका दृश्य, अर्पण गरिएका सामग्री ................................................

..................................................................................................................................

(८) देवीदेवताको पूजा उपासनामा प्रयोग गरिने विधिविधान ..........................................

..................................................................................................................................

(९) यस देवस्थलमा वार्षिक रूपमा आयोजना गरिने मेला पर्व : .......................................

..................................................................................................................................

(१०) यस देवस्थलमा गन भजनकीर्तन गर्ने समूह र प्रयोग गरिने वाद्य सामग्री ...........................

..................................................................................................................................

(११) यस देवस्थलका देवीदेवताहरू पूजा उपासना गर्ने समुदायहरू ......................................

..................................................................................................................................

(१२) यस देवस्थलमा दैनिक रूपमा चल्ने पूजा परम्परा ..................................................

..................................................................................................................................

(१३) यस देवस्थलमा वार्षिकरूपमा मनाइने महत्वपूर्ण चाडपर्व तथा धार्मिक कृत्य ......................

..................................................................................................................................

## अनुसूची-पाँच

## प्रश्नावली भराइएका व्यक्तिहरूको विवरण

| | नाम, थर | ठेगाना | जाति | लिङ्ग | पेशा |
|---|---|---|---|---|---|
| १. | श्याम बहादुर लामा | कागेश्वरी मनोहरा १. | तामाङ | पु. | कृषि |
| २ | बालकृष्ण फुयाल | कागेश्वरी मनोहरा २ | ब्राम्हण | पु. | व्यापार |
| ३ | देवी अधिकारी | कागेश्वरी मनोहरा १ | ब्राह्म्ण | म. | शिक्षिका |
| ४ | दल वहादुर लामा | कागेश्वरी मनोहरा १ | तामाङ | पु. | व्यापार |
| ५ | कमला श्रेष्ठ | कागेश्वरी मनोहरा १ | नेवार | म. | कर्मचारी |
| ६ | शान्ती अर्याल | कागेश्वरी मनोहरा १ | ब्राह्मण | म. | कर्मचारी |
| ७ | सिजर्ना कुँइकेल | कागेश्वरी मनोहरा १ | ब्राह्मण | म. | शिक्षिका |
| ८ | पूजा निरौला खड्का | कागेश्वरी मनोहरा १ | क्षेत्री | म. | सामाजिक सेवा |
| ९ | धन बहादुर लामा | कागेश्वरी मनोहरा १ | तामाङ | पु. | सामाजिक सेवा |
| १० | मलिका रेग्मी | कागेश्वरी मनोहरा २ | ब्राम्हण | पु. | व्यापार |
| ११ | कविता सुनार | कागेश्वरी मनोहरा १ | दलित | म. | वडा सदस्य |
| १२ | मानबहादुर तामाङ | कागेश्वरी मनोहरा १ | तामाङ | पु. | ढ्याङग्रे |
| १३ | कुमार खड्का | कागेश्वरी मनोहरा १ | क्षेत्री | पु. | कर्मचारी |
| १४ | जयराम खड्का | काकेश्वरी मनोहरा १ | क्षेत्री | पु. | .. |
| १५ | लक्ष्मण थापा | काकेश्वरी मनोहरा १ | क्षेत्री | पु. | .. |
| १६ | विकास खड्का | काकेश्वरी मनोहरा १ | क्षेत्री | पु. | .. |
| १७ | सुदर्शन अर्याल | काकेश्वरी मनोहरा १ | क्षेत्री | पु. | .. |
| १८ | सुमिना लामा | काकेश्वरी मनोहरा १ | तामाङ | म. | ब्यूटिसियन |

# अनुसूची-छ

## अन्तर्वार्तामा सहभागी गराइएका व्यक्तिहरूको विवरण

| क्र. सं. | नाम, थर | ठेगाना | पेसा | लिङ्ग | अन्तर्वार्ता लिएको मिति |
|---|---|---|---|---|---|
| १ | दलबहादुर तामाङ | गगलफेदी १ | वडा सदस्य | पुरुष | श्रावण ३१, २०७८ । |
| २ | मणिराम अर्याल | गगलफेदी १ | काकेश्वर देवस्थल व्यवस्थापन समिति अध्यक्ष | पुरुष | श्रावण ३१, २०७८ |
| ३ | मुकुन्द गजुरेल | गागलफेदी १ | वडा अध्यक्ष | पुरुष | श्रावण ३१, २०७८ |
| ४ | कुमार खड्का | गागल पुवारगाँउ १ | कागेश्वरी अड्डापाटी पुनःनिमार्ण कार्य समिती अध्यक्ष | पुरुष | श्रावण, ३१,२०७८ |
| ५ | शान्ती अयार्ल | गागलफेदी १ | कर्मचारी | महिला | श्रावण, ३१, २०७८ |
| ६ | कृष्ण ढकाल | ढकालगाउँ | पूर्व पूजारी | पुरुष | श्रावण,३१, २०७८ |
| ७ | कविता सुनार | सूर्यमण्डली १ | वडा सदस्य | महिला . | श्रावण,३१, २०७८ |


## अनुसूचि-सात


# सामूहिक छलफलमा सहभागीहरूको विवरण


| क्र.स. | नाम | ठेगाना | जाति | लिङ्ग | पेशा | मिति |
|---|---|---|---|---|---|---|
| १. | मुकुन्द गजुरेल | गागलफेदी १ | ब्राम्हण | पु. | वडाध्यक्ष | २०७८,५,१३ |
| २ | मणिराम अर्याल | गागलफेदी १ | ब्राम्हण | पु. | शास्त्र अध्ययनकर्ता | २०७८,५,१३ |
| ३ | दलबहादुर तामाङ्ग | गागलफेदी १ | तामाङ | पु. | वडा प्रतिनिधि सदस्य | २०७८,५,१३ |
| ४ | शान्ती अर्याल | गागलफेदी १ | ब्राम्हण | म. | कर्मचारी | २०७८,५,१३ |
| ५ | कुमार खड्का | गागलफेदी १ | क्षेत्री | पु. | कागेश्वरी पाटीअड्डा पु:निर्माण अध्यक्ष | २०७८,५,१३ |
| ६ | जयराम खड्का | गागलफेदी १ | क्षेत्री | पु. | स्थानीय समाजसेवी | २०७८,५,१३ |
| ७ | पूजा निरौला खड्का | गागलफेदी १ | क्षेत्री | म. | स्थानीय जनप्रतिनिधी | २०७८,५,१३ |
| ८ | मानबहादुर तामाङ | गागलफेदी १ | तामाङ | पु. | स्थानीय | २०७८,५,१३ |
| ९ | रमा ढकाल | गागलफेदी १ | ब्राम्हण | म. | वडा सदस्य | २०७८,५,१३ |
| १० | कविता सुनार | सुर्यमण्डली १ | दलित | म. | वडा सदस्य | २०७८,५,१३ |
| ११ | प्रदिप फुयाँल | आलापोट २ | ब्राम्हण | पु. | स्थानीय समाजसेवी | २०७८,५,१३ |
| १२ | रामबहादुर तामाङ | आलापोट २ | तामाङ | पु. | स्थानीय समाजसेवी | २०७८,५,१३ |

# अनुसूची-आठ


## गुठीको लगत


















# अनुसूची - नौ

## संवत १७४० को अभिलेख र गणेशको पादपीठको लिच्छवि अभिलेख



लिच्छवि अभिलेख सहितको गणेशको मूर्ति



संवत् १७४० लेखिएको शिलालेख

## अनुसूची- दश

### कागेश्वरी मनोहरा नगरपालिकाको नक्सा




फोटो सौजन्य : गुगल

## अनुसूची : एघार

## तस्वीर विवरण



काकेश्वरी मन्दिर क्षेत्र

काकेश्वरी मन्दिरको शैली /बनावट/ अवस्था



स्तम्भ माथिको काग ।



उमा महेश्वरको मूर्ति (मध्यकाल)



लिच्छवि अभिलेख सहितको गणेशको मूर्ति र बसाह ।



लिच्छविकालीन शिवलिङ्ग ।



**मौलोमा रहेको शिरविहिन मूर्ति र शिव लिङ्ग ।**



सम्वत् १७४० लेखिएको अभिलेख र कुमारको मूर्ति



छानो सहितको मन्दिर र शिवलिङ्ग

## सन्दर्भ सामग्री


काकेश्वरी मनोहरा नगरपालिका (२०७५). *घरधुरी जनगणना सर्भेक्षण,* काठमाडौंः काकेश्वरी मनोहरा नगरपालिका ।

कोइराला, कुलचन्द्र (२०४५). *नेपालको साँस्कृतिक परम्परा र राजमुकुट,* काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

खतिवडा, होमनाथ र केदारनाथ ( ई.२०१९). *महाभारत,* वाराणसी, डा. नरेन्द्र कुमार खतिवडा, ३४औं संस्करण ।

खत्री, प्रेम (२०३६). *नेपाली समाज र संस्कृति,* कीर्तिपुरःपाठ्यक्रम विकास केन्द्र त्रि.वि.वि ।

खत्री, प्रेमकुमार (२०७०). *संस्कृति र अनुभूतिका आयामहरू,* काठमाडौंः सम्पदा संरक्षण, बिपद व्यवस्थापन तथा सामुदायिक विकास समाज ।

गुरुङ, जगमान, (२०७६). राष्ट्र राष्ट्रियता र सर्वधर्मसमभावका प्रतिक भगवान पशुपतिनाथ, *पाशुपत दर्पण,* काठमाडौंः

जोशी, सत्यमोहन (२०३२). केही नेपाली लोकदेउताहरूको भूमिका, *नेपाली लोकसंस्कृति सङ्गोष्ठी,* काठमाडौँः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

टण्डन, गोविन्द  (२०६९). संस्कृति, विकृति र रूपान्तरण *अन्नपूर्ण पोष्ट,* शनिवार ३१, काठमाडौं ।

ढकाल, वेणीमाधव (सम्पा.), (२०७५).*हिमवत्खण्ड पुराण*हिमवत्खण्ड-अभिनव सम्पादन र योगी नरहरिनाथ नामक नेपाली भाषानुवादसहित).काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, पेशल (२०५८). *नेपालको इतिहास* एम. के. पब्लिशर्स एण्ड डिस्टिब्यूटर्स भोटाहिटी काठमाडौ ।

दुलाल, लोकनाथ (२०५९). नेपाली धार्मिक र सांस्कृतिक परम्परामा मष्ट पूजाको परम्परा, *कस्तुरी मुखपत्र,* काठमाडौः पद्मकन्या बहुमुखी क्याम्पस, ३९ (१४)ः १३५-१४२ ।

दुलाल, लोकनाथ (२०७४). ग्रामथान पूजाका अमूर्त सांस्कृतिक पक्ष, *मधुपर्क,* अमूर्त संस्कृतिक विशेषाङ्क), काठमाडौ : गोरखापत्र संस्थान, ५०, ५७६ (१)ः ९३-९९ ।

दुलाल, लोकनाथ (इ.२०१७). भाकल तथा पशुबलि प्रथाः इतिहास र अभ्यास, *हिष्टोरिकल रिभ्यु,,* काठमाडौः इतिहास विभाग, पद्मकन्या बहुमुखी क्याम्पस, 45  (१)ः पृ.६९-८३ ।

दुलाल, लोकनाथ (२०७७). रसुवाका तामाङ समुदायमा पाइने अमूर्त सांस्कृतिक सम्पदाका केही पक्ष, अमूर्त संस्कृति, काठमाडौंः नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २, ११५, (२)ः ३२-४० ।

दुलाल, लोकनाथ (२०७७). *ग्रामथान पूजा परम्परा र संस्कृति,* ललितपुरः इन्द्रकला भण्डारी ।

नेपाल, ज्ञानमणि (२०४०). *नेपाल निरुक्त,* काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल सरकार (२०७२). *नेपालको संविधान,* काठमाडौंः कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानुनी किताब व्यवस्था समिति ।

पन्त, जयराज (२०६९). कुलपूजा देवाली र गोठपूजा, *उन्नयन,* काठमाडौः उन्नयन प्रकाशन, (८६)ः ९६-११७ ।

पन्त, जयराज (२०७०). *गोष्ठीपत्रहरूको सङ्कलन,* धनगढीः नेपाली लोकवार्ता तेस्रो राष्ट्रिय सङ्गोष्ठी, २०७० ।

पाण्डेय,फणीन्द्रप्रसाद (२०५७). *संस्कृत नेपाली बृहत शब्दकोष,* दाङ्गः महेन्द्र संस्कृत विश्वविद्यालय ।

पौड्याल, वीणा (२०५७). *नेपाली मूर्तिकला र चित्रकला,* नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग कीर्तिपुर ।

पौडेल, विणा (२०६९). संस्कृति र महिला, *हाम्रो संस्कृति,* काठमाडौँः राष्ट्रिय मासिक, वर्ष १२, अङ्क ३ ।

प्रपन्नाचार्य, स्वामी (सम्पा.)(२०६८). *चौसट्ठी शिवलिङ्क विश्लेषणात्मक अनुसन्धान,* काठमाडौः परम पूजनीय गुरु श्री नर-नारायण बाबा आश्रम सेवा संस्था ।

बन्जरा, बालकृष्ण (२०७५). *शिवलिङ्ग महात्म्य,* काठमाडौः न्यू नेपाल प्रेस ।

बन्जरा, बालकृष्ण (२०७५). *शिवलिङ्ग महात्म्य,* काठमाडौँः श्रीमती शारदा शर्मा ।

वन्धु, चुडामणि (२०६६). *नेपाली लोक साहित्य,* काठमाडौः एकता बुक्स एण्ड डिष्ट्रीब्युटर्स ।

बन्धु, चुडामणि (२०७४). नेपालका अल्पसङ्ख्याक जातिहरूको अमूर्त सांस्कृतिक सम्पदा, *मधुपर्क,* अमूर्त संस्कृतिक विशेषाङ्क), काठमाडौः गोरखापत्र संस्थान ५०, ५७६ (१)ः ४३-४५ ।

व्यास (इ.२०१२). *ऋग्वेद,* (अनु.), काठमाडौँः प्रसन्न्चन्द्र गौतम, कुलचन्द्र गौतम स्मृति प्रतिष्ठान ।

भट्टराई, घटराज (२०६७). *नेपालका धार्मिक स्थलहरू* (साँस्कृतिक कोश), काठमाडौः विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, जगदीशचन्द्र (२०२६). *लिच्छवि संस्कृति,* काठमाडौं: रत्न पुस्तक भण्डार ।

रेग्मी, जगदिशचन्द्र र धमला, टी. पी (२०७१). *नेपालको धार्मिक इतिहास* ( प्राचीन र मध्यकालीन ), काठमाडौं: विद्यार्थी पुस्तक भण्डार ।

लैनसिह, वाग्देल (२०३९). *प्राचीन नेपाली मूर्तिकलाको इतिहास,* काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सापकोटा, लिलानाथ (२०७२). *विश्वका प्रमुख धर्म,* काठमाडौं:नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, डिल्लीराज,(जु.१९९९). गोसाँइकुण्डः एक साँस्कृतिक अध्ययन *सिनास जर्नल,* भोल.२६,नं. २ पृ.२६९-२७० ।

क्षेत्री,गणेशप्रसाद र खतिवडा सोमप्रसाद, (२०५४). *हिन्दु समाज र धर्म,* शिवा प्रकाशन, विराटनगर ।

Bhandarkar, D.R (1940). *Some Aspects of Ancient Indian Culture*. Madras: Indological Book House

Bhandarkar, R.G (1965). *Vaishnavism Saivism and Minor Religious System*.Baranasi: Indological Book House.

Bhusan, B. & Sachadev, D.R. (2003). *An Introduction to Sociology*, Alahbad: Kitab Mahal.

Levi, S. (2036). The Local Divinities, *Prachin Nepal*, Kathmandu: DoA. (53-56): 8-9.

Rao, T.A. Gopinath (1985). *Element of Hindu Iconography*, vol. II, part I, Delhi:Motilal Banarasidass.

Regmi, D.R. (1960). *Ancient Nepal*, Calcutta: firma K.L. mukhopadhya

Roy, I.B. (2005). *Anthropology the Study of Man*, New Delhi: S. Chand & Company Ltd.

UNESCO (2003). *Convention for the Safe Guarding of the Intengible Cultural Heritage 2003*. Kathmandu: UNESCO.

Wheeler, M (1968). *The Indus Valley Civilization*, Cambridge: Cambridge University Press.